
# पुँजीवाद: एक परिचय

एमन बटलर

अनुवाद : मुराहरि पराजुली



# पुँजीवाद

## एक परिचय

एमन बटलर

**फाइनप्रिन्ट बुक्स**
**फाइनप्रिन्ट प्रा. लि.**
**कर्पोरेट तथा सम्पादकीय कार्यालय**
**विशाल बस्ती "क", विशालनगर, काठमाडौं**
**पोस्ट बक्स : १९०४१**
**फोन : + ९७७ - १ - ४४४३२६३**
**इमेल** : info@fineprint.com.np
**वेबसाइट** : www.fineprint.com.np

First published by
फाइनप्रिन्टद्वारा प्रथम पटक प्रकाशित २०७६

**सर्वाधिकार © फाइनप्रिन्ट**
ISBN: 978-9937-665-

यस पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै माध्यमद्वारा पुनरूत्पादन, फोटोकपी वा प्रसारण गर्न पाइनेछैन । कसैले त्यसो गरेको पाइए प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारबाही गरिनेछ ।

PUJIBAD BY EAMONN BUTLER

# विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. के हो पुँजीवाद | ५ |
| ३. के हो पुँजी | १७ |
| ४. पुँजी कसरी बनाइन्छ | ३० |
| ५. पुँजी सङ्रचना किन महत्वपूर्ण छ | ४१ |
| ६. पुँजीवादलाई केले काम लाग्ने बनाउँछ | ५१ |
| ७. पुँजीवादको नैतिक आयाम | ६४ |
| ८. छोटो कथा पुँजीवादको | ७६ |
| ९. महान पुँजीवादी चिन्तक | ७७ |
| १०. आलोचक र आलोचना | १०१ |
| ११. पुँजीवादको भविष्य | ११४ |
| १२. थप सामग्री | १२६ |

# १. परिचय

## के हो यो पुस्तक

पुँजीवाद के हो, यसले कसरी काम गर्छ, यसका सबल तथा दुर्बल पक्ष के हुन् भनेर सरल र सही ढंगले व्याख्या गर्ने पुस्तक पाउन गाह्रो छ ।

पुँजीवाद शब्दको निर्माण नै गाली गर्नका लागि भएको थियो । अहिले पनि अधिकांश पुस्तकले पुँजीवादप्रति शत्रुवत व्यवहार गर्छन्, वा यसको भ्रामक तथा विरूप चित्रण गर्छन् । पुँजीवाद यति व्याप्त छ कि यसकै समर्थकहरूले पनि यो असलमा के हो भन्ने बुझ्न सकेका छैनन् । त्यसैले उनीहरू वास्तविकता बताउनभन्दा बरू त्यही विरूपताको प्रतिरक्षा गर्न पुगेका छन् ।

त्यसैले पुँजीवादलाई सरल र सटिक तवरले अर्थ्याउने सङ्क्षिप्त दिग्दर्शनको खाँचो छ । यो पुस्तक त्यही दिग्दर्शन हो ।

## के छ यो पुस्तकमा

यस पुस्तकले पुँजीवाद प्रतिको पूर्वाग्रह र विरूपताहरूलाई चिरफार गरेर पुँजीवाद वास्तवमा के हो र के होइन भन्ने

प्रस्ट्याउँछ । पुँजीवादको मुख्य मर्मलाई बुझ्न सकियोस् भन्नका लागि पुस्तकले पुँजीवादमाथि आलोचकहरूले थोपरेका भ्रमका पत्रहरू हटाइदिन्छ ।

पुस्तकले पुँजी के हो, यसले कस्तो रूप लिन्छ, यो किन र कसरी अस्तित्वमा आउँछ, यसका उद्देश्य, प्रयोग र प्रभाव के हुन इत्यादिको निर्क्यौल गर्छ । यसले  पुँजीवाद तथा यसलाई टेवा दिने सङ्स्थाहरूको आर्थिक, सामाजिक तथा नैतिक स्वभावलाई पहिल्याउँछ ।

पुस्तकले पुँजीवादको इतिहास केलाउँछ, यसलाई समर्थन गर्नेहरूका मुख्य विचारको व्याख्या गर्दछ, र आलोचनाहरूको समीक्षा गर्दछ । यसले पुँजीवादको सबल तथा दुर्बल पक्ष तथा भविष्यको सही मूल्यांकन उपलब्ध गराउँछ ।

## पुस्तक कसका लागि

यो पुस्तक सिधा र सरल भाषामा लेखिएको छ । यसमा न प्राज्ञिक ठेलीमा भेटिने क्लिष्ट र प्राविधिक भाषा छन्, न पाददटिप्पणी र शब्दावली नै । यसको लक्ष्य पुँजीवाद असलमा के हो भनेर बुझ्न खोज्नेलाई सहयोग गर्ने हो । पुँजीवाद बुझिसकेको छु भन्नेलाई पनि अझ राम्ररी बुझ्न यसले सहयोग गर्दछ ।

पुस्तकले स्कुल र कलेजका विद्यार्थीलाई पुँजीवाद राम्ररी बुझ्न पक्कै सघाउँछ । सामान्यतया पुँजीवादप्रति वैरभाव राख्ने कलेज अध्यापकसँग तिखा प्रश्न गर्न पनि विद्यार्थीलाई यसले सघाउँछ ।

पुस्तक आर्थिक तथा राजनीतिक विचारहरूमा चासो राख्ने तथा ती विचार र तर्कलाई सजिलै बुझ्न चाहने व्यापारी, राजनीतिज्ञ तथा सर्वसाधारणका लागि पनि पहुँचयोग्य छ ।

## पुँजीवाद र लेखक

थोरै लेखकले मात्रै पुँजीवादप्रतिको पूर्वाग्रह व्यक्त गर्छन, वा आफ्ना पूर्वाग्रह महसुस नै गर्छन् । त्यसैले उनीहरू पाठकलाई आफ्ना भ्रान्तितर्फ डोऱ्याउँदै ति नै वस्तुगत दृष्टिकोण हुन भन्ने भ्रममा छोडिदिन्छन् ।

म पुँजीवादी आदर्श (यद्यपि ती सधैं यथार्थमा परिणत भएका हुदैनन्) को समर्थक हुँ भन्ने कुरालाई सहर्ष स्वीकार गर्छु । पुँजीवाद आधारभूत रूपमा अनैतिक र असामाजिक हो भन्ने धारणालाई म अस्विकार गर्छु । बरू म के ठान्दछु भने राजनीतिकर्मीहरूको हस्तक्षेपबाट पुँजीवाद बेस्सरी विकृत भएको छ र उत्पन्न परिमाणको दोष अन्यायपूर्वक यसमाथि थोपरिएको छ । तर विकृत अवस्थामै पनि पुँजीवादले सङ्सारभर समृद्धि फैलाएको छ ।

त्यसैले म पुँजीवादी आदर्शप्रति सहानुभुति राख्छु र यसका अवधारणा र यथार्थमाथि हुने आलोचनाप्रति सजग रहन्छु । ती आलोचनाहरूलाई यहाँ सम्बोधन गर्दै गर्दा मैले यो बहसलाई सन्तुलित बनाउने र पाठकसमक्ष पुँजीवाद वास्तवमा के हो भन्ने न्यायपूर्ण व्याख्या दिने जमर्को गर्नेछु ।

## पुस्तकको सङ्रचना कस्तो छ

पुँजीवाद के हो र के होइन भन्नेबाट पुस्तकको थालनी गरिएको छ । त्यसपछि पुँजी के हो, कहाँबाट आउँछ, के गर्छ, हामीलाई किन आवश्यक छ र समर्थक तथा आलोचकहरूले प्राय: छुटाउने गरेको समुदायको पुँजी सङ्रचना तथा अन्तरसम्बन्धको खास महत्वको व्याख्या गरिएको छ ।

त्यसपछि पुँजीवादलाई कामकाजी बनाउन गर्नुपर्ने कुराहरू, सम्पत्तिको स्वभाव र भूमिका, स्वामित्व, प्रोत्साहन, प्रतिस्पर्धा, बजार, सङ्स्थाहरू तथा राज्यका बारेमा चर्चा गरिएको गर्छ । त्यसपछि पुँजीवादको नैतिकताका बारेमा गरिएका आलोचना सँगसँगै कहिलेकाहीँ मात्र सुनिने यसको सकारात्मक नैतिक दृष्टि र प्रभावको समीक्षा गरिएको छ । त्यसपछि पुँजीवादको ऐतिहासिक सन्दर्भको चर्चा गरिएको छ । पुँजीवादी आदर्श तथा सिद्धान्तको रचना गर्न सहयोग पुऱ्याएको आर्थिक प्रणाली तथा यसलाई गम्भीर ढंगले सङ्कुचित र विकृत बनाउने राजनीतिक हस्तक्षेपहरूलाई केल्याइएको छ ।

त्यसपछि पुँजीवादी अवधारणाका अग्रणी विद्वानहरूका विचारहरूको सङ्क्षिप्त चर्चा गरिएको छ भने आलोचकहरूले उठाएका प्रश्नहरूलाई सम्बोधन गरिएको छ ।

अन्त्यमा पुँजीवादको भविष्य पहिल्याउनु र यो रोमाञ्चक विषयमा थप प्रकाश पार्ने स्रोतको सङ्क्षिप्त सूची पाठकहरूमाझ पस्कनुअघि यसका सबल तथा दुर्बल पक्ष, अवसर र जोखिमहरूको रूपरेखा कोरिएको छ ।

# २. के हो पुँजीवाद

## यथार्थ र भ्रम

जसरी व्याख्या गरिएपनि पुँजीवादले मानवीय सम्पत्ति र जीवनस्तरमा व्यापक उन्नति ल्याएको छ । सन १७६०को दशकको औद्योगिक क्रान्तिको उदयसम्म मानव जीवनमा खासै परिवर्तन आएको थिएन । फारोहका पालादेखि अपरिवर्तित विधिको प्रयोग गर्दै अधिकांश मानिस खेतबारीमा काम गर्थे । अमेरिकी आर्थिक इतिहासकार डेइर्ड्रे म्याकक्लस्कीका अनुसार सन १८०० मा विश्व जनसङ्ख्याको औसत आम्दानी प्रतिदिन एकदेखि पाँच डलर थियो । अहिले यो औसत झण्डै ५० डलर पुगेको छ । यो औसत आम्दानीले केही पुँजीवादी मुलुकहरूले हासिल गरेको उच्च समृद्धिलाई ओझेलमा पारेको छ । केही पुँजीवाद विरोधी मुलुकहरू अझैपनि प्रतिदिन औसत आम्दानी एकदेखि पाँच डलरमै सीमित छन भने स्विजरल्यान्ड, अस्ट्रेलिया, क्यानडा र बेलायतजस्ता पुँजीवादी मुलुकको औसत आम्दानी प्रतिदिन ९० डलरभन्दा माथि पुगेको छ । सङ्युक्त राज्य अमेरिकाको औसत आम्दानी प्रतिदिन एक सय डलरभन्दा माथि छ । यसको मतलब आधुनिक अमेरिकीहरू सन १८००का आफ्ना पुर्खाभन्दा २० देखि १०० गुणा धनी छन् ।

यो समृद्धि केही धनी मानिसमा मात्र सीमित भएको छैन । पुँजीवादी मुलुकमा कुनै बेला विलासी मानिएको उचित घरबास, सरसफाई, बिजुलीको न्यानो तथा प्रकाश, लुगाफाटा, यात्रा, घुमफिर, मनोरञ्जन, ताजा मासु सबैजसोको पहुँचमा आएको छ । औद्योगिक उत्पादन तथा घरायसी कामका कठिन कार्यहरू मेसिनले गर्छन । शिक्षा, स्वास्थ्य, शिशुहरू बाँच्ने दर तथा अपेक्षित आयुमा उल्लेख्य सुधार आएको छ ।

## पुँजीवादको उपेक्षा

यस प्रकारको महासमृद्धि ("ग्रेट इनेरिच्मेन्ट"–म्याकक्लस्कीको शब्द) निम्त्याए पनि पुँजीवादलाई हेय जनाउने शब्दको रूपमा परिणत गरिँदै आएको छ । पुँजी शब्दको जरो सन ११०० सम्म पुगेको भेटिन्छ । ल्याटिन शब्द क्यापिटाले (शिर जनाउने कापुट)को प्रयोग सुरूमा पशुधन र पछि वस्तु तथा पैसाका लागि गरिन्थ्यो । पुँजीको स्वामी जनाउन सन् १६०० मा क्यापिटलिस्ट शब्दको प्रयोग गरियो । तर, औद्योगिक क्रान्तिले सम्पन्नता निम्त्याएको भए पनि १८६७ सम्ममा जर्मन राजनीतिक चिन्तक कार्ल मार्क्स (१८१८–८३) ले उनको पुस्तक दास क्यापिटल मा "पुँजीवादी उत्पादन विधि" हिजोआज भनिने पुँजीवादको खेदो खन्न थालिसकेका थिए ।

मार्क्सको त्यो आक्रमण निकै सफल रह्यो, किनकि उनको त्यो खरो अभिव्यक्तिले अहिले पनि बहसलाई आकार दिइरहेको छ । धेरै मानिस अहिले पनि पुँजीवादलाई स्वार्थ, लोभ तथा अर्काको वास्ता नगर्ने असामाजिक तथा अनैतिक उद्देश्यसँग जोडिएको मान्दछन । ती उद्देश्यबाट समाजको हित हुँदैन भन्ने धारणाअनुरूप नै प्रायः पुँजीवादलाई जोडेर व्याख्या गरिएको हुन्छ । अर्कोतिर, समाजवादलाई परोपकार, सहकार्य, सहिष्णुताजस्ता असल उद्देश्यमा

आधारित मानिन्छ र यसले असल सामाजिक नतिजा दिने अपेक्षा गरिन्छ ।

तर व्यक्तिगत उद्देश्य र सामाजिक नतिजाबीचको सम्बन्ध त्यति सपाट हुदैन । उदाहरणका लागि स्कटल्यान्डका दार्शनिक तथा अर्थशास्त्री एडम स्मिथ (१७२३-९०) ले कसरी निजी स्वार्थबाट लाभदायी सामाजिक नतिजा हात पर्छ भन्ने देखाएका छन् भने रूसी मुलकी अमेरिकी लेखक आयन रान्ड (१९०५-८२) ले परोपकारिताले सामाजिक विकृति मात्र उत्पादन गर्ने दाबी गरेकी छन् । यहाँ समाजवाद वा पुँजीवाद अन्तर्गत सर्वसाधारणलाई प्रेरित गर्ने उद्देश्यमाथि ध्यान केन्द्रीत गर्न र तिनले कस्तो नतिजा ल्याउँछन भन्ने पहिल्याउनु महत्वपूर्ण हुन आउँछ ।

पुँजीवादका आलोचकहरूको अर्को आम गल्ती वा छल भनेको समाजवादी आदर्शलाई पुँजीवादी यथार्थसँग तुलना गर्ने हो । उनीहरू प्रायः "वास्तविक समाजवादी आदर्शलाई कहिल्यै पनि अभ्यासमा नल्याइएको" बहाना बनाउँछन् । त्यसरी समाजवादलाई शुद्ध र पवित्र भन्दै चित्रण गरिन्छ भने पुँजीवादमाथि हालसालैको आर्थिक इतिहासमा भएका सबै खाले बदनियत, अभ्यास र नतिजाको दोष थोपरिन्छ । सिद्धान्तलाई अभ्याससँग तुलना गर्नु वैध होइन । सिद्धान्तलाई सिद्धान्तसँग र नतिजालाई नतिजासँगै तुलना गर्नुपर्छ । यसो गर्दा दुवै परीक्षणमा आफुहरूले जित्ने दाबी पुँजीवाद समर्थकहरू गर्छन ।

अरू पनि थुप्रै मिथक र भ्रमहरू छन् । जस्तै, पुँजीवाद अन्तर्गत पुँजीमाथि मुट्ठीभर मानिसको मात्र स्वामित्व र कब्जा रहन्छ भन्ने दाबी गरिन्छ । आउँदो अध्यायले प्रस्ट्याउनेछ कि यो गलत हो । हामी सबैजना धेरथोर मात्रामा पुँजीका स्वामी हौं । पुँजीवाद भनेकै ज्यालादारी मजदुर प्रयोग गरेर बृहत उत्पादन गर्ने तरिका

हो भन्दै बहसलाई सामाजिक वर्ग र शोषणतर्फ मोड्ने गरिएको छ । फेरि गलत, धेरैजसो पुँजीवादी उद्यम ससाना कम्पनी र खुद्रा व्यापारी हुन्छन् । पुँजीवादलाई धेरैजसो नाफा र बजारका रूपमा पहिचान गरिन्छ । यी त अरू व्यवस्थामा पनि हुन्छन् नि ! पुँजीवादलाई एकाधिकार र आसेपासे प्रवृत्तिसँग जोडिन्छ । यी पनि पुँजीवादका विशिष्ट चरित्र होइनन् बरू पुँजीवादमा राजनीतिक हस्तक्षेपले यीनलाई प्रोत्साहन गरेका भने हुन् ।

## परिभाषाका समस्या

त्यसैले पुँजीवादको यथार्थपरक परिभाषा गर्न ढिलो भइसकेको छ । यसका लागि हामीले पूर्वाग्रहलाई त्यागेर वास्तविक अवधारणाको पहिचान गर्नुपर्छ ।

पुँजीवाद भन्ने शब्दले नै केही सङ्केत गर्छ । यसको पुँजी भन्ने पदले यो पुँजी सम्बन्धी केही हो भन्छ । वादले यो बृहत जीवन शैलीसँग जोडिएको छ भन्ने बुझाउँछ । यसलाई प्रणाली भन्न सकिन्छ तर प्रणालीले पुँजीवाद भन्दा पनि बढी केन्द्रीय रूपमा योजनावद्ध र व्यवस्थापन गरिएको कुराको अर्थ दिन्छ । तात्विक रूपमा पुँजीवाद भनेको पुँजीको उपयोग गर्ने एउटा जीवन शैली नै हो ।

पुँजी शब्दले एउटा अवधारणालाई बुझाउँछ । यो खासगरी पुँजीगत वस्तुको समग्रताको सार हो । जसरी हामी चिल, लामखुट्टे, बाघ, माकुरो, जुका वा डल्फिनको खास अस्तित्वलाई बुझाउन प्राणी शब्दको प्रयोग गर्छौं, त्यसैगरी औजार, मेसिन र वित्तजस्ता पुँजीगत वस्तुलाई बुझाउन पुँजीको प्रयोग गर्छौं । तर यो कुनै ठूलो व्यवसायको ठूलो कारखाना, मिल वा उत्पादन क्षेत्रमा मात्रै सीमित हुँदैन । पुँजीगत वस्तु विकसित सङ्सारमा वरपरका सबै घर (वासिङ्ग मेसिन, भ्याकुम क्लिनर), कार्यालय

(कम्प्युटर, फोन), पसल (नगदी किताब, सोकेस), थियटर, विद्यालय, अस्पताल सबैतिर हुन्छन ।

पुँजीको उपयोग एक जीवनशैली किन हो ? किनभने पुँजीगत वस्तुले हामीले चाहेको वस्तु उत्पादन गर्ने कार्यमा दक्षता ल्याउन सहयोग पुऱ्याउँछन् । उदाहरणका लागि हामीले धेरै शारिरीक परिश्रम नगरिकनै मेसिनको प्रयोग गरेर धेरै पाउरोटी बनाउन सक्छौं । यसका लागि खेतमा औजार प्रयोग गरेर धेरै गहुँ लगाउन सक्छौं र काट्न सक्छौं, बिजुलीले चल्ने मिलमा गहुँ कुटेर पिठो निकाल्न सक्छौ र त्यसपछि पिठो मुछ्न सक्छौं ।

## पुँजीवादको बृहत सम्बन्ध

अर्थशास्त्रीहरू प्रायः भूमि र श्रमलाई पुँजीगत वस्तुमा गणना गर्दैनन् । उनीहरू पुँजीगत वस्तुलाई प्राकृतिक स्रोत नभएर उत्पादकत्व वृद्धि गर्ने उद्देश्यका लागि कसैले निर्माण गरेको स्रोत मान्दछन् । पुँजीगत वस्तु रूख, कच्चा फलामजस्ता प्राकृतिक वस्तुबाटै पैदा हुने भए पनि तिनलाई कसैले बेल्चा वा बञ्चरो बनाउनै पर्छ ।

त्यसैले कसैको स्वामित्वमा नभएको वनजंगल वा मरूभूमि पुँजीगत वस्तु हुन सक्दैनन् । कसैले तिनको सिर्जनाका लागि समय र ऊर्जा लगानी गर्नुपर्छ । यसरी कसैले पुँजीगत वस्तु सिर्जना गर्छ भने उसले त्यसलाई आफ्नो निजी सम्पत्ति बनाउनु स्वाभाविक हुन आउँछ । किनभने उसको पहल उक्त पुँजीगत वस्तुको अपरिहार्य पक्ष हो । त्यस्तो पहल हुदैन्थ्यो भने उक्त वस्तु अस्तित्वमै आउँदैन्थ्यो । तसर्थ पुँजीको अवधारणले पुँजीगत वस्तु निजी स्वामित्वको हो भन्ने अर्थ लगाउँछ वा कमसेकम सङ्केत गर्छ ।

यसको अर्थ सामान्यतया "धनी पुँजीवादी" व्यंग्य गरेर भनिने जस्तो गरी केही धनी व्यक्तिहरूको स्वामित्वमा पुँजी हुन्छ भन्ने होइन । यस बिपरीत पुँजीगत वस्तुको रचना जोसुकैले गर्न सक्छ र आफ्नो अधिनमा राख्न सक्छ । सहकारीजस्ता व्यक्तिहरूको समूह वा कम्पनीले पनि त्यसो गर्न सक्छन् । (कसैकसैले राज्य पुँजीवादको चर्चा गर्छन जहाँ सरकारले उद्यम स्वामित्वमा लिन्छ र सञ्चालन गर्छ । यद्यपि यो पुँजीवाद शब्दको सामान्य प्रयोगसँग त्यति मेल खाएको देखिँदैन ।) पुँजीगत वस्तु व्यक्ति वा बलियो आपसी सम्बन्ध भएको व्यक्तिहरूको समूहको निजी स्वामित्व र अधिनमा रहेको अवस्थामा पुँजीवादले उत्तम रूपमा काम गर्न सक्छ । निजी स्वामित्व पुँजीवादको विशिष्ट वा अपरिहार्य तत्व नहुन सक्छ, तथापि यो सामान्यतया पुँजीवादसँग घनिष्ट रूपले सम्बद्ध रहेको हुन्छ ।

पुँजीवादलाई सामान्यतया बजारमार्फत वस्तु वितरण गर्ने पद्धतिसँग जोडेर हेर्ने गरिन्छ । तर बजार र पुँजीवाद एउटै होइनन् । पुँजीवाद भनेको आर्थिक वस्तुको उत्पादन हो भने बजार तिनको वितरण । यी दुईका बिचमा अलमलिँदा पुँजीवाद के हो र यसले कसरी काम गर्छ भन्ने विषयमा ठूलो भ्रम पैदा हुन्छ ।

बजार भनेको पुँजीवादको मात्रै होइन, उत्पादनका अन्य प्रणालीले पनि यसको उपयोग गर्छन । बजार पुँजीवादको लागि अपरिहार्य पनि होइन । पुँजीवादी प्रणालीले उत्पादन गरेका वस्तु सरकारी निर्देशन वा चिट्ठा जस्ता अन्य तरिकाबाट पनि वितरण गरिन सक्छन् । तर पुँजीवादी प्रणाली वस्तु उत्पादनमा एकदम प्रभावकारी भएकैले पनि यसका लागि प्रभावकारी वितरण माध्यम भने फेला पार्नै पर्छ । विशिष्ट पुँजीगत वस्तुको उपयोगले मानिसलाई पर्याप्त बचत हुने गरी उत्पादन गर्न र बचेको वस्तु व्यापार गर्न सक्ने बनाउँछ । बजार नै सबैभन्दा प्रभावकारी वितरण

माध्यम भएकाले सामान्यतया बजार र पुँजीवाद एक अर्काका परिपुरक झैं रहन्छन् ।

## जुन कुरा पुँजीवादका लागि अपरिहार्य होइनन्

मार्क्सबाट प्रभावित धेरै लेखक पुँजीवाद अनिवार्य रूपमा ज्याला व्यवस्थामा आधारित हुनुपर्छ भन्ने मान्यता राख्छन् । उनीहरूका अनुसार पुँजीपति उद्यमीले मेसिन, कारखानालगायतका पुँजीगत वस्तु जम्मा पार्छन र त्यसलाई सञ्चालनको लागि कामदारहरूको जत्थालाई भर्ती गर्छन । पुँजीवाद बारे यस्तो धारणाका कारण ती लेखकले उद्यमीको नाफा र कामदारको ज्यालाबीच द्वन्द्वको आधार देख्छन्  यसैलाई उनीहरू वर्ग विभाजनको आधार मान्छन, जसमा पुँजीपतिहरू बाट मजदुरहरूको शोषण हुन्छ ।

यो दृष्टिकोण गलत हो । पुँजीवाद अनिवार्य रूपमा ज्याला व्यवस्थामा आधारित हुदैन, वर्गीय विभाजन हुनैपर्छ भन्ने पनि छैन । कसैलाई नोकरी नदिने एकल व्यवसायीले पनि पुँजीगत वस्तु जम्मा पारेको हुन्छ । कुमालेले चक्र र भट्टीमा, पसलेले बहीखातामा, परामर्शदाताले कम्प्युटर र फोनमा लगानी गरेकै हुन्छ। अझ ठुल्ठूला उद्यमहरू पुरै मेसिनले चलेको पनि कल्पना गर्न सकिने भएको छ । मोटरगाडी उत्पादन, अनलाईन किनबेच, वित्तीय कारोबारलगायतका क्षेत्रमा वस्तु पुऱ्याउन रोबोटको प्रयोग बढ्दो छ । वास्तवमा पुँजीवादी समाज नै सबैभन्दा खुल्ला, सामाजिक रूपमा गतिशील र न्यून वर्गीय विभाजन हुन्छ ।

एकाधिकार पनि पुँजीवादको अभिन्न अङ्ग होइन । मार्क्सले आकारको लाभका कारण पुँजीपति उद्यमी अवश्यमेव भिमकाय एकाधिकारीमा रूपान्तरण हुन्छ भन्ने सोचेका थिए । तर व्यवहारमा आकारको हानी पनि हुन्छ, ठूला उद्योग व्यवस्थापन गर्न कठिन हुन्छ, प्रविधि तथा उपभोक्ताको रूचिमा हुने परिवर्तनलाई अँगाल्ने

विषयमा सुस्त हुन्छ । यसले साना र हलुका ठानिएका प्रतिस्पर्धीलाई ठूलाको व्यवसाय खोस्ने अवसर दिन्छ । उत्पादकहरूले प्रायः राजनीतिक प्रभाव प्रयोग गरेर बजारलाई आफ्नो पक्षमा ल्याउने प्रयास गर्ने कुरा साँचो हो, तर यो तरिका पुँजीवादी अवधारणाको एकदम बिपरित हो, हिस्सा होइन । साँचो पुँजीवादमा व्यवसाय विस्तार गर्ने एउटै बाटो भनेको सर्वसाधारणले खरिद गर्न चाहेको सेवा वा वस्तु उपलब्ध गराउने हो । प्रविधि र उपभोक्ताको रूचिमा भइरहने तीब्र परिवर्तनका कारण एकाधिकार कायम राख्न धेरैलाई कठिन हुन्छ ।

## जुन कुरा पुँजीवाद विशिष्ट होइनन्

केही त्यस्ता कुरा छन् जसलाई आलोचकहरू पुँजीवादका अपरिहार्य मात्र नभएर विशिष्ट गुण नै हुन् भन्ने सोच्छन् र लेख्छन् । तर यथार्थ त्यस्तो होइन । यो एक अर्को अलमल वा झुठ हो जसले पुँजीवादको प्रतिष्ठामा आघात पुऱ्याइरहेको छ ।

उदाहरणका लागि, पुँजीवाद भनेको नाफाको लागि मात्र हो भन्ने प्रायः लेखेको पाइन्छ, र नाफालाई खराब हो भनिन्छ । यी दुवै गलत हुन् । नाफा भनेको कुनै चिजमा लगाएको मूल्यभन्दा त्यसबाट प्राप्त हुने मूल्य बढी भएको अवस्था हो । तर नाफा पैसा मात्र होइन । हाम्रो जीवनको हरेक पक्षमा हामी गैर वित्तीय नाफालाई प्रोत्साहित गरिरहेका हुन्छौं । यदि हामी कठिन यात्रा गरी हिमाल चढ्छौं अनि मनोरम दृष्य देख्न पाउँछौ वा कुनै प्रवचन सुन्छौं र बडो दिलचस्प कुरा थाहा पाउँछौं भने आफ्ना कदमबाट लाभान्वित भएको अनुभुति गर्छौं । कुनै पनि आर्थिक प्रणाली पुँजीवादी होस वा अरू कुनै बाट मानिसहरू यस्तै मूल्य वृद्धि गर्न चाहन्छन् । समय, ऊर्जा, स्रोत र जोखिमको लगानी हुने आर्थिक गतिविधिबाट प्राप्त हुने वस्तुको मूल्य उक्त वस्तु उत्पादनका

लागि प्रयोग भएको वस्तुको लागतभन्दा कम हुन गयो भने त्यो अर्थहिन हुन्छ ।

पुँजी पनि पुँजीवादको विशिष्ट कुरा होइन । उत्पादनका अरू रूपमा पनि पुँजीगत वस्तुको प्रयोग हुन्छ । सहज र प्रभावकारी उत्पादनका लागि आदिम समाजका हाते औजारदेखि आधुनिक समाजवादी अर्थव्यवस्थाका मिल तथा कारखानासम्ममा पुँजीगत वस्तु निर्माण र प्रयोग हँदै आएका छन् ।

प्रतिस्पर्धा : जसलाई विवादात्मक छनक दिन लागि पुँजीवादका आलोचकहरू "निर्मम प्रतिस्पर्धा" भन्छन् । यो पनि पुँजीवादको विशिष्ट तत्व होइन । अन्य व्यवस्थामा पनि मानिसलाई कडा परिश्रम गर्न, बढी उत्पादनशील, इमानदार र सिर्जनशील बन्न पुरस्कार (उदाहरणका लागि वित्तीय, राजनीतिक वा मानार्थ पदवी)का माध्यमबाट प्रतिस्पर्धा गराइन्छ ।

आसेपासेवाद पुँजीवादी मूल अवधारणाको अङ्ग होइन, र पुँजीवाद मात्रैको विशिष्ट चरित्र त हुँदै होइन । पुँजीवादी सिद्धान्तले अरूलाई लुट्नका लागि पुँजीपति र राजनीतिकर्मीबीच हुने अपवित्र गठबन्धनलाई स्वीकार्दैन । बरू ती सिद्धान्तहरूले कुनै व्यक्तिमाथि अन्य व्यक्ति, राज्य वा तीनका आसेपासेबाट हुन सक्ने जबरदस्ती र चोरीलाई सङ्कुचित बनाएका छन् । यथार्थमा समाजवादी समाजमा आसेपासेवादीलाई अझ धेरै अवसर हुन्छ । यस्तो समाज सञ्चालनका लागि राज्य ठूलो र शक्तिशाली हुनुपर्छ । त्यसैले त्यहाँ भ्रष्ट राजनीतिकर्मी र प्रशासकहरूबाट राज्यशक्तिको दुरूपयोग हुने सम्भावना उच्च हुन्छ ।

शोषण त पुँजीवादको अङ्ग हुँदै होइन । पुँजीवादले स्वेच्छिक विनिमयमार्फत लाभ उपलब्ध गराउँछ, मानिस निश्चित वस्तु खरिद वा उत्पादन वा उपभोग गर्न वाध्य बनाएर होइन । मानिस ज्यालाका लागि कसैको बँधुवा मजदुर हुँदैनन्,

उनीहरू आफ्ना लागि आफै काम गर्न सक्छन, उद्योगहरूले राज्यले माग गरेको चिजमात्रै उत्पादन गर्न वाध्य हुदैनन्, व्यक्तिलाई कुन वस्तु किन्ने, कुन नकिन्ने भन्ने निर्णय आफै गर्ने छुट हुन्छ । पुँजीवादमा विनिमय स्वेच्छिक हुने भएकाले दुवै पक्ष लाभान्वित हुने अवस्थामा मात्र किनबेच सम्भव हुन्छ । केटाकेटीले खेलौना साटेजस्तै स्वेच्छिक विनिमयको अवस्थामा दुवै पक्षले आफुले दिनेभन्दा पाउने वस्तुबाट लाई बढी मूल्यवान ठानेका हुन्छन् । यस्तो विनिमयमा दुवै पक्षले आफु लाभान्वित हुने देखेनन् भने कारोबार सम्भव हुदैन । पुँजीवादमा पनि यस्तै हुन्छ, लाभान्वित हुनका लागि उपभोक्ताले तिर्ने पैसाभन्दा उसले मूल्यवान ठानेको वस्तु तथा सेवा उत्पादकले उपलब्ध गराउनुपर्छ । रोजगारीका लागि कामदारले पाउने पारिश्रमिक उसले दिने समय र श्रमभन्दा बढी मूल्यवान ठानेको हुनुपर्छ । यस किसिमको स्वेच्छिक विनिमयले मानिसको शोषण गर्दैन बरू उनीहरूको अवस्थामा सुधार ल्याउँछ ।

अन्तमा, लोभ पुँजीवाद मात्रको विशिष्ट गुण होइन । यो सबै आर्थिक प्रणाली तथा पेशा क्षेत्रमा देखिने कुरा हो । निश्चित रूपमा पुँजीवाद आत्महितमा आधारित हुन्छ, जुन स्वाभाविक मानव चरित्र हो । आत्महितमा चासो नुहुँदो हो त हामी लामो समय बाँच्ने पनि थिएनौं । तर पुँजीवादले लोभलाई दण्डित गर्छ । स्वतन्त्र मानिसहरूलाई कुनै उत्पादक बेइमान छ, भरोसायोग्य छैन, अति आत्मकेन्द्रित छ तथा आफ्ना उपभोक्तालाई खासै ध्यान दिंदैन भन्ने लाग्यो भने त्यस्तासँग व्यवहार गर्दैनन् । प्रतिस्पर्धामुलक अर्थतन्त्रमा मानिसहरू अन्य आपूर्तिकर्ताकहाँ जान सक्छन् । त्यसैले बढी मूल्य असुल्ने पसललाई रोक्न हामीले "लोभ विरोधी" कानुन बनाउन पर्दैन, उपभोक्ताले नै

त्यस्तालाई परित्याग गर्छन । वास्तवमा पुँजीवाद सहकार्यमुखी हुन्छ, हामी सबै इमान्दार कारोबारको सहकार्यमार्फत लाभान्वित हुन्छौ, छलछामरहित कारोबार गर्ने मानिसहरूको सङ्सारमा हामी सबै जना बस्न चाहन्छौं ।

## पुँजीवादको परिभाषा

उसो भए पुँजीवादको परिभाषा कसरी गर्ने ? खासमा यो आर्थिक जीवनको सामान्य पद्धति हो जसमा मानिसहरू पुँजीगत वस्तु बनाउँछन र त्यसलाई सकेसम्म उत्पादनशील ढंगले आफु र अरूहरूले चाहना गर्ने वस्तु तथा सेवाको उत्पादन गर्ने कार्यका लागि प्रयोगमा ल्याउँछन ।

यो मूल परिभाषा इतर पुँजीवाद अरू कुराहरूसँग पनि जोडिएको हुन्छ, जुन यसका विशिष्ट र अपरिहार्य गुणहरू होइनन् । जस्तै, यसलाई सम्पत्तिमाथि व्यक्ति वा समूहहरूको स्वामित्वसँग जोड्ने गरिन्छ । सम्पत्ति प्राप्त गर्ने, रक्षा गर्ने वा कसैलाई दिने आदि सम्पत्तिको अधिकार पुँजीवादका लागि महत्वपूर्ण हुन्छ । किनभने यस्तो अधिकारले मानिसलाई उत्पादनशील वस्तु बनाउने र त्यसलाई निर्धक्क प्रयोगमा ल्याउने मनोबल प्रदान गर्छ ।

पुँजीवादलाई बजार विनिमयसँग पनि जोड्ने गरिन्छ । आर्थिक वस्तुहरूको वितरण गर्ने अरू विकल्प पनि छन, तर बजार विनिमयले पुँजीवादका उत्पादकहरू (जो आफैमा सबैभन्दा उत्पादनशील पनि हुन) ले सिर्जना गर्नसक्ने प्रतिफल सबैभन्दा प्रभावकारी ढंगले वितरण गर्छ । यसबाहेक बजार मूल्यले उत्पादकलाई उपभोक्ताको रूचिका बारेमा जानकारी दिइरहेको हुन्छ । उनीहरूलाई पुँजीगत स्रोत उपभोक्ताको तीनै चाहनालाई सकेसम्म किफायती ढंगले पूर्ति गर्ने गरी प्रयोगमा ल्याउन सहयोग पुऱ्याइरहेको हुन्छ ।

पुँजीवादलाई सामान्यतया आर्थिक जीवन पद्धतिका रूपमा हेर्ने गरिन्छ, यो आर्थिक वस्तुको सिर्जना तथा वितरणका बारेमा हो, नैतिक वा सामाजिक परिणामका बारेमा होइन भन्ने बुझिन्छ ।वास्तवमा यो एक समाज पद्धति हो, कतिपय हिसाबले मानवीय अन्तर्क्रियाका बारेमा हो ।

यो उच्च नैतिक प्रणाली पनि हो । पुँजीवादमा मानवीय सम्बन्ध लादिएका हुदैनन्, बरू ती स्वेच्छिक हुन्छन् ।

मानिसहरू आफुले इच्छाएको कुरामा लगानी सिर्जना, आपूर्ति, खरिद र बिक्री गर्छन् । कुनै सरकारको आदेशले उनीहरूको गतिविधि निर्देशित हुदैन, उनीहरूको आफ्नै निर्णय हुन्छ । निश्चित रूपमा राज्यको शक्ति यो सुनिश्चित गर्नमा खर्चिनुपर्छ कि कुनै व्यक्तिलाई कुनै कुराका लागि वाध्य पारिँदैन, लुटिइँदैन, ठगिइँदैन वा अरू किसिमले कानुन उल्लंघन गरिइँदैन । पुँजीवाद निर्देशनमा आधारित हुँदैन, बरू विधिको शासनमा आधारित हुन्छ जसमा सामान्य नियमहरू (इमान्दार कारोबार, करारको पालना, हिंसाको त्याग) सरकारी अधिकारी सहित सबैलाई लागु हुन्छ ।

तथापि, कुनै खेलमा जस्तो नियम पालना गर्दै अगाडि बढ्ने पुँजीवादमा कुनै निश्चित नतिजा पूर्वनिर्धारित हुदैन । मानवजातीको कुनै अपराध, मूर्ख्याइँ वा दुर्भाग्यका लागि यसलाई दोषी ठहऱ्याउन सकिँदैन । यसले जागरण वा समानताको वाचा गर्दैन । यसले सबै मानिसलाई धनी बनाउने कुरा गर्दैन (जबकि यसले बनाउँछ) । पुँजीवादले आर्थिक उत्पादकत्व वृद्धि गर्ने वाचा भने गर्छ । पुँजीवादमा यस्तो वृद्धिको अवसर सबैका लागि खुला गरिएको हुन्छ, मानिसलाई न्यायोचित र समान व्यवहार गरिन्छ, शोषण, ठगी, र हिंसा वर्जित गरिन्छन् ।

# ३. के हो पुँजी

## पुँजीको अवधारणा

हामीले बुझ्यौं, पुँजी एक भाववाचक अवधारणा हो, जनावर भनेजस्तै । तर धेरै मानिसले जनावर देखेपछि यो जनावर हो भन्ने सजिलै बुझे पनि थोरैलेमात्र पुँजी के हो भन्ने कुरा बुझ्दछन्, त्यो पुँजी उनीहरूकै भए पनि, वा उनीहरूले प्रयोग गर्ने नै भए पनि ।

धेरै मानिसले पुँजी भन्नाले ठूलो कारखाना, भवन, क्रेन, धातुका मेसिन तथा वित्तीय कोषजस्ता कुरालाई चित्रण गर्छन । यस्तो चित्रणले पुँजी थोरै धनाढ्यहरूको अधिनमा रहन्छ भन्ने अवधारणालाई टेवा दिन्छ । तर वास्तवमा विकसित मुलुकमा पुँजीगत वस्तु प्रायः सबैको अधिनमा हुन्छ, सबैले त्यसको प्रयोग गरिरहेका हुन्छन् र अझ धेरैले त्यसबाट लाभ पाइरहेका हुन्छन् । अझ पुँजीगत वस्तुलाई लोकतान्त्रिक नै पनि भन्न सकिन्छ ।

## पुँजीको उद्देश्य

सर्वप्रथम पुँजी अस्तित्वमा आउँछ नै किन भन्ने प्रश्न सोध्नु जायज हुन आउँछ । यसको जवाफ पुँजीगत वस्तुले बढी किफायती ढंगले हाम्रो आवश्यकता तथा चाहनाका अनेकौं वस्तु तथा सेवा उत्पादन गर्न मद्दत गर्छ भन्ने हो । यसले लुगाकपडा, खाना,

आवास, प्रकाश, इन्धन, औषधी, शिक्षा, खेलौना, सवारी साधन, कुराकानीका साधन, कला, मनोरञ्जन लगायत हामीले चाहेका धेरै थोक पुँजी नहुँदाको अवस्थामा भन्दा सस्तो र द्रुत गतिमा उत्पादन गर्ने बाटो खोल्छ ।

वस्तुहरूबाट आनन्द प्राप्त गर्नका लागि उत्पादन गरिन्छ भन्ने कुरा यहाँनेर सम्झनु पर्दछ । स्कटल्यान्डका अर्थशास्त्री एडम स्मिथ (१७२३-९०) का अनुसार "उत्पादनको एक मात्र उद्देश्य उपभोग हो" । तापनि पुँजीवादका धेरै आलोचकहरू उत्पादनको पुनर्संरचना कसरी गर्ने भन्ने कुरामा ध्यान केन्द्रीत गर्छन, वस्तु उत्पादन नै किन गर्ने र कुन वस्तु उत्पादन गर्ने भन्ने कुरालाई बेवास्ता गर्छन । तर हाम्रा समय, प्रयास र बौद्धिक ऊर्जा बहुमूल्य छन् यीनलाई यसै खेर फाल्नु हुँदैन । हामीले चाहेको वा हामीलाई आवश्यक परेको वस्तु उत्पादनमा ध्यान केन्द्रीत गर्नुपर्छ र ती उत्पादनलाई सकेसम्म चुस्त, सस्तो र सरल बनाउनुपर्छ ।

## पुँजीले उत्पादकत्व कसरी बढाउँछ

हामी पुँजी सिर्जना गर्छौं अनि प्रयोग गर्छौं किनकी यसले हामीलाई अझ बढी उत्पादनशील बनाउँछ । उदाहरणका लागि हामीले खाली हातभन्दा डुंगा र जालीको प्रयोग गऱ्यौं भने बढी माछा मार्न सक्छौं । ट्र्याक्टर र अरू मेसिनको प्रयोगले धेरै जमिनमा खेती गर्न सकिन्छ र कम मिहिनेतमै बढी उत्पादन हुन्छ । विद्युतीय लुमको प्रयोग गरेर छिटो र सस्तोमा धेरै कपडा बुन्न सकिन्छ । ट्रकको प्रयोग गरेर अति आवश्यक ठाउँमा सजिलै उत्पादित सामग्रीहरू पुऱ्याउन सकिन्छ ।

वास्तवमा, पुँजीगत वस्तुले उत्पादकत्वमा व्यापक सुधार ल्याउँछ, जसले हामीलाई वृहत परिमाण वा उच्च गुणस्तरका वस्तु धेरै सस्तो लागतमा उत्पादन गर्न सक्ने बनाउँछ । बेलायती

लेखक म्याट रिड्लीका अनुसार हाल प्रयोगमा रहेका विद्युतीय चिमले दिने प्रकाश सन १८०० को मैनबत्तीभन्दा ४३,२०० गुणा सस्तो पर्न आउँछ भने कृषि उत्पादन सन १९०० को भन्दा ६०० गुणा उच्च रहेको छ । लेखनदास लगाएर एउटा किताब लेख्नुपरे धनी मानिसले मात्रै त्यसो गर्न सक्थे, तर अहिले प्रिन्टिङ्ग प्रेसले एकैचोटी लाखौं छापिदिन्छन् । अझ, अनलाइनबाट त झन धेरै डाउनलोड पनि हुन्छन् । सुतीको कपडा कुनै बेला विलासी वस्तु हुन्थ्यो, तर औद्योगिक क्रान्ति ताकाको विद्युतीय तानले यसलाई सय गुणा सस्तो बनाइदियो र सङ्सारभरका मानिसलाई उपलब्ध गराइदियो । आजकल आउने नाडी घडी १९ औं शताब्दीमा हातले बनाइएका पकेट घडीभन्दा पातला, ठिक समय दिने र हजारा गुणा सस्ता छन् ।

पुँजीगत वस्तुले हामीलाई कतिपय त्यस्ता उत्पादन गर्न सघाएका छन्, जुन तिनका बिना उत्पादन गर्न सम्भव हुँदैनथ्यो । युरोपेली र अमेरिकीहरू अहिले अचार बनाइएको नभइ ताजै आँप खान्छन्, जसको श्रेय चिस्यान सहितको ढुवानीलाई र हवाई ढुवानीलाई जान्छ । स्मार्टफोन प्रयोग गरेर सङ्सारको अर्को भागमा रहेका मानिससँग कारोबार गर्न सक्ने भएका छौं, यात्रारत अवस्थामा साथीहरूसँग कुरा गर्न, समाचार, सूचना तथा मनोरञ्जनको ठूलो भण्डारबाट चाहिए अनुसार सामाग्री लिन सक्छौं । यसो भनौं, विश्वकै सिम्फोनी समूहहरू हाम्रा खल्तीमा अटाएका छन् । नानो प्रविधिले हाम्रो आँखाले देख्न नसक्ने साना सोलार सेल उत्पादन गर्न सकिने बनाएको छ, किटाणु मार्नका लागि प्रकाशको प्रयोग हुन थालेको छ, आफ्नो आकारभन्दा १५ गुणासम्म तन्काउन सकिने कपडा उत्पादन भएको छ ।

हामीलाई प्रत्यक्ष उपभोगका लागि नयाँ, सस्ता, राम्रा र पर्याप्त वस्तु तथा सेवा उपलब्ध गराउनुका साथै पुँजीगत वस्तुले

उत्पादनका आगतहरूमा सुधार ल्याई ती वस्तु उत्पादनमा प्रयोग गर्न सघाउँछ । उदाहरणका लागि मेसिनले हामीलाई खानीबाट फलाम निकाल्न सघाउँछ । त्यही फलामलाई गालेर मोटरकार वा वासिङ्ग मेसिन वा हामीले दैनिक प्रयोगमा ल्याउने जार बनाउनका लागि आवश्यक सिसा उत्पादन गर्न वा जुत्ता, झ्यालढोकाका फ्रेम, खाट, डुंगा लगायतका सामाग्रीमा प्रयोग हुने पोलियुरेथानलाई चाहिने क्लोरिन उत्पादन गर्न सघाउँछ ।

## पुँजी सम्बन्धी पराम्परागत धारणा

**भौतिक पुँजी** : धेरै मानिस पुँजीगत वस्तु भन्नाले औजार, औद्योगिक यन्त्र, जहाज, कारखाना, कार्यालय, कम्प्युटर, ढुवानी गर्ने ट्रक आदि भौतिक वस्तुलाई सम्झन्छन् । यस्ता वस्तु नहुँदा भन्दा हुँदा छिटो, सजिलो र ठूलो परिमाणमा वस्तुहरू बनाउन र ढुवानी गर्न सजिलो हुने गरी उल्लेख्य रूपमा हाम्रो उत्पादकत्व बढाउन मद्दत गर्छन । यहाँसम्म कुरा सिधै छ ।

**तर प्रायः** पुँजीगत वस्तुको बजारले यी र अन्य पुँजीगत वस्तुको उत्पादकत्व थप वृद्धि गर्ने कुरालाई धेरैले नजरअन्दाज गरेका हुन्छन् । नयाँ र प्रयोग भइसकेका वस्तुको बजारले मेसिन, जहाज, सवारी साधन, औजार र भवन समेतलाई तिनीहरूको उच्चतम मूल्य प्राप्त हुने क्षेत्रतर्फ डोऱ्याउँछ ।

उदाहरणका लागि ब्याट्रीको प्रविधिमा आएको सुधारका कारण धेरै उत्पादकले सामान ढुवानीका लागि बढी विद्युतीय ट्रक र कम डिजेल ट्रकको प्रयोग सुरू गर्छन् किनभने यी ट्रक सस्ता, बढी भरपर्दा, आवाज कम गर्ने र स्वस्थ हुन्छन् । यो परिवर्तनबाट बजारले ट्रक बनाउनेहरू लाई एउटा सङ्केत दिन्छ, नयाँ मागलाई सम्बोधन गर्ने गरी कारखानाको पुनसर्ङ्रचना गर्ने, डिजेलको सट्टा विद्युतीय ट्रक उत्पादन गर्ने । यसैगरी

उनीहरूका आपूर्तिकर्ताले पनि डिजेल इन्जिनको कम बिक्री भइरहेको थाहा पाउँछन् र यसको विकल्पमा बढी बिक्री हुने वस्तु उत्पादन गर्न थाल्छन् । पुराना डिजेल ट्रक र इन्जिनहरूलाई थन्क्याइन्छन्, ताकि तिनको उत्पादनमा प्रयोग हुने धातुलाई अन्य उत्पादनशील प्रयोगमा लगाउन सकियोस् वा अझै त्यसको प्रयोग गर्न चाहने अरू ग्राहकलाई दोस्रो हाते सामानको मूल्यमा बेच्न सकियोस् । यसरी पुराना र नयाँ पुँजीगत वस्तुहरूलाई तिनीहरूको अधिकतम उपयोग हुने क्षेत्रमा स्वचालित रूपमा पुऱ्याइन्छन् ।

**वित्तीय पुँजी** : पुँजीको अर्को चीरपरिचित रूप भनेको वित्तीय पुँजी हो । उदाहरणका लागि कोष व्यवस्थापकहरूले बैंकबाट ऋण लिन्छन, जुन ती बैंकले बचतकर्ताबाट सङ्कलन गरेका हुन्छन् । उक्त ऋणलाई कुनै व्यवसाय सुरू गर्न वा भइरहेकोलाई विस्तार गर्न प्रयोग गरिन्छ । ती व्यवसायका लागि वित्त अरूजस्तै पुँजीगत वस्तु हो जसले उनीहरूलाई दक्षतापूर्वक उत्पादन गर्न वा ग्राहकको माग अनुसार उत्पादन बढाउन आवश्यक औजार खरिद गर्न सहयोग पुऱ्याउँछ ।

बढ्दो मागलाई सम्बोधन गर्न सक्ने व्यवसायीले सन्तुष्ट ग्राहकहरूबाट त्यसो गर्न असफलहरूले भन्दा बढी आम्दानी प्राप्त गर्छन । अनि, ती व्यवसायीले लगानीकर्तालाई बढी प्रतिफल दिन सक्छन र बढी वित्तीय पुँजी आफुतर्फ आकर्षित गर्न सक्छन् । यसरी भौतिक पुँजीलेझैं वित्तीय पुँजी बजारले पनि छिटोभन्दा छिटो सबैभन्दा उत्पादनशील क्षेत्रतर्फ वित्तीय पुँजी प्रवाह गर्न थाल्छ ।

अरू पुँजीहरूको दाँजोमा वित्तीय पुँजी केही धनाढ्य मानिससँग मात्र हुन्छ भन्ने आम धारणा रहेको छ । यो गलत धारणा हो । व्यवसायमा लगानी गर्ने कोषका खास लगानीकर्ता

सर्वसाधारण हुन । उनीहरूले अप्ठेरो अवस्थाका लागि वा अवकाशपछिको आयका लागि पैसा बचत गरेर राखेका हुन्छन् । वास्तविक "पुँजीपति" त यीनीहरू पो हुन् ।

**पूर्वाधार** : सडक, पुल, बन्दरगाह लगायतका पूर्वाधार व्यापारलाई सहज र सस्तो बनाएर उत्पादकत्व बढाउने पुँजीगत वस्तु हुन् । यद्यपि यी अलि अनौठ किसिमका पुँजी हुन्, जुन प्रायः निजी व्यक्ति वा समूहको भन्दा सरकारको स्वामित्वमा हुन्छन् । यसकारण पुँजीवादका आलोचकहरू "पुँजीवादी" भनिएको उद्यम खासमा भारी मात्रामा राज्यमा निर्भर रहन्छ भन्ने तर्क गर्दछन् । तर यहाँ के बिर्सिइएको छ भने, धेरै सडक, रेलमार्ग तथा बन्दरगाह सुरूमा निजी लगानीकर्ताले नै बनाएका हुन्छन्, तिनमा चासो राख्ने नागरिकहरूको व्यक्तिगत पहलबाट निर्माण भएका हुन्छन् । अरू पूर्वाधार निर्माणका लागि पनि निजी व्यक्ति र व्यवसायले नै कर तिरेका हुन्छन् । त्यसैले असलमा "सार्वजनिक" पूर्वाधार पनि निजी सम्पत्तिबाटै बनेका हुन्छन् ।

## पुँजीको सबैभन्दा महत्वपूर्ण रूप

पुँजीका विभिन्न रूपहरू महत्वपूर्ण देखिए पनि ती कुनै पनि त्यति महत्वपूर्ण हुदैनन् जति हामी सबैको अधिनमा रहेको पुँजी हुन्छ मानवीय पुँजी ।

अमेरिकी अर्थशास्त्री गेरि बेकर (१९३०–२०१४) ले "मानवीय पुँजी" भन्ने पदावली निर्माण नै गरेका त होइनन् तर यसमा धेरै काम गरेका थिए । मानवीय पुँजी भनेको ती सबै ज्ञान र व्यक्तिगत गुणहरूको समष्टी हो जसले व्यक्तिलाई बढी उत्पादनशील बनाउँछ । यसमा हाम्रो शिक्षा र सीप मात्रै नभएर एकाग्रता जस्तो गुण र सुस्वास्थ्य पनि पर्छन् । अरू पुँजीगत वस्तुमा जस्तै हामी बढी उत्पादनशील बन्न यिनमा पनि लगानी गर्छौं ।

त्यसैकारण हामी स्कुल कलेज जान्छौं, तालिमहरू लिन्छौं, तथा उत्पादनशील बन्नका लागि आवश्यक सामाजिक तथा व्यावहारिक सीपहरू सिक्छौं । हाम्रा लागि सबैभन्दा महत्वपूर्ण हाम्रो आम्दानी गर्ने सम्भाव्यता हुन सक्छ । जब हामी बढी उत्पादनशील हुन्छौं तब सामान्यतया बढी कमाउन सक्छौं । रोजगारदाताले नयाँ कामदारलाई कसरी उनीहरूका मेसिन र सूचना प्रणाली सञ्चालन गर्ने भन्ने सिकाउन लागि समय र पैसा खर्च गर्छन । परिवारमा केटाकेटीलाई अनुशासन, इमान्दारीता, समयनिष्ठ, विश्वसनीयता लगायतका आदर्शहरू सिकाइन्छ, जसले उनीहरूको काम र व्यवसायमा उन्नतिको सम्भावना बढाउँछ । स्वास्थ्य र तन्दुरूस्तीमा लगानी गरेर हामी लामो समयसम्म उत्पादनशील रहन सक्छौं ।

फेरि पनि हाम्रो उत्पादन सम्भाव्यतालाई अधिकतम बनाउन बजारले मद्दत गर्छ । यसमा हामीले योग्यता हासिल गर्ने कलेज, हामीले सीप विकास गर्ने कोर्सहरू, हाम्रो सीप र व्यक्तिगत गुणसँग मिल्दो काम खोजिदिने रोजगार एजेन्सीहरू, हामीलाई तन्दुरूस्त रहन सहयोग गर्ने व्यायामशालाहरू तथा हाम्रो मानसिक तथा शारीरिक स्वास्थ्य तन्दुरूस्त राख्ने क्लिनिक तथा पुनर्स्थापना केन्द्रहरू हुन्छन् ।

अर्थशास्त्रीहरूले भूमि सँगसँगै श्रमलाई पनि परम्परागत रूपमा पुँजी भन्दा अलग रूपमा हेर्दै आएका छन् । तर मानवीय पुँजीको अवधारणाले त्यस खालको विभाजनलाई धेरै साँघुरो बनाउँछ । मानवीय पुँजीले श्रमलाई बढी उत्पादनशील बनाउँछ, जसरी अरू औजार र उपकरणले बनाउँछन् । त्यसैले सम्भवतः उत्पादकत्वका लागि अरू किसिमका पुँजीको समष्टीभन्दा मानवीय पुँजी  महत्वपूर्ण हो । कुनै पनि प्रकारको पुँजीमाथि आम रूपमा सोचिएभन्दा बढी मानिसको स्वामित्व त हुन्छ नै, तर मानवीय

पुँजी अनिवार्य रूपमा हरेक मानिससँग हुन्छ । धेरै व्यक्ति र परिवारले भारी मात्रामा यसमा लगानी गरेका पनि हुन्छन् । एस्टर, कार्नेजी, प्रोक्टर एन्ड ग्याम्बल, क्राफ्ट र डुपों जस्ता शुन्यबाट सुरू गरेर सफल भएका आप्रवासीहरूको व्यावसायिक सफलताको कथाले शिक्षा, सीप, ध्यानदृष्टि तथा एकाग्रताजस्ता व्यक्तिगत गुणको महत्वलाई पुष्टी गर्छ । हङकङ, मकाउ, सिङ्गापुरजस्ता साना, थोरै प्राकृतिक स्रोत भएका तर काम गर्ने मूल्यमान्यता र आचरणयुक्त जनसङ्ख्या भएको मुलुकको सम्पत्तिले पनि यही औंल्याउँछ ।

यति हुँदाहुँदै पनि मानवीय पुँजी हुर्किनका लागि उपयुक्त वातावरण चाहिन्छ । मानिसले आफुमाथि र आफ्नो परिवारमाथि लगानी गर्ने स्वतन्त्रता पाउनुपर्छ र त्यस्तो लगानीबाट प्राप्त प्रतिफल उपयोग गर्न पाउने अधिकारको सम्मान भएको हुनुपर्छ ।

## प्रणालीगत पूर्वाधार

पुँजीगत वस्तुको उपयोग कसरी गरिएको छ भन्ने कुरा तिनीहरूबाट प्राप्त हुने लाभको महत्वपूर्ण पक्ष हो । अग्रणी मोटरगाडी निर्माता हेनरी फोर्ड (१८६३–१९४७) का कामदार अरूले प्रयोग गर्ने जस्तै हथौडा, फर्मा वा पेचकसजस्ता औजारको प्रयोग गर्थे । तर फोर्डले ती पुँजीगत साधनहरूको सङ्योजन फरक किसिमले गरे जसकारण कार बनाउने काम पहिलेभन्दा धेरै नै उत्पादनशील भयो । यसर्थ सही प्रणाली पनि महत्वपूर्ण पुँजीगत सम्पत्ति नै हो ।

सञ्जाल : टेलिफोन सञ्जाल, आपूर्ति शृंखला, वितरण प्रणाली आदि "सांगठनिक" पुँजीका अन्य रूपहरू हुन्, जसले सञ्चार तथा वितरणको दक्षता बढाउँछन् । इन्टरनेट, टेलिभिजन तथा इमेलजस्ता सूचनाका सञ्जालले पनि हाम्रो उत्पादकत्व

बढाउँछन् । उत्पादन तथा वितरणमा सहजता दिलाउनका साथै यिनले विचारको विस्तार, नवप्रवर्तनलाई प्रोत्साहन, तथा नयाँ र परिष्कृत उत्पादन प्रविधि पत्ता लगाउनमा सहजकर्ताको भूमिका खेल्छन । यिनीहरूले काम गर्ने शैलीमा दक्षता पनि ल्याउँछन् । परिवारलाई सुसारेसँग भेटाइदिने, यात्रुलाई सवारीचालकसँग भेटाइदिने, घरधनीलाई भाडावालसँग भेटाइदिने लगायतका एपहरू प्रयोगमा आउने "साझेदारी अर्थतन्त्र" यसैको उदाहरण हो ।

बजार : बजार प्रणाली र पुँजीवाद एउटै कुरा होइनन् । तर वस्तु, सेवा, वित्त वा श्रम जस्ता एकल बजारहरू पुँजीका भिन्न रूप हुन् । यिनीहरू वस्तु तथा सेवा वितरण गर्ने माध्यम मात्रै होइनन् आफैंमा उत्पादनशील सङ्यन्त्र पनि हुन् ।

पुँजीका अन्य रूपहरू जस्तै बजारलाई पनि विकसित हुन, सञ्चालनका विधिहरूलाई परिमार्जन गर्न, क्रेताविक्रेता तथा मध्यस्थकर्ता निर्भर रहने सञ्चार तथा अन्य प्रणालीलाई अद्यावधिक गर्न लगानी आवश्यक हुन्छ ।

बजारले अधिक उत्पादन तथा अभावको सूचना दिएर पनि उत्पादकत्वलाई बढाएका हुन्छन् । उदाहरणका लागि कुनै लोकप्रिय टिभी कायक्रमले कुनै ठाउँका बारेमा देखाएर धेरै भन्दा धेरै पर्यटकलाई त्यो ठाउँ भ्रमण गर्ने बनायो भने "टुर अपरेटर"ले ती मानिसलाई त्यहाँ पुऱ्याउन बढी मूल्य माग गर्न सक्छन् । उनीहरूले त्यहाँ बढी उडान, रेल वा बसको व्यवस्था गर्न सक्छन्, र कम नाफा दिने अन्य गन्तव्यमा ती सेवा घटाउन सक्छन् । यस बाहेक पर्यटक सङ्ख्यामा वृद्धिसँगै स्थानीय रेस्टुराँ र कफी पसलले मूल्य बढाउन सक्छन्, त्यहाँ नयाँ पसलहरू खुल्न सक्छन्, स्थानीय बासिन्दाले अरू पेशामा भन्दा वेटर भएर बढी तलब पाउन सक्छन् । यस किसिमको मूल्य सङ्केतले

उत्पादन तथा पुँजीलाई अधिकतम प्रयोग मूल्य प्राप्त हुने क्षेत्रतर्फ स्वचालित रूपमा दक्षताका साथ डोऱ्याउँछ ।

वास्तवमा बजार मूल्यले विश्वभरका असङ्ख्य मानिसका गतिविधिलाई समन्वय गर्छ । एड्म स्मिथले सन १७७६ मै साधारण ऊनीको कोट उत्पादनमा भेडी गोठाला, चर्खा चलाउने, तान बुन्ने, रंग हाल्ने, व्यापारी, जहाजी, जहाज निर्माता, औजार बनाउने लगायतका थुप्रै मानिसहरू सङ्लग्न हुन्छन् भनेका थिए । उनीहरू कसैको पनि उद्देश्य कुनै निश्चित कोट कुनै निश्चित व्यक्तिका लागि उत्पादन गर्ने हुदैन् । उनीहरू त केवल बजार मूल्यलाई हेरेर सक्रिय भइरहेका हुन्छन्, जसले उनीहरूको पहलको अधिकतम उपयोग कहाँ भइरहेको छ भन्ने सङ्केत गरेको हुन्छ । यदि उपभोक्ताको माग (अथवा उत्पादन प्रविधि) मा परिवर्तन आयो भने मूल्य परिवर्तन पनि समग्र सञ्जालमा फैलिन्छ र सबैजनालाई बदलिएको परिस्थितिसँग समायोजन हुन प्रोत्साहन दिन्छ ।

यस किसिमको गतिशील सहकार्यमार्फत बजारले यसमा जोडिन आउने हरेक किसिमका उत्पादक तथा पुँजीगत वस्तुको उत्पादकत्व वृद्धि गर्छ । यसले उच्च मूल्य उत्पादक र विवेकी योजनाकारलाई बढी पुरस्कृत गर्छ र कम प्रभावकारी उत्पादकलाई अन्तै प्रयास गर्न प्रेरित गर्छ । यसो गर्दा बजारले स्रोतहरूको सम्बर्द्धन गरिरहेको हुन्छ आखिर आफ्नो समय, श्रम र पुँजीलाई अन्तै प्रयोग गर्दा राम्रो हुने देखियो भने कसैले पनि ती स्रोतहरूलाई अनावश्यक ठाउँमा व्यर्थमा खर्च गर्दैनन् ।

## कानुनी र सांस्कृतिक पुँजी

**न्याय** : पुँजीवाद स्वेच्छिक गतिविधि तथा अन्तर्क्रियामा आधारित हुन्छ । तर त्यस्तो खालको व्यवस्था त्यतिबेला मात्रै काम गर्दछ जतिबेला मानिस स्वतन्त्र रूपमा सक्रिय

हुन र अन्तर्क्रिया गर्न, ढुक्कसँग योजना बनाउन र लगानी गर्न पाउँछन् । त्यसैले पुँजीवादका लागि यस्तो न्यायिक प्रणाली आवश्यक हुन्छ जसले मानिसलाई हिंसा, चोरी वा ठगीको शिकार बनाइँदैन भन्ने भरोसा दिलाउँछ । यस्तो प्रणाली जहाँ करार सम्झौताहरूको पालना हुन्छ र व्यक्तिगत अधिकार तथा स्वतन्त्रताको सम्मान हुन्छ भन्ने निश्चितता रहन्छ ।

बजार जस्तै न्यायिक प्रणालीमा पनि पुँजीगत सम्पत्तिका चिह्नहरू हुन्छन् । हामीले यसमा धेरै लगानी गरेका हुन्छौं (कानुन तर्जुमा, प्रहरी, अदालत, कारागार आदि), यो तुलनात्मक रूपमा टिकाउ हुन्छ, विश्वासको वातावरण निर्माण गरेर यसले हामीलाई अझ जुझारू बनाउँछ र अन्ततः पुँजीवादले सहज रूपमा काम गर्ने निश्चितता रहन्छ ।

यो पुँजीका पनि धेरै पक्ष छन् । उदाहरणका लागि परम्परागत नियम, जसअन्तर्गत परम्परागत रूपमा चलिआएका स्वीकार्य व्यावसायिक व्यवहारका मान्यताका आधारमा अदालतबाट मुद्दाको छिनोफानो हुन्छ, विधिको शासनअन्तर्गत न्यायले निश्चित प्रक्रियालाई पछ्याउँछ र उच्च पदमा हुनेहरू पनि सर्वसाधारण सरह कानुनका भागिदार हुन्छन् र प्रजातन्त्र र प्रतिनिधित्वका आधारमा बनेको कानुन जसले सरकारको अधिकार प्रयोगलाई सङ्वैधानिक व्यवस्थाबाट बाँधेको हुन्छ । यी सबैले विश्वास, सुनिश्चितता तथा सुरक्षा प्रवर्द्धन गरेका हुन्छन र यसले योजना बनाउन, लगानी गर्न र बजारमा कारोबार गर्न सहज बनाउँछ । फलस्वरूप न्याय यस्तो पुँजी बन्छ जसले उत्पादकत्व बढाउँछ ।

**सम्पत्ति अधिकार** : मानिसहरू सम्पत्ति राख्न सक्ने, त्यसलाई प्रयोगमा ल्याउने र त्यसबाट प्राप्त प्रतिफलको लाभ लिन सक्ने कुरामा निर्धक्क भए भने उनीहरू बढीभन्दा बढी लगानी गर्न र पुँजीगत सम्पत्ति सिर्जना गर्न तत्पर हुन्छन् ।

त्यसैले सम्पत्तिको स्वामित्व तथा त्यसको प्रयोग सम्बन्धी वैधानिक नियम तथा सामाजिक परम्परा, जसलाई हामी सम्पत्ति अधिकार भन्छौं, तुलनात्मक रूपले निश्चित र दिगो हुनुपर्छ । तर ती सधैं प्रस्ट हुँदैनन् (जस्तो कि हाम्रो घरजग्गा माथिबाट जहाज उड्न पाउने कि नपाउने ? पाउने हो भने कति माथिबाट उड्न पाउने ?) परिस्थिति र मानिसको सोचमा आउने परिवर्तन सँगै ती नियममा पनि परिवर्तन आउँछन् (जस्तो कि हामीले गाँजा राख्न वा विक्री गर्न पाउने कि नपाउने ?) । तथापि अन्तःस्फुरित र तुलनात्मक रूपमा दिगो हुने भएकाले त्यस्ता नियमले विश्वास र उत्पादकत्वलाई प्रोत्साहित गर्छन ।

बौद्धिक सम्पत्ति, जस्तै ट्रेडमार्क, प्रतिलिपि अधिकार, पेटेन्ट आदि विशेष किसिमको सम्पत्ति हो, जसमा समयावधिको अंकुश लगाइएको हुन्छ । बौद्धिक सम्पत्ति अधिकारको उद्धेश्य मूल्यवान ब्रान्ड बनाउने आविष्कारक, लेखक तथा अन्यले उनीहरूको मिहिनेतको फल प्राप्त गरून् भन्ने हो । यसले हामी सबैलाई लाभ पुर्‍याउँछ किनभने यसले अरूलाई पनि आविष्कार गर्न प्रोत्साहित गर्छ । तर कुनै व्यवसाय वा आविष्कारकका उत्तराधिकारीलाई त्यस्ता सम्पत्ति माथिको एकाधिकार सधैंका लागि हुँदैन । ती उपायहरू त विकसित हुनुपर्छ र फैलिनुपर्छ । त्यसैले त्यस्ता सम्पत्ति अधिकारको समय तोकिएको हुन्छ । यो नियम सङ्सारभर एकसमान नहुन सक्छ, तथापि यसको मर्मलाई सम्मान गरिएको खण्डमा यसले विश्वास अभिवृद्धि गर्छ र उत्पादकत्व बढाउँछ ।

सङ्स्कृति तथा नैतिक परम्परा : पुँजीवाद तथा यसले हासिल गर्ने उत्पादकत्व आपसी सम्मान, फराकिलो गरी बाँडिएको मूल्य, विश्वास, तथा बल प्रयोगलाई अस्विकारमा आधारित सङ्स्कृतिबाट लाभान्वित भएको हुन्छ । आर्थिक प्रयोगहरूले पुँजीवाद र यस्तो सङ्स्कृति एकअर्काका परिपुरक भएको देखाएका छन् – सङ्गठित बजार भएको क्षेत्रका मानिसले

त्यस्तै अर्को सङ्गठित बजारका मानिसलाई बढी विश्वास गर्ने, र असङ्गठित बजारका मानिसलाई कम विश्वास गर्ने गरेको देखिन्छ । आखिर विश्वासको सङ्स्कृतिले नै स्वाभाविक रूपमा व्यापारलाई सहज बनाउँछ ।

सानो, समरूपी समाजमा त एकअर्का प्रति स्वाभाविक रूपमै विश्वास स्थापित हुन सक्ला, तर विविधता भएका धेरैजसो ठाउँहरूमा विश्वास स्थापित हुन शताब्दीऔं लाग्दछ । पुँजीवादलाई कार्यशील बनाउनका लागि यस किसिमको मूल्य र सङ्स्था निर्माणमा लगानी गर्नु आवश्यक हुन्छ । यस्तो सङ्स्कृति निर्माण गर्न काम गर्नुपर्ने भएकाले र यो टिकाउ तथा उत्पादकत्व बढाउने किसिमको भएकाले यो पनि आफैंमा एक किसिमको पुँजी प्रतीत हुन्छ ।

## निष्कर्ष

पुँजीलाई ठिकसँग कसरी परिभाााषित गर्ने भन्ने विषय विवादास्पद हुन सक्छ । तर पुँजी भनेको कारखाना, ठूला मेसिन, जहाज, वित्तीय सम्पत्ति जस्ता केही थोरै मानिसको हातमा मात्र हुने कुरा होइन भन्ने प्रस्ट छ । यो धेरै लोकतान्त्रिक छ । हामी सबैले हाम्रा घरमा, पसलमा तथा कार्यालयमा पुँजीगत वस्तु प्रयोग गर्छौं । हामी बैंकमा बचत गर्छौं, त्यसबाट सिर्जित वित्तीय कोषहरूले उत्पादनशील उद्यममा लगानी गर्छन् । निजी सञ्जाल तथा निजी सम्पत्तिको प्रयोग गरी बनाइएका सार्वजनिक सञ्जालहरूको प्रयोगले हामीलाई अझ बढी उत्पादनशील बनाउँछ ।

हामी बजार तथा अन्य प्रणालीको प्रयोग गर्छौं जसले हाम्रो उत्पादकत्व बढाउन मद्दत गर्छन् अनि विश्वासको सङ्स्कृति बढाउन प्रयत्नरत रहन्छौं । अझ महत्वपूर्ण कुरा, हामी सबैमा मानव पुँजी छ हाम्रो ज्ञान, सीप र क्षमता छ। हामी सबै पुँजीपति हौं । पुँजी बडो विविधितायुक्त तथा लोकतान्त्रिक हुन्छ ।

# ४. पुँजी कसरी बनाइन्छ

पुँजीवादलाई बुझ्न पुँजीको जीवनलाई बुझ्नु आवश्यक हुन्छ। पुँजी यत्तिकै अस्तित्वमा आउँदैन, यसलाई त बनाउनु पर्छ। यो सजिलै हराउन सक्छ वा नाशिन सक्छ र यसको सम्बर्द्धनका लागि प्रयास गरिनुपर्छ। यी कुरामा बुझाइ नपुगेका कारण पुँजीवादकै बारेमा पनि अनेकौं असान्दर्भिक आलोचनाहरू निम्त्याइएका छन्।

## पुँजी प्राप्ति सम्बन्धी मिथ्याबोध

धेरै आलोचकहरू अरूको मेहनतको फल चोरेर मात्रै पुँजी सङ्कलन गर्न सकिन्छ भन्ने धारणा अघि सार्छन। कामदारले सिर्जना गरेको मूल्यमा छलछाम गरी रोजगारदाताले पुँजी प्राप्त गर्छन् भन्ने उनीहरूको तर्क हो। अथवा युद्धमा पराजितहरूको उत्पादन खोसेर मुलुकहरूले पुँजी निर्माण गरेका हुन्छन भन्ने दाबी उनीहरू गर्दछन्। अथवा उनीहरूले राजनीतिक आसेपासेवादबाट एकाधिकार प्राप्त गरेका, उपभोक्तालाई ठग्ने कर्पोरेसनहरूलाई मात्र देखेका हुन्छन्। अर्को शब्दमा पुँजीपतिहरू छली, युद्ध वा शोषणबाट बनेका हुन्छन्। यस्तो अपराधबाट आर्जित धन उनीहरूसँग सधैं रहिरहन्छ, उनीहरूले मेहनतै नगरी सधैं त्यसबाट लाभ पाइरहन्छन् भन्ने मान्यता राखिन्छ।

यो धारणा गलत हो, वा यो कम्तिमा पनि असान्दर्भिक भइसकेको छ । कुनै यस्तो जमाना पक्कै थियो जब नियमित रूपमा बल प्रयोग गरेर पुँजी प्राप्त गरिन्थ्यो, मुलुकहरू अर्को मुलुकमा आक्रमण गरेर तिनको सम्पत्ति खोस्थे र ती पराजितहरूको श्रममा बाँच्थे, सामन्तहरू दासको शोषण गर्थे, राजाहरू आफ्ना साथीभाईलाई लाभदायी एकाधिकार प्रदान गर्थे । त्यो पुँजीवादभन्दा अघिको समय थियो, जब मानिस अहिलेभन्दा गरिब थिए र आफ्ना लागि पुँजीगत वस्तु प्राप्त गर्न सक्दैन्थे । अहिले विकसित मुलुकहरूमा बलप्रयोगलाई गैरकानुनी बनाइएको छ र पुँजी निर्माण अर्कामाथि दमन नगरीकन शान्तिपूर्ण माध्यमबाट गरिनुपर्छ । पुँजी अब कुनै दुर्लभ सम्पत्ति रहेन । यसलाई प्राप्त गर्न चोर्न वा लड्नै पर्दैन । पहिलेभन्दा तुलनात्मक रूपमा धनी विश्व जनसङ्ख्यामाझ पुँजी अब धेरै हदसम्म प्राप्य भइसकेको छ । अहिले पुँजी प्राप्त गर्ने एक मात्र वैधानिक तरिका भनेको अरूसँग खोस्ने नभएर आफैले निर्माण गर्ने हो ।

पुँजी स्थायी सम्पत्ति हो, जसले यसका भाग्यमानी मालिकहरूलाई निरन्तर रूपमा बिनापरिश्रम, बोटबाट स्याउ झरेझैं प्रतिफल दिइरहन्छ भन्ने धारणा पनि गलत हो । वास्तवमा पुँजी सम्बर्द्धनका लागि समय, पैसा र मेहनत चाहिन्छ । यसको सम्बर्द्धन र सङ्रक्षण हुनुपर्छ । परिवर्तनशील तथा प्रतिस्पर्धी  विश्वमा यसको मूल्य कायम गर्न निरन्तर सावधानी र एकाग्रतापूर्वक यसको प्रयोग भइरहेको हुनुपर्छ । आखिर फल दिने रूखहरूलाई पनि त निरन्तर गोडमेले गर्नुपर्छ, काँटछाँट गर्नुपर्छ, पानी दिनुपर्छ, औषधी दिनुपर्छ, स्याहार्नुपर्छ र बगैंचा बाक्लियो भने उखेल्नु पनि पर्छ । फल टिप्नु पर्छ र प्रयोगमा ल्याउनुपर्छ । बेच्नलाई पसलमा पुऱ्याउनुपर्छ वा पिउनका लागि रस निकाल्नुपर्छ । यति गरिएन

भने बगैंचा मूल्यहिन हुन्छ, प्रयोगविहिन हुन्छ, छाडा वन हुन्छ पुँजी रहँदैन, बरू फोहर बन्छ ।

फेरि पनि आलोचकहरू पुँजी (र पुँजीवाद) को वैयक्तिकता र लोकतान्त्रिकतालाई देख्दैनन् । पुँजी स्वतः अस्तित्वमा आउँदैन, निर्माण गरिनुपर्छ । आजको विश्वमा यसको सिर्जना र स्वामित्व सीमित मानिससँग नभएर धेरैसँग हुन्छ । पुँजीको मूल्य ती मानिसहरूले के बनाइरहेका छन् र कसरी यसको प्रयोगका लागि सङ्रक्षण, सम्बर्द्धन र प्रयोग गरिरहेका छन् भन्ने कुरामा निर्भर रहन्छ ।

## सजिलो छैन पुँजी जोगाउन

जोखिम र गलत निर्णयका कारण, वा खर्च गर्दा वा हिंसा तथा करका कारण पुँजी सजिलै नाश हुन सक्छ ।

जोखिम र अनिश्चितता : हामी कसैले पनि निश्चितताका साथ भविष्यवाणी गर्न सक्दैनौं । हाम्रा पहलहरूलाई ध्वस्त पार्ने अनपेक्षित घटनाहरूको पूर्वानुमान गरेर कसैले पनि योजना बनाउन सक्दैन । भविष्यका बारेमा हामी सामान्यतया आश्वस्त हुन सक्छौं, सफलता र असफलताको सम्भावनाको हिसाब गर्न सक्छौं, तरपनि हामी गलत हुन सक्ने सम्भावना रहिरहन्छ ।

त्यसैले पुँजीगत वस्तु निर्माण गर्न समय, श्रम र पैसा लगाउँदा हामीले जोखिम उठाएका हुन्छौं । भविष्यमा प्राप्त हुने नतिजा सम्बन्धी हाम्रो आँकलन गलत हुन सक्छ, हाम्रो लगानीले सोचेभन्दा कम प्रतिफल दिन सक्छ वा नोक्सान नै हुन सक्छ । उदाहरणका लागि पछिल्ला अत्याधुनिक औजारसहित हामीले पिज्जा बेच्ने रेस्टुराँ खोल्न सक्छौं र पछि थाहा हुन सक्छ कि उपभोक्ताले प्रतिस्पर्धीको पिज्जा मन पराइरहेका छन् वा स्वास्थ्यप्रति सचेत रहने लहडमा सलाद खाइरहेका छन् । यसरी

स्थिति खराब हुदै गयो भने हामीले लगानीको माया मार्नुपर्ने हुन्छ, पुँजीगत औजार थन्क्याउनु पर्छ र रेस्टुराँ बन्द गर्नुपर्छ ।

यदि मानिसलाई उद्यमको जोखिम अति उच्च छ भन्ने लाग्यो भने उनीहरूले अपेक्षित प्रतिफल त्यत्तिकै उच्च भएको अवस्थामा मात्र लगानी गर्छन । तर दीर्घकालमा सामान्य जोखिमले पनि मानिसको पुँजीगत सम्पत्ति नष्ट गरिदिन सक्छ । पुँजी सधैं एउटै हातमा स्थिर नरहने यो एउटा कारण हो । पचास वर्ष अघिको कुनै पत्रिका निकालौं र त्यसमा छापिएको विज्ञापन हेरौं – त्यहाँ हामीले चिनेका थोरै कम्पनी भेटिनेछन् । धेरैजसोलाई नयाँ, राम्रो र सस्तो प्रस्ताव लिएर आउने प्रतिस्पर्धीले व्यवसायबाट गलहत्याइसकेका हुन्छन् । पारिवारिक व्यवसाय पनि आउने जाने भइरहेको हुन्छ । धनको आयु तीन पुस्तासम्म मात्रै हुन्छ भन्ने पुरानो कथन नै छ । एउटाले व्यवसाय सुरू गर्छ, उसका केटाकेटीले विरासतमा पाउँछन र चलाउँछन, अनि व्यावसायिक चेतभन्दा धेरै पैसा लिएर जन्मेका नाती पुस्ताले त्यसलाई स्वाहा पार्छन ।

**खपतः** फजुल खर्चले पुँजी नाश गर्छ । पुँजी खपत पनि सक्छ या जोखिममा परेर नाश पनि हुन सक्छ । उदाहरणका लागि पारिवारिक व्यवसायको धनीले यसलाई धितोमा राखेर ऋण लिन सक्छ वा नयाँ पुँजीगत वस्तुमा लगानी गर्न नभई आफैलै धेरै पारिश्रमिक लिने गरी सम्पत्ति बिक्री गर्न सक्छ । अथवा सङ्स्थापकहरूले आफ्ना छोराछोरी र नातीनातिनाका लागि कोष खडा गर्न सक्छन र ती सन्तान भविष्यका लागि थप पुँजी सिर्जना गर्नुको सट्टा त्यसैबाट जीवन चलाउन सक्छन् । दुवै तरिकाले परिवारको पुँजी रित्तिन सक्छ । अनि उनीहरू छिट्टै निर्धन बन्न सक्छन ।

**हिंसा** : पुँजी चोरी वा ठगीका कारण गुम्न सक्छ वा हिंसाका कारण नाश हुन सक्छ । पीडितको नाश हुने वा उसका

प्रति अनैतिक व्यवहार हुने त छँदैछ, यस्तो कार्यले अरूलाई पनि हानी गर्छ । अपराध पत्ता लगाउन र दण्ड सजाय गर्न स्रोत खर्चिनु पर्छ । अपराधको सजाय भएन भने पनि यस्तो कर्म गरेर पुँजी प्राप्त गरेको व्यक्तिले उक्त वस्तुबाट प्राप्त गर्ने मूल्य उक्त वस्तु सिर्जनामा सावधानी, एकाग्रता र व्यवस्थापकीय कौशलका साथसबैभन्दा उच्च उत्पादनशील उद्देश्यका साथ लागि परेको खास व्यक्तिले प्राप्त गर्ने मूल्यभन्दा सम्भवतः कम नै हुन्छ । यसकारण समग्र समुदायलाई नै नोक्सान हुन्छ ।

हिंसाको सबैभन्दा उग्र रूप युद्ध हो । पुँजीवादका केही आलोचकहरूले युद्धले बलियालाई निर्धाबाट पुँजी खोस्ने अवसर प्रदान गर्छ भन्ने सोच राखेको देखेका छौं । अरूहरू के दाबी गर्छन भने व्यावसायिक जगतका मानिस युद्ध मन पराउँछन् (र प्रोत्साहित गर्छन्) किनभने उनीहरूले युद्धमा आवश्यक पर्ने सबै पानीजहाज, हवाइजहाज, विद्युतीय सामग्री, सवारी साधन र हतियार आपूर्ति गर्छन । तर वास्तवमा व्यवसायीले युद्ध गर्न सक्दैनन् । सरकारसँग मात्रै सेना परिचालन गर्ने र युद्धबाट फर्काउने अधिकार हुन्छ । व्यवासयीलाई युद्धले सहयता होइन व्यवसायलाई खत्तम पार्छ भन्ने थाहा हुन्छ । युद्ध व्यवसायका लागि लाभदायक नभएर हानिकारक नै हुन्छ, र यो कुरा व्यवसायीलाई स्पष्ट थाहा हुन्छ । युद्धका कारण व्यवसायको जोखिम बढ्छ, लागत बढ्छ, उपभोक्ताको मनोबलमा गिरावट आउँछ, माग घट्छ, भौतिक सम्पत्ति, विधि तथा मानवीय शक्ति लगायत पुँजीको नाश हुन्छ । यही सामान्य ज्ञानका कारण आजकल थोरै मात्र लोकतान्त्रिक मुलुक आफुले व्यापार गर्ने मुलुकसँग युद्धमा जान्छन् । अघिल्ला शताब्दीहरूम युद्धलाई अरूको सम्पत्ति कब्जा गर्ने एउटा राम्रो उपाय मानिन्थ्यो होला, तर अहिले युद्ध गरेर अर्काको सम्पत्ति

कब्जा गर्नुभन्दा आफैले पुँजीको रचना गर्नु सजिलो, सुरक्षित र प्रभावकारी हुने ठान्न थालिएको छ ।

**कर** : सम्पत्ति र आयमा कर लगाउनेजस्तो कम क्रान्तिकारी देखिने राज्यको कार्यबाट पनि पुँजी नाश हुन सक्छ ।

उदाहरणका लागि, मानौं गरिबलाई सहयोग गर्ने नाममा धनीहरूलाई सार्वजनिक सेवामा बढी योगदान गर्न भन्दै सरकारले सबै किसिमका पुँजीमा १० प्रतिशत कर लगाउन सक्छ । यस्तो अवस्थामा कुनै व्यवसाय सुरू गर्न वा विस्तार गर्न खोजेका मानिसले जग्गा, मेसिन, औजार, सवारी, वित्त जस्ता पुँजीगत वस्तु जुटाउनु पऱ्यो भने थप १० प्रतिशत महँगो पर्न जान्छ । यसले उनीहरूको उद्यममा अगाडि बढ्ने सम्भावनालाई कम गरिदिन्छ । उद्यममा पैसा लगाउने जोखिम उठाउनु र सञ्चालनको पहल थाल्नुअघि सफल हुने कुरामा उनीहरू पहिलेभन्दा बढी आश्वस्त हुन आवश्यक हुन्छ । उनीहरूले पुँजीगत वस्तु निर्माण, थप वा प्रतिस्थापन गर्ने सम्भावना न्यून रहन्छ । फलस्वरूप उत्पादकत्व नाश हुन्छ, समग्र समुदाय थोरै भए पनि गरिब बन्छ ।

समग्रमा सम्पत्तिमाथि कर लगाइयो भने पनि यस्तै हुन्छ । मानिसहरू पैसालाई अनुत्पादक हुने गरी निष्क्रिय राख्न सक्छन वा तात्कालिक मनोरञ्जनका कुराहरूमा खर्च गर्न सक्छन् । यदि उनीहरूको सम्पत्तिलाई उत्पादनशील पुँजीमा रूपान्तरण गर्ने हो भने सोही अनुरूपका क्षेत्रमा लगाउनुपर्छ र त्यसैतर्फ केन्द्रीत गराउनुपर्छ । यसका लागि मानिसहरूलाई उनीहरूले थाल्ने पहलको पूर्ण प्रतिफल प्राप्त गर्ने गरी प्रोत्साहित गर्न सकिन्छ । तर जब सम्पत्तिमाथि कर लगाइन्छ सम्भावित प्रतिफल कम हुन्छ र नोक्सानीको जोखिम बढ्छ । फलस्वरूप मानिसका सम्पत्तिको उपयोग कम उत्पादनशील ढंगमा हुन्छ, उनीहरूको वित्तीय कोष

टुक्रिन्छ, छिरलिन्छ, र उत्पादकत्व बढाउनेभन्दा उपभोगमा खर्च हुन्छ । यसले सबैको हानि हुन्छ ।

**पुनर्वितरण** : पुनर्वितरण अर्को नीति हो जसले पुँजी नष्ट गर्छ । पुँजी कुनै नोक्सानी बिना वा उत्पादकत्वमा ह्रास नहुने गरी एकबाट अर्कामा सार्न सकिँदैन । पुँजीको उत्पादकत्व पुँजी के हो, कहाँ छ, कसरी व्यवस्थित गरिएको छ, र मुख्य गरी अन्य पुँजीसँग यो कसरी एकिकृत गरिएको छ भन्ने लगायतका धेरै कुरामा निर्भर रहन्छ । उदाहरणका लागि कुनै बृहत वितरण सञ्जालमा प्रयोग भइरहेका केही ट्रकलाई अरू नै काममा लगाइयो भने निश्चित रूपमा त्यो वितरण प्रणाली खल्बलिनेछ ।

यस्ता घटना केही मुलुकहरूमा देखिएको छ, वास्तविक मालिकहरूबाट खोसेर जमिन र त्यसमा प्रयोग हुने औजार अरू कसैलाई दिइएको छ । यसो गर्दा एकिकृत प्रणाली र पुँजीगत सङ्रचना बिथोलिएको छ, जसले खेतीबाली बिग्रिएको र खाद्यान्न अभाव निम्त्याएको छ । यसैगरी चीनमा गरिएको सामूहिक कृषिको अभ्यास विनाशकारी असफलता थियो, जसलाई पछि सुधारेर उक्त मुलुकले "पारिवारिक जिम्मेवारी" नामको नयाँ प्रणाली ल्यायो जुन निजी स्वामित्व जत्तिकै थियो ।

**प्रतिस्पर्धाका नियम** : ठूला कम्पनीहरूको एकाधिकारी शक्तिलाई नियन्त्रण गर्ने उद्देश्यले ल्याइएका नियमले पनि पुँजीगत सञ्जालमा नकारात्मक असर पार्छ । कुनै पनि खुला र प्रतिस्पर्धी अर्थतन्त्रमा कम्पनीहरू उपभोक्ताले मूल्यवान ठहऱ्याएको वस्तु उत्पादन गरेर मात्रै ठूला बन्न सक्छन, बलजफ्ती वा राजनीतिक पहुँचबाट बन्न सक्दैनन् । उनीहरूको विस्तार भनेको ती क्षेत्रमा ती कम्पनी सफल छन भन्ने सङ्केत हो । बजार हिस्सामा सीमा निर्धारण गर्नु भनेको सर्वसाधारणले मूल्यवान ठानेको चिज उपलब्ध गराउन सक्ने गरी पुँजीको प्रयोग गर्न सक्ने

दक्ष कम्पनीलाई त्यसो गर्न नदिइनु हो र कम दक्ष उत्पादकतर्फ पुँजीलाई खिच्नु हो ।

तर उक्त सीमासम्म पुग्नुभन्दा पहिल्यै नै पुँजी विनाश भइसकेको हुन्छ । कुनै कम्पनी कति बेला बजारमा हाबी भएको छ, वा उक्त कम्पनीको ठूलो आकार नै उपभोक्ताका लागि खतराको सूचक हो कि उपभोक्तालाई उसले उपलब्ध गराएको मूल्यको नतिजा हो भन्ने निर्क्यौल गर्न सजिलो छैन । प्रतिस्पर्धा प्रवर्द्धन गर्ने भनी नियम बनाउनेहरूका बारेमा अनुमान गर्न कम्पनीहरूलाई गाह्रो हुन्छ । त्यसैले उनीहरू सानै रहिरहने निर्णय गर्छन र उनीहरूको दक्षताबाट प्राप्त हुन सक्ने सम्भावित लाभ गुमाउँछन्, अथवा उनीहरू ठूला हुन्छन तर नियामकहरूले उनीहरूलाई टुक्रा पारिदिन्छन्, जसले उनीहरूको पुँजीगत सञ्जाल नाश गरिदिन्छ र यसको असर उपभोक्ता समेतलाई पर्छ ।

हामीले देखेका छौं, ठूला कम्पनीहरू पनि अरू ठूला कम्पनी वा ससाना कम्पनीहरूको समूह वा साना तर ठूलाको ससानो व्यावसायिक हिस्सा चिथोरेर लैजान सक्ने कम्पनीका कारण सङ्कटमा हुन्छन् । त्यसैले पुँजीवादका समर्थकहरू अनावश्यक रूपमा लोकप्रिय तथा सफल उत्पादकहरूको आकार तोक्ने भन्दा बजारलाई बढी खुला गर्ने गरी नीतिगत व्यवस्थामा केन्द्रीत हुनुपर्ने तर्क गर्छन ।

## पुँजी मानवीय मूल्यांकनमा निर्भर रहन्छ

आलोचकहरूले नबुझेको पुँजीको लोकतान्त्रिक र वैयक्तिक प्रकृतिको अर्को पक्ष हो भने, पुँजी मानवसँग निरपेक्ष रहेर स्वअस्तित्वमा रहन सक्दैन । कुनै मूल्यहीन वस्तु नभएर पुँजीगत वस्तु हुनका लागि यसले मानवीय आवश्यकता, चाहना र मूल्यलाई सम्बोधन गर्नुपर्छ । एउटा ढुंगो मानिसले त्यसलाई घर

बनाउने वा मकै पिस्ने जाँतो बनाउने जस्ता त्यसको सम्भावित उत्पादनशीलता पत्ता नलगाउञ्जेल केवल ढुंगो नै रहन्छ । त्यसपछि मात्रै त्यो पुँजी बन्छ । युरेनियमबाट आणविक ऊर्जा बनाउन सकिन्छ भन्ने पत्ता नलागुञ्जेल यसलाई काम नलाग्ने (मूल्यहिन) खनिज मानिँद आएको थियो । अहिले आएर युरेनियम मूल्यवान पुँजीगत सम्पत्ति भएको छ ।

कुनै काम नलाग्ने चिजलाई सम्भावित उत्पादनशील पुँजीगत सम्पत्तिमा रूपान्तरण गर्ने हो भने त्यसो गर्ने मानिसलाई उक्त वस्तुमाथिको सम्पत्ति अधिकार दिइनुपर्छ । उसलाई त्यो वस्तु आफ्नो स्वामित्वमा राख्न सक्छु, व्यवस्थापन गर्न सक्छु र त्यसबाट लाभ प्राप्त गर्न सक्छु भन्ने विश्वास हुनुपर्छ । केही वर्षअघि पेरूका अर्थशास्त्री हर्नान्डो डे सोतो (१९४१-) ले औंल्याएअनुसार पेरूका धेरैजसो गरिबले आफ्ना लागि घर बनाएका थिए, जमिन सम्याएर बाली लगाएका थिए । तर यिनलाई पुँजी मान्न सकिँदैन थियो किनभने उनीहरू त्यसका वैधानिक मालिक थिएनन् । उनले त्यो परिपाटीलाई परिवर्तन गर्ने अभियान चलाए । अहिले ती किसानहरूले वैधानिक स्वामित्व पाएका छन् र त्यो जग्गा र घरलाई धितो राखेर ऋण लिन सक्छन अनि अरू जग्गा र औजार किन्न सक्छन् । उनीहरूको सम्पत्ति अधिकारले कुनै बेलाको मूल्यहिन जग्गा सुरक्षित र मूल्यवान भएको छ, जसले गर्दा उनीहरूलाई त्यसमा थप लगानी गर्ने र थप उत्पादनशील बनाउने प्रेरणा मिलेको छ ।

सम्पत्ति अधिकार, स्वामित्वको वैधानिकता, सङ्स्था निर्माणलाई सम्भव बनाउने कानुन सम्बन्धी यो अवधारणा र नियमन तथा बजारको सङ्स्कृतिसँग अनि विकसित पश्चिमी मुलुकका बासिन्दाहरू परिचित छन । तथापि उनीहरूले यसको सुक्ष्मताको हेक्का गरेका हुँदैनन् । स्वतन्त्रताको तीव्र दमन गरिएको, सम्पत्ति अधिकारको अस्तित्व नै नहुने गरी आर्थिक शक्तिलाई अत्यन्तै

केन्द्रीकृत गरिएका मुलुकहरूमा पनि यो कुरा देख्न वा बुझ्न पाइँदैन । स्रोतहरूलाई उत्पादनशील ढंगले प्रयोग गर्ने सन्दर्भमा ती अधिकार महत्वपूर्ण कानुनी तथा सांस्कृतिक सम्पत्ति हुन ।

## पुँजीको वास्तविक उत्पत्ति

त्यसैले कुनै चिजलाई पुँजीमा परिणत गर्न सम्पत्ति अधिकार र कानुनी प्रणालीको सिर्जना महत्वपूर्ण हुन्छ, र पुँजीवादका लागि यो प्रणालीलाई कायम गर्नै पर्ने हुन्छ । तर यसभन्दा पर, चिजहरूमाथि समय र श्रम लगाएर मात्रै पुँजीमा रूपान्तरण गर्न सकिन्छ । उदाहरणका लागि खाली हातले केही माछा मार्न सकिन्छ, तर बल्छि हालेर अलि धेरै माछा मार्न सकिन्छ, जाल बुनेर अझ धेरै माछा मार्न सकिन्छ, डुंगा बनाएर झन गहिरो तलाउमा झन धेरै माछा मार्न सकिन्छ ।

यति सरल पुँजीगत वस्तु निर्माणका लागि पर्याप्त समय र सीप कहाँबाट आउँछ ? यसको जवाफ हो – उपभोगबाट । आफुले पक्रिएका सबै माछा तुरून्तै खपत गर्नुको सट्टा, केही कम खाएर (वा माछा पक्रनमा अझ बढी समय लगाएर) बचत गर्नुपर्छ ताकि थप उत्पादनशील औजार निर्माण गर्ने समयसम्मका लागि त्यो बचत माछा खाएर टिक्न सकियोस । यसको अर्थ उपभोगलाई त्याग गर्नु हो- थोरै माछा खाने वा फुर्सदीलो समयको मजा कम लिने ।

उपभोगको त्याग पुँजी निर्माण गर्ने मुख्य उपाय हो । माछा पक्रिने औजार बनाउँदै गर्दा आफ्नो जीवनस्तर कायम गर्न हामीले कसैबाट माछा सापटी लिन सक्छौं, तर उसलाई हामीले त्यो सापटी ब्याजसहित फिर्ता गर्नुपर्ने हुन्छ । त्यसबेला पनि हामीले आफ्नो उपभोगमा केही कटौती गरेकै हुन्छौं । समय र श्रमको लगानी लाग्ने सम्पत्ति अधिकार, न्याय प्रणाली र बजारको स्थापना लगायतका व्यवस्थाको अतिरिक्त उपभोगको त्याग पुँजी निर्माणको एक मात्र दिगो उपाय हो ।

## पुँजी र शोषण

उल्लिखित चर्चाहरूको पाठ भनेको लगानी र प्रगतिका लागि हामीले बचत गर्नुपर्छ भन्ने हो । तर मानिसहरूले सम्पत्ति अधिकारको सुरक्षा र विधिको शासन उपलब्ध भएको अवस्थामा मात्रै बचत गर्छन, यसले उनीहरूलाई आफुले बनाएको पुँजी तथा त्यसबाट हुने उत्पादन सरकारसहित अरू कसैले बल प्रयोग वा ठगी गरी खोस्दैन भन्ने विश्वास दिलाउँछ ।

पुँजीवादमा सम्पत्ति अधिकारको सुरक्षा तथा विधिको शासनमार्फत पुँजी सिर्जना गर्न प्रोत्साहित गरिने हुनाले विशिष्टिकरण मार्फत उच्च उत्पादकत्व हासिल हुन्छ । यही दक्षताप्रेरित मूल्य सिर्जनाले मूल्यवान उत्पादनको स्वेच्छिक विनिमय हुन्छ । यहाँ पुँजीले, अझ भनौं पुँजीवादले, सिर्जनाले कसैलाई हानी नपुऱ्याई वा बलजफ्ती नगरीकनै मूल्य सिर्जना गर्दछ ।

सरकारी नीति पुँजी निर्माणका लागि उत्तिकै सङ्वेदनशील हुन्छ जति अरूहरूबाट ठगी र बलप्रयोग हुने अवस्थाको अन्त्य हुन्छ । बचत, लगानी र आयमा लगाइने करले मानिसलाई बचत, लगानी वा मूल्य सिर्जना गर्न निरूत्साहित गर्छ । पुनर्वितरणले पुँजी सिर्जना गर्ने, यसलाई सम्बर्द्धन गर्ने र उत्पादनशील कार्यमा केन्द्रीत गर्ने मानिसहरू बाट खोसेर अरू (जस्तै सरकारी अधिकारी) को हातमा पुऱ्याउँछ जोसँग यी कुराहरू गर्ने खासै रूचि हुँदैन वा तत्कालिक उपभोगमा खर्च गरेर सिध्याउँछ । यसभन्दा बढी त्यस्तो नीतिले उच्च उत्पादकत्व उपलब्ध गराउन पुँजीगत वस्तुहरू मिलेर काम गर्ने लगानीको सङ्वेदनशील सञ्जाल (पुँजीगत सङ्रचना) लाई भत्काउँछ ।

# ५. पुँजी सङ्रचना किन महत्वपूर्ण छ

मुलधारे अर्थशास्त्रीहरू प्रायः पुँजीलाई समरूपीहुन्छ भन्ठान्छन्– बालुवाको एउटा कण अर्को कणभन्दा फरक नदेखिएजस्तै। पुँजीको हिसाब, मोडल तथा प्रक्षेपणको कुरा गर्दा उनीहरूहरूको एउटै मात्र चासो पुँजी "कति" छ भन्ने हुन्छ ।

तर वास्तवमा पुँजीमा विविधता हुन्छ। यो खास पुँजीगत वस्तुमा मात्र अवस्थित हुन्छ, तर हरेक त्यस्तो वस्तु भिन्न हुन्छ । हथौडा र हँसिया, मोटरकार र ट्रक, कपास मिल र मोटर कारखाना, कम्प्युटर र प्रिन्टर, बहीखाता र फ्रिजर, कर्जा र ऋणपत्र तथा अरू धेरै कुरा फरक हुन्छन्। ठ्याक्कै कस्तो पुँजीगत वस्तु प्रयोग गरियो, कसरी प्रयोग गरियो र ती वस्तुलाई अरू वस्तुको सञ्जालमा कसरी जोडियो भन्ने कुराले आर्थिक प्रतिफलमा धेरै फरक ल्याउँछ ।

यसलाई बुझ्न नसक्दा गम्भीर गल्ति निम्तिन्छ । उदाहरणका लागि पुँजीको प्रतिफलको कुरा गर्नु भनेको फ्रान्सेली अर्थशास्त्री थमस पिकेटी (१९७१-) ले सन् २०१३ को पुस्तक क्यापिटल इन द ट्वेन्टी फस्ट सेन्चुरीमा गरेजस्तो बेतुकको कुरा हुन्छ । पुँजी बाट बन्ने भिन्न पुँजीगत वस्तु प्रत्येकमा सम्भावित जोखिम तथा प्रतिफलको भिन्न परिमाणको सङ्योजन हुन्छ,

तीनका मालिकहरू फरक हुन्छन् जसका पुँजीगत वस्तु व्यवस्थापन गर्ने सीप फरक हुन्छन् र जसले तिनलाई फरकफरक उद्देश्यमा प्रयोग गर्दछन् । त्यसैगरी, विभिन्न खालका पुँजीगत वस्तुहरू नाशिने, चोरिने, खर्च हुने, छिरोलिने, कर लाग्ने वा नियमनमा पर्ने हुन्छन् । केही सजिलै नाश हुन्छन,अरू हुँदैनन् । यी सबै कारणले विभिन्न पुँजीगत वस्तुको सम्भावित प्रतिफलमा विभिन्न तरिकाले विभिन्न दरमा ह्रास आउँछ । यति मात्र होइन, प्रयोगमा रहने पुँजीगत वस्तुको मिश्रण निरन्तर परिवर्तन भइरहन्छ – आजकल हामी मोटरगाडी, कम्प्युटर प्रयोग गर्छौं कुनै बेला घोडाको बग्गी र गुणा भाग गर्न सजिलो बनाउने "स्लाइड रूल" प्रयोग गर्दथ्यौं । तसर्थ, मुलुकको पुँजीको स्वरूप सधैं स्थायी र एकनाशे हुन्छ, र यसले स्थायी र एकनाश प्रतिफल दिन्छ नै भन्ने हुँदैन ।

## उत्पादनशील वस्तुको सञ्जाल

पुँजीगत वस्तु कति छ, वा त्यसलाई बनाउन कति खर्च भएको छ भन्दा महत्वपूर्ण कुरा विभिन्न पुँजीगत वस्तुको सञ्जाल कसरी बनाइएको छ भन्ने हुन्छ । विभिन्न मुलुकका कैयौं उत्पादकका उत्पादनबाट ससाना हिस्सा थपिँदै गएर बन्ने अन्तिम वस्तु वा सेवा हामीले खपत गर्दासम्म आपूर्तिको लामो श्रृङ्खला बनिसकेको हुन्छ ।

फेरि एडम स्मिथको ऊनीको कोटकै कुरा गरौं । यो तयारी वस्तुका लागि धेरै मानिस मात्रै नभएर धेरै किसिमका पुँजीगत वस्तु पनि जुटाउनुपर्छ । यो दैनिक प्रयोगको सामान्य वस्तु (कोट) को उत्पादनमा धेरै खुद्रा पसल, गोदामघर, थोक बिक्रेताका ट्रक, उत्पादकको लुम र सिउने मेसिन, रंग्याउने मेसिन, धागो कात्नेको चर्खा, भेडा खौरने पशुपालकको छुरा, र यी सबैले

प्रयोग गर्ने औजार बनाउने धातु कारखानाको काम, यी सबै चरणमा प्रयोग हुने कच्चा पदार्थ तथा तयारी माल ओसार्ने पानीजहाज तथा हवाईजहाज र अरू धेरै आपूर्तिकर्ताको योगदान समावेश भएको हुन्छ । अझै यो प्रक्रियामा सङ्लग्न धेरै मानिसहरूलाई आवश्यक खाने, पिउने, आवास तथा लगाउने लुगाको व्यवस्थाका लागि अरू विविध किसिमका पुँजीगत साधन नजुटेसम्म यो काम सम्भव हुँदैन ।

सारांशमा, उपरोक्तमध्ये कुनै पनि पुँजीगत वस्तुको अभावमा समग्र उत्पादन प्रक्रिया विथोलिन सक्छ, अभाव सिर्जना हुन सक्छ, समग्र उत्पादन शृंखलामा थप आपूर्तिको समस्या तथा बन्दोबस्तीको सङ्कट आइलाग्न सक्छ । उदाहरणका लागि रंग्याउने मेसिन नभए ऊनीको धागो कोट बुन्ने र सिलाउनेलाई पठाउन सकिँदैन, अनि उत्पादकले बजारको थोक विक्रेता हुँदै खुद्रा बिक्रेता तथा उपभोक्तासम्म पुऱ्याउन सक्दैन ।

तसर्थ, वस्तु उत्पादनका लागि आवश्यक विश्वभर छरिएर रहेका पुँजीगत वस्तुलाई एकिकृत सञ्जालमा कसरी ल्याइएको छ, तथा ती वस्तुको उत्पादकत्व तथा दक्षता कायम गर्ने तथा वृद्धि गर्ने विषय अत्यन्तै महत्वपूर्ण हुन्छ । यसमा वस्तु उत्पादनका लागि प्रयोग हुने र उपभोक्तामाझ पुग्ने ऊनीको कोटजस्तो उपभोग्य वस्तु, जुन यो समग्र प्रक्रियाको उद्देश्य हो, दुवै वस्तु समावेश हुन्छन् ।

त्यसकारण हाम्रो उत्पादकत्व हामीसँग कति पुँजी छ वा कति कारखाना, मेसिन, ट्रक वा औजार छन भन्ने कुरामा मात्र निर्भर रहँदैन । बरू पुँजीगत सङ्रचना–पुँजीगत वस्तु कसरी एकअर्कासँग सञ्जालमा जोडिएका छन् भन्ने कुरा –हाम्रा आवश्यक्ताका तथा चाहनाका वस्तु तथा सेवा उत्पादनका लागि कति दक्षतापूर्वक र उत्पादनशील ढंगले प्रयोग भएको छ भन्ने सवालमा महत्वपूर्ण हुन्छ ।

## नाजुक पुँजी सङ्रचना

राजनीतिक द्रष्टाहरूले, आर्थिक योजनाकारहरूले प्रायः पुँजी सङ्रचनाको सङ्वेदनशील महत्वलाई बेवास्ता गरेका हुन्छन । उनीहरू पुँजीपतिबाट पुँजी सजिलै लिन सकिन्छ, यसको मूल्यमा कत्ति पनि ह्रास नआउने गरी अरूलाई दिन सकिन्छ, वा "नैतिक रूपमा उचित" प्रयोगमा लगाउन सकिन्छ भन्ने सोच्छन् । नयाँ हातमा पुगेपछि त्यस्तो पुँजी अझ बढी उत्पादनशील हुन्छ र अझ बढी मूल्यवान वस्तु उत्पादन गर्छ भन्ने मान्दछन् । तर सत्य के हो भने त्यसो गर्दा कम्तिमा पनि उत्पादन प्रक्रिया नराम्ररी बिथोलिन्छ ।

आर्थिक योजनकारहरूले के कुरा हेक्का राख्नु पर्छ भने, विभिन्न मुलुक, उत्पादन क्षेत्र तथा प्रक्रियाबाट गुज्रने पुँजीगत वस्तुको यो बृहत सङ्रचना क्रमिक विकासको परिणाम हो । उपभोक्ताको बदलिँदो आवश्यकता पूर्ति गर्न तथा मानिसले मूल्यवान ठह-याएको चिज उत्पादन गर्न यो सञ्जालको प्रत्येक हिस्सालाई पुँजीपतिहरूले निरन्तर रूपमा आकार दिँदै र अँगाल्दै आएका हुन्छन् । उदाहरणका लागि, जब मौसम न्यानो हुँदै जान्छ र उपभोक्ताले ऊनीको सट्टा सुतीको कपडा माग गर्न थाल्छन्, तब खुद्रा पसले र थोक बिक्रेताले उत्पादकबाट बढीभन्दा बढी सुतीको कपडा माग गर्छन्, उत्पादकले माग अनुसारको उत्पादनका लागि कारखानाको सङ्रचना फेर्छन्, आपूर्तिकर्ताले बढी कपास खरिद गर्न थाल्छन्, ढुवानीकर्ताहरू ऊन पाइने क्षेत्र छोडेर कपास पाइने क्षेत्रतर्फ जान्छन्, किसानहरू बढ्दो मागलाई ध्यानमा राख्दै बढी कपास उत्पादन गर्छन् । पोखरीमा ढुंगा हान्दा पैदा भएको लहर फैलिएजस्तो उत्पादनको समग्र प्रक्रियाले बदलिदो यथार्थलाई आत्मसात गर्छ,

आवश्यकता अनुसार पुँजीगत सङ्रचनाको प्रत्येक हिस्सालाई नयाँ काम दिन्छ वा प्रतिस्थापन गर्छ ।

योजनाकारहरूले पुँजी एकनाशको हुँदैन, सबै पुँजीगत वस्तुलाई प्रतिस्थापन गर्न सकिँदैन वा नयाँ काम दिन सकिँदैन् भन्ने कुरालाई पनि ख्याल गर्नुपर्छ । कैंची, सिलाई मेसिन वा ट्रकजस्ता केही वस्तुलाई विभिन्न प्रयोगमा लगाउन सकिन्छ । यीनलाई सुती वा ऊनी दुवै कपडाको उत्पादनमा लगाउन सकिन्छ । तर कपडा बुन्ने कारखानाको ठूलो तानमा व्यापक परिवर्तन आवश्यक हुन सक्छ, किनभने ऊनीको कपडा बुन्ने तानले सुतीको कपडा नबुन्न सक्छ । उस्तै परे कारखानामा प्रयोग भइरहेका मेसिनहरूलाई नष्ट गरेर नयाँ उद्देश्यका लागि नयाँ मेसिनहरू जडान गर्नुपर्ने हुन सक्छ ।

केही पुँजीगत वस्तुलाई फरक उद्देश्यका लागि प्रयोग गर्न सकिँदैन भन्नुको अर्थ पुँजीको स्वामित्वले मात्रै पुँजीपतिहरूलाई सजिलै सुरक्षित प्रतिफल सुनिश्चित गर्दैन भन्ने हो । जब परिस्थिति फेरिन्छ, केही पुँजीगत वस्तुहरूलाई त्याग गर्नुको विकल्प हुँदैन। यसबाट पुँजीपतिहरूलाई नोक्सान हुन्छ । बिजुलीबाट चल्ने मेसिन प्रयोगमा आएपछि स्कटल्यान्डका मानिसको हातले चलाउने ऊनको धागो कात्ने चर्खा र कपडा बुन्ने घरेलु तान काम नलाग्ने भएको थियो । धेरैजसोले "नयाँ सङ्सार"बाट आएको सुती धागो प्रशोधन गर्ने नयाँ मेसिनलाई अँगाल्नु परेको थियो । हाल ती मेसिन र मिल राख्ने धेरैजसो भवनहरू पनि भत्काइएका छन् वा अरू नै कार्यालय, प्रदर्शनीस्थल वा म्युजियममा परिणत गरिएका छन् किनभने बेलायतले अधिकांश कपडाहरू भारत, चीन, नेपाल र अरू विकासशील मुलुकहरूबाट भित्र्याउँछ ।

राज्यका उद्योग पनि पुँजी क्षयीकरणबाट जोगिएका हुँदैनन् । सन १९५७ देखि त्राबान्त कार उत्पादन गर्दै आएको पूर्वी

जर्मनीको ज्विकाउ कारखानाले दुई जर्मनी एकिकरणपछि आफ्नो उपादेयता गुमाएको थियो । मानिसले तीब्र गतिको, सफा, शान्त र बढी आरामदायी विकल्प पाएपछि त्यो खोत्रो, खिया लागेको, भिमकाय ढ्याङ्रो चलाउन छाडेका थिए । पूर्व सोभियत सङ्घमा पनि ठूलो परिमाणमा धेरै पुराना र काम नलाग्ने पुँजीगत वस्तुको बेहाल भएको थियो ।

## खराब नीतिले पुँजीलाई मास्छ

उचित स्थानमा, उचित समयमा, उचित वस्तु ठहरिन नसक्दा पुँजी व्यर्थैमा नासिन सक्छ । जब प्रविधिको विकास हुँदै जान्छ, उपभोक्ताको आवश्यकता, चाहना र रूचि बदलिँदै जान्छ, अनि पुँजी सङ्रचनाले ती परिवर्तनलाई आत्मसात गर्दै जानुपर्ने हुन्छ । कतिपय पुँजीगत वस्तुले परिवर्तनलाई आत्मसात गर्न सक्दैनन् र फलस्वरूप ती नासिन्छन् । पुँजीगत वस्तु नाश हुने अनेकौं कारण छन् – जस्तै गलत प्रक्षेपण, गलत निर्णय, सङ्स्थापकको कमजोर व्यवस्थापन आदि ।

सार्वजनिक नीतिले पनि पुँजीगत सङ्रचनालाई विथोल्न सक्छ र पुँजी नासिन सक्छ – सधैं नियतवश यसो गरिन्छ भन्ने होइन । धेरै मुलुकहरूले अनुभव गरेको एउटा उदाहरण तेजी र मन्दीको चक्र (व्यापार चक्र पनि भनिन्छ) हो । वाष्प इन्जिन, विद्युत वा इन्टरनेट जस्तै नयाँ प्रविधिले एकै पटक राम्रो र सस्तो वस्तु धेरै उत्पादन गऱ्यो भने तेजीको अवस्था आउँछ । तर मानिसहरूले यस्तो नयाँ प्रविधिको सम्भावित लाभका बारेमा गलत तरिकाले अधिमूल्यांकन गर्ने वा अत्यधिक लगानी गर्ने काम गरेनन् भने यसले सिधै मन्दीतर्फ लैजाँदैन ।

उसो भए सर्वव्यापी र बारम्बार दोहोरिइरहने तेजी र मन्दीको यो चक्रको कारण के हो ? अस्ट्रियाई अर्थशास्त्रीद्वय एफ. ए.

हायक (१८९९-१९९२) र लडविग भन मिसेस (१८८१-१९७३) ले यी उतारचढावका बारेमा अध्ययन गरेका थिए । उनीहरूका अनुसार यस्तो चक्रको कारक हो – खराब सार्वजनिक नीति। आर्थिक गतिविधि र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्न सरकारले ब्याजदर घटाएर मुद्राको आपूर्ति बढाएसँगै यो चक्र सुरू हुन्छ। खल्तीमा धेरै पैसा भएपछि उपभोक्ताले धेरै खर्च गर्छ, उसले अब महँगा र विलासी सामग्रीमा खर्चको अनुपात बढाउँदै लैजान सक्छ । ब्याज घटेर कर्जा लिन सस्तो हुने भएपछि उत्पादकले पनि बजारमा माग भएका ती वस्तुको उत्पादन बढाउन कारखाना र औजारमा लगानी बढाउँछ ।

तर रक्सी र एम्फिटामिनको नसाको उत्कर्ष ह्याङओभर भएजस्तै सजिलो पैसा र कर्जाको उत्कर्ष मन्दी हुन आउँछ । बचतमा प्रतिफल कम हुने भएपछि मानिसले बचत कम गर्न थाल्छन । बैकहरूसँग कर्जा प्रवाह गर्नका लागि पर्याप्त रकम हुँदैन, उल्टो ऋण फिर्ता माग्न थाल्छन् । कर्जा पाइन छाडेपछि उपभोक्ताहरू सस्ता र अति आवश्यक वस्तु मात्र खरिद गर्न थाल्छन् । तर उत्पादकले भने उपभोक्ताले अब माग नगर्ने विलासी वस्तु उत्पादनका लागि कारखाना बनाइसकेको हुन्छ, आवश्यक मेसिन औजार किनिसकेको हुन्छ । अब ती पुँजीगत वस्तुको कुनै उपादेयता हुदैन, उत्पादन कारखाना बन्द गरिन्छन, मेसिन बन्द गरिन्छन्, कामदारहरू निकालिइन्छन्, ती कामदारहरूको खर्चमा निर्भर रहने अरू पसलहरू पनि मारमा पर्छन्, र तीमध्ये केही बन्द पनि हुन्छन् । सस्तो कर्जा र सजिलो पैसाको भरमा ठडिएको आर्थिक तेजी नक्कली हुन्छ, तर त्यसले निम्त्याउने नोक्सानी भने असली हुन्छ ।

यस्तो किसिमको सङ्कट – जस्तै सन २००० को पूर्वार्द्धको तेजी र लगत्तैको मन्दी – कुनै बैंकर वा कसैको लोभ वा आम रूपमा प्रचार भएको अरू कुनै कारणले निम्त्याएको होइन । बरू

यो त आर्थिक वृद्धिलाई प्रोत्साहन गर्न खोज्ने राज्यका अधिकारीले गलत सङ्केत दिएका कारण भएको हो । त्यो प्रक्रियामा दिइएको नक्कली सङ्केतहरूले सङ्वेदनशील पुँजी सङ्रचनाको सञ्जाललाई बिथालिदिएको थियो । कुनै निजी पुँजीपतिको मूर्खता वा गल्तीले हुने वा एउटा प्रविधिलाई अर्कोले प्रतिस्थापन गर्दा आइलाग्ने सङ्कटभन्दा खराब सार्वजनिक नीतिका हुने विनाश धेरै ठूलो हुन्छ । उतारचढावको चक्रले आर्थिक जीवनको प्रत्येक पक्षलाई असर गर्छ – नोक्सानी एउटा कम्पनी वा एउटा क्षेत्रमा सीमित हुँदैन बरू नियोजित रूपमा फैलिँदै जान्छ । अधिकारीहरूको अल्पदृष्टियुक्त नीतिले सिर्जना गरेको समृद्धिको भ्रम छोटो समय मात्र बाँच्दछ तर त्यसले बेरोजगारी, व्यवसाय टाट पल्टिने, बैंकहरू असफल हुनेजस्ता वास्तविक नोक्सानीतर्फ डोऱ्याउँछ । त्यसले पुँजीगत सङ्रचना र समग्र अर्थतन्त्रलाई तहसनहस बनाउँछ ।

## निष्कर्ष

सारांशमा भन्दा, पुँजी एकनाशको हुँदैन, यसलाई नबिथोलिने गरी वा मूल्यमा ह्रास नआउने गरी मनलागी फेट्न सकिँदैन, र यो कुनै भाग्यमानी मालिकलाई लगातार सुरक्षित आम्दानी दिने स्थायी स्रोत पनि होइन । यस बिपरित, पुँजी कुनै औजार वा मेसिन वा मानवीय पुँजी (मानिसको खास सीप वा ज्ञान) लगायतका निश्चित पुँजीगत वस्तुमा अवस्थित हुन्छ । यी सबै पुँजीगत वस्तुको भिन्न विशेषता हुन्छ – कुनै बढी टिक्छन्, कुनै कम; कुनैविविध प्रयोगमा आउँछन्, कुनै आउँदैनन्; कुनै परिवर्तनसँग समायोजन हुँदै जान्छन्, कुनै जाँदैनन्; कुनैलाई कम्तिमा कवाडीमा बेच्न सकिन्छ, कुनैलाई सकिँदैन ।

यसबाहेक यी पुँजीगत वस्तुले सम्भव बनाएको उत्पादकत्व र बढ्दो उत्पादकत्वले बढाएको आम्दानी ती वस्तुका मालिकहरूमा

मात्रै सीमित रहँदैन, बरू त्यसको केही हिस्सा समग्र जनसङ्ख्यामा बाँडिन्छ । मुलुकका बासिन्दा सबैले सडक र अन्य सार्वजनिक उपयोगिताका सञ्जाल, तथा आफुजस्तै अरू नागरिकको साक्षरता तथा सीप बाट लाभ प्राप्त गर्छन् । उत्पादकले बढी दक्ष विधि र औजारमा गरेको लगानीका कारण उपलब्ध भएको राम्रो र सस्तो वस्तु तथा सेवाको लाभ लिन पाउँछन् ।

तर यी लाभ स्थायी हुँदैनन् । पुँजी नाशिन सक्छ वा चोरी हुन सक्छ, क्षय हुनसक्छ वा खपत हुनसक्छ, हिनामिना हुनसक्छ वा सही व्यवस्थापन नहुन सक्छ, नयाँ प्रविधि वा आम उपभोक्ताको रूचिमा आएको परिवर्तनका कारण काम नलाग्ने बन्न पनि सक्छ । पुँजी केही भाग्यमानीहरूको कल्पवृक्ष होइन – यसलाई त रचना गर्नुपर्छ, स्याहार्नुपर्छ, सम्बर्द्धन गर्नुपर्छ र व्यवस्थापन गर्नुपर्छ । सानो काम होइन यो ।

निश्कर्षमा, पुँजीको सञ्जाल बनाउनुपर्छ । वर्तमान उत्पादन प्रक्रिया लामो र जटिल छ, यसका लागि कच्चा पदार्थ तथा पुर्जाहरू विश्वभरबाट जुटाउनुपर्ने हुन्छ र ती चिजहरू प्रशोधन र गठनका लागि अर्को जटिल र लामो अन्तर्राष्ट्रिय सङ्यन्त्रमा निर्भर हुन्छन् । ती उत्पादन प्रक्रियाका लागि आवश्यक पुँजीगत वस्तुलाई प्रत्येक चरणमा ठोस रूपमा परिचालित गर्नुपर्ने हुन्छ ।

त्यसकारण हामीले कुनै मुलुकको (वा सङ्सारकै) पुँजीलाई हडपेर शून्य लागतमा बढी मूल्यको नतिजा हात पर्नेगरी त्यसको दिशा परिवर्तन गर्न सक्छौं भन्ने मान्यता राख्यौं भने त्यो ठूलो भूल हुनेछ । सैद्धान्तिक रूपमा यो सम्भव देखिए पनि यो सम्भव हुँदैन किनकी सबैजसो वा अधिकांश पुँजीगत वस्तुको सिर्जना निश्चित उद्देश्यका लागि भएको हुन्छ र यो जटिल अन्तर्राष्ट्रिय उत्पादन सञ्जालको एक हिस्सा हो । यो भनेको एउटा "जिग्स पजल" लाई भत्काएर फेरि अर्को तर त्यो

भन्दा राम्रो चित्र बनाउँछु भन्ने कल्पना गर्नु जस्तै हो । त्यसो गर्न खोज्दा चित्रका टुक्रा अर्को किसिमले एकअर्कासँग सजिलै मिल्दैनन् र अर्को सुन्दर चित्र बन्ने सम्भावनै रहँदैन । नयाँ चित्र बनाउन चाहने हो भने नयाँ टुक्राहरूको अर्को सङ्योजन तयार पार्नुपर्छ । यसैगरी नयाँ वस्तु उत्पादनका लागि भिन्न किसिमको पुँजीगत वस्तु निर्माण गर्नुपर्छ र तीनलाई सङ्गतिपूर्ण उत्पादन सङ्रचनामा भिन्न किसिमले मिलान गर्नुपर्छ । यसलाई राम्ररी गर्न सकिने भनेको  लामो, निरन्तरको क्रमिक विकासको प्रक्रियाबाट बजारमा परीक्षण तथा भुल सुधारको माध्यमबाट हो, न कि कुनै योजनाकार, तानाशाह वा विधायकको अस्थिर र राजनीतिक निर्णयबाट ।

# ६. पुँजीवादलाई केले काम लाग्ने बनाउँछ

हामीले बुझ्यौं, धेरै चिजहरू पुँजीवादका विशिष्ट तत्वहरू होइनन् वा कतिपय त अपरिहार्य पनि होइनन्, तर पनि तिनीहरू पुँजीवादसँग सामान्यतया जोडिएका छन र तीनले पुँजीवादको सफलतामा योगदान गरेका छन् । ती निजी स्वार्थ, निजी सम्पत्ति, शान्ति, नाफा, प्रतिस्पर्धा, विशिष्टिकरण र बजार आदि हुन् ।

## निजी स्वार्थ, सम्पत्ति, नाफा र प्रोत्साहन

निजी स्वार्थः पुँजीवाद निजी स्वार्थबाट प्रेरित हुन्छ तर यसले लोभलाई दण्डित गर्छ । यी दुई कुरा नितान्त भिन्न हुन । लोभ भनेको नितान्त आफ्नै हितका लागि मात्रै काम गर्ने हो, र अर्काको हित वा भावनाको वास्ता नगर्ने, कहिलेकाँही प्रचलित नियमकानुन तथा सङ्हिताहरूको ख्याल नगर्ने हो । यसले आवश्यक होस कि नहोस चिजहरू जम्मा पार्नकै लागि जम्मा पार्ने भन्ने पनि अर्थ दिन्छ । तर पुँजीवादले त्यतिबेला मात्रै काम गर्छ जतिबेला मानिसहरूले नियमकानुनको पालना गर्छन, एक–अर्कासँग न्यायोचित व्यवहार गर्छन र आफ्ना वाचा पुरा गर्छन । भाग्यवश, अरू प्रतिस्पर्धी खरिदकर्ता तथा विक्रेताको उपस्थितिका कारण कारोबारमा ठग्न खोज्ने वा झुठ बोल्नेलाई पहिल्याएर उपभोक्ता तथा आपूर्तिकर्ताले एक्ल्याउन थाल्छन् । उन्नति गर्ने एक मात्र

उपाय अर्कालाई के आवश्यक छ त्यो उपलब्ध गराउने हो । अर्काको चासोलाई बेवास्ता गर्नुको साटो पुँजीवादले हामीलाई ती चासोप्रति जिज्ञासु बनाउँछ र तदनुरूप सेवा दिन प्रोत्साहन गर्छ ।

अर्कातर्फ, निजी स्वार्थ यस्तो मानवीय गुण हो जस बिना हामी कोही पनि बाँच्न सक्दैनौं । तर नैतिक प्रश्न के हो भने – यसलाई कसरी नियन्त्रण गर्ने र आत्मकेन्द्रीत व्यक्तिहरूको वेथितियुक्त समाजको सट्टा एउटा कार्यशील समाज निर्माण तथा सञ्चालनतर्फ यसलाई कसरी डोऱ्याउने ? फेरि पनि, भाग्यवश, पुँजीवादले निजी स्वार्थलाई सबैको हितमा लगाउन सक्छ ।

निजी स्वार्थको अर्थ के हो भने–मानिसले आफ्नो उद्देश्य, लक्ष्य, सपना, महत्वकांक्षाको प्रवर्द्धन आफैं गर्छन र ती कसैले उनीहरूमाथि थोपरेको होइन । उनीहरूले आफ्ना सपनालाई आफ्नै मात्र हितमा अगाडि बढाएका हुँदैनन्, बरू परिवार र उनीहरूले ख्याल गर्ने अरू प्रियजनको हितमा पनि लगाएका हुन्छन् । व्यापारमा जस्तै यदि दुवै पक्षको हित हुने रहेछ भने उनीहरू एकअर्कासँग सहकार्य गर्छन । उद्देश्य निजी स्वार्थ हुन सक्ला, तर यसको अर्थ अनपेक्षित नतिजा आउनै पर्छ भन्ने हुँदैन । यसबिपरित, कारोबारमार्फत हुने सहकार्यले सामान्यतया हितकारी सामाजिक नतिजा निन्त्याउँछ । यो कुरा एडम स्मिथले उनको "अदृश्य हात" को अवधारणामार्फत व्याख्या गरेका छन् ।

**निजी सम्पत्ति** : निजी सम्पत्ति पुँजीवाद विशिष्ट गुण होइन, तर पुँजीवादले राम्ररी काम गर्न यो आवश्यक हुन्छ । परोक्ष रूपमानिजी सम्पत्तिले नै उद्यमशील, एकअर्कालाई सम्मान गर्ने, इमान्दार तथा भरपर्दा सदस्यहरू भएको समाज निर्माणलाई प्रोत्साहित गर्छ ।

जीवनको सामान्य सत्य यो हो कि, मानिसहरू अरूको भन्दा आफ्नो सम्पत्तिको रेखदेख राम्ररी गर्छन् । उदाहरणका

लागि धेरै मुलुकका अपार्टमेन्टहरूका भवनका भऱ्याङ र अरू साझा भागहरू बेवास्ता गरिएका, बेहाल अवस्थामा हुन्छन् भने अपार्टमेन्ट भित्र भने त्यसका धनीहरूले बडो सुन्दर बनाएर राखेका हुन्छन् ।

त्यसैगरी, मानिसहरूले आफ्नो निजी सम्पत्तिबाट बढीभन्दा बढी मूल्य निकालिरहेका हुन्छन, जसले उनीहरूलाई तथा समग्र समाजलाई नै लाभ पुऱ्याइरहेको हुन्छ । पूर्व सोभियत सङ्घका वा माओकालिन चीनका सामूहिक खेतहरूमा भोकमरी व्याप्त भइरहेकै बेला पनि थोरै मात्र उत्पादन हुन्थ्यो भने पुँजीवादी समाजमा निजी सञ्चालनमा रहेका खेतहरूलाई सकेसम्म बढी उत्पादन हुने गरी रेखदेख गरिएको हुन्थ्यो । कसैको पनि स्वामित्वमा नभएका सङ्सारभरीका सागरमा असाध्यै धेरै माछा मारिन्छन्। तर स्कटल्यान्डका नदीमा साल्मन माछालाई ती पौडी खेन्ने नदीका मालिकले कडाइका साथ सुरक्षा दिएका हुन्छन, किनकि खेलका लागि ती माछाको उपलब्धतामा ती मालिकको जीवन निर्भर रहेको हुन्छ ।

कुनै सम्पत्तिलाई रक्षा गर्न, हुर्काउन र त्यसबाट अधिकतम मूल्य निकाल्नका लागि मानिस उक्त सम्पत्तिमाथिको अधिकार बारे ढुक्क हुनुपर्छ । कुनै सम्पत्ति कसरी राख्ने, त्यसको परिचालन कसरी गर्ने, त्यसबाट के कस्ता प्रतिफल लिने, त्यो कसरी अर्कालाई हस्तान्तरण गर्ने आदि भन्ने विषयमा स्पष्ट कानुन हुनुपर्छ । जग्गा वा पुँजीगत वस्तुको मात्र होइन अरू उपभोग्य वस्तु तथा सेवा जस्ता सम्पत्तिको किनबेच सम्बन्धी शर्तहरू प्रस्ट हुनुपर्छ र तिनको अक्षरसः पालना गरिनुपर्छ । चोरी र ठगीलाई अस्विकार गर्नुपर्छ, यसको अर्थ न्याय प्रणाली छ र यदि त्यस्ता घटना भए भने सम्पत्ति फर्काउन सकिन्छ भन्ने हुन्छ । त्यो अवस्थामा मात्र मानिसले भविष्यको कारोबारका लागि प्रतिवद्धता जनाउन सक्छन् वा

प्रतिफल प्राप्त गर्न धेरै वर्ष लाग्ने जोखिमयुक्त उद्यममा लगानी गर्न खोज्छन । पुँजीवादले यस्तो सङ्सारमा मात्र काम गर्न सक्छ ।

अनि अधिकारीहरू त सर्वसाधारण झैं उही कानुनको मातहतमा हुनै पर्छ । उनीहरूले आफ्नो राजनीतिक तथा कानुनी अधिकारलाई कुनै समूहको हितमा वा कुनै पूर्वनिर्धारित उद्देश्य पूर्ति गर्ने गरी बजारलाई बिगार्ने, बजारलाई पथभ्रष्ट हुने गरी जोखिममा पार्ने र जटिल तर दक्ष पुँजीवादी उत्पादन सञ्जाललाई भत्काउने गरी प्रयोग गर्न हुँदैन ।

**नाफाः** नाफा पनि पुँजीवादको पेवा होइन् । वास्तवमा हामी सङ्लग्न हुने सबै किसिमका गतिविधिबाट नाफा खोज्छौं किनकी वित्तीय लाभ बाहेक अरू धेरै किसिमका नाफाहरू अस्तित्वमा हुन्छन् । जिन्दगीमा हामी जेसुकै गरौं, हामीले लगानी गरेको समय र श्रमभन्दा त्यसबाट बढी लाभ प्राप्त होस भन्ने अपेक्षा गरेका हुन्छौं । पहाड चढे अनुसार भव्य दृश्य देख्न पाइयो कि पाइएन? कक्षामा बसेर लामो व्याख्यान सुनेर अनुसार केही काम लाग्ने कुरा सिकियो कि सिकिएन? यस्ता प्रश्नको जवाफ सकारात्मक आयो भने हामीले नाफा कमाएका हुन्छौं ।

व्यापारमा पनि नाफा भनेको केवल वित्तीय लाभ होइन । अधिकांश मानिस निश्चितरूपमा पैसा कमाउनकै लागि व्यवसायमा लागेका हुन्छन् । ठूलै धन कमाउँछु भन्ने अपेक्षा लिएरै व्यवसायमा आउँछन् भन्ने छैन, तर आफू र आफ्नो परिवारलाई पुग्ने जति कमाउँछु भन्ने पक्कै हुन्छ । तथापि यसो गर्दा झन दुखी हुने वा निरन्तर थकित हुनुपर्ने गरी कोही पनि काम गर्न चाहँदैन । त्यो नोक्सानी हुनेछ । मानिसले आफ्ना आर्थिक जीवनमा अपेक्षा गर्ने गैर वित्तीय नाफामा आफूलाई गर्व लाग्ने, धेरै फुर्सद मिल्ने, वा अरूको हित हुने केही गतिलो काम गरिरहेको छु भन्ने सन्तुष्टी लगायतका कुरा पर्छन् ।

कतिपयलाई यस्ता कुराबाट प्राप्त हुने सन्तुष्टी पैसाभन्दा शायद बढी मूल्यवान हुन्छ ।

पुँजीपति उद्यमीले प्राप्त गर्ने वित्तीय लाभ कुनै प्रकारको शोषणमार्फत कामदारको ज्यालाबाट आउँछ भन्ने प्रायः सुनिन्छ । तर कसैलाई पनि काममा नलगाएको उद्यमीले पनि नाफा कमाउन सक्छ र यसले माथिको तर्कलाई खण्डन गर्छ । अर्को कुरा, कसैलाई पनि निश्चित उद्यमीकोमा काम गर्नैपर्छ भनेर वाध्य पारिएको हुँदैन भने शोषणमा परिने काम किन गर्ने ? उनीहरू सजिलै अर्को रोजगारदाताकहाँ जान सक्छन् वा आफैं केही काम गर्न सक्छन् । थप अर्को तथा महत्वपूर्ण कुरा, यो तर्कले नाफा र मूल्य सिर्जना गरिने कुरा हुन् भन्ने बिर्सन्छ । त्यस्तो कुनै मूल्यको भाँडो हुँदैन जसबाट उद्यमीले कामदारको हात पन्छाएर सबै आफै हडपोस् । मूल्य खासगरी कुनै वस्तुमा नभएर हाम्रो सोचमा अवस्थित हुन्छ । कसैले एउटा फुलदानीलाई बहुमूल्य ठान्न सक्छ भने अर्कोले त्यसैलाई काम नलाग्ने भाँडो ठान्न सक्छ । मानिसले एउटै चिजको फरकफरक मूल्य लगाएका हुन्छन् र यसै आधारमा विनिमय गरेर लाभ प्राप्त गरेको अनुभव गर्न सक्छन् । उद्यमीले कामदारबाट मूल्य चोरेको हुँदैन, बरू उनीहरूको प्रतिभालाई व्यवस्थापन गरेर नयाँ वस्तु निर्माणमार्फत मूल्य सिर्जना गरेको हुन्छ ।

**उद्यमीको नाफाः** एउटा उद्यमीले विभिन्न स्रोतहरूबाट नाफा कमाउन सक्छ । उदाहरणका लागि मानिसले चिजहरूलाई लगाउने मोलको फरकलाई आधार बनाई गरिने कारोबारदेखि श्रम, उत्पादन विधि, बजारीकरण तथा वितरणजस्ता उत्पादनका आगतहरूको दक्षतापूर्ण व्यवस्थापनमार्फत उपभोक्ताको मागलाई प्रभावकारी रूपमा सम्बोधन गरेर उद्यमीले नाफा कमाउन सक्छ । अरूले नदेखेको सम्भावनालाई पहिल्याएर पनि नाफा गर्न सकिन्छ ।

केही उद्यमीले सम्भावित मागको पहिचान गरेर पनि नाफा कमाएका छन् । उदाहरणका लागि सोनीले वाकम्यान बनाएर, स्टारबक्सले विशिष्ट पसल बनाएर सफल भएका छन् । केही उद्यमीहरूले नयाँ आविष्कार गरेर नाफा कमाएका छन् । एलि ह्विट्नीले "कटन जिन" र थमस एडिसनले विद्युतीय चिम बनाएर यस्तो उदाहरण प्रस्तुत गरेका छन् । अरूले चल्तीका प्रविधिमा आधारित रही नयाँ उत्पादन ल्याएर नाफा कमाएका छन् । जेम्स डायसनले भ्याकुम क्लिनर र एप्पलले आइफोन बनाएर यसै गरेका हुन् ।

उद्यमीले उपभोक्तालाई सजिलो हुने उपाय पनि पत्ता लगाउन सक्छन्, जसरी एमजनले अनलाइन सपिङलाई सजिलो बनायो वा पूर्ण रूपमा नयाँ किसिमको बजार र काम गर्ने शैली ल्यायो । यसैगरी उबर, एयरबिएनबी र अरू धेरै एप्सले "सेयरिङ इकानोमी" को विकास गरेका छन् । नियमनमा सुधारले पनि नयाँ किसिमका उद्यमशील अवसर सिर्जना गर्न सक्छ । उदाहरणका लागि अमेरिकामा बेल टेलिफोन कम्पनी र बेलायतमा ब्रिटिस टेलिकमको एकाधिकार तोडिएपछि मोबाइल फोनको सञ्जालमा व्यापक विस्तार भएको थियो ।

निसन्देह, केही मानिसले सुखद दुर्घटनाबाट पनि नाफा कमाएका छन्, जस्तै कुनै आविष्कार वा उत्पादन जसले सर्वसाधारणको कल्पनाशीलतालाई पक्रन्छ र सर्जकलाई तत्काल सफलता हात पर्दछ । केहीले कवाडी पसलबाट किनेर ल्याएको चित्रकला पुरानो कुनै सिद्धहस्त कलाकारको भएको पनि फेला पारेका छन् । तर यी विशुद्ध उद्यमशील नाफालाई भाग्यको खेल र अनुपयुक्त कमाइ मान्नु गलत हो । अधिकांश उद्यमीले सफलताका लागि कडा मिहिनेत गरेका हुन्छन, आफ्नो उत्पादनको प्रवर्द्धन गर्न धेरै समय र श्रम लगाएका हुन्छन् । उनीहरूले असफलता र अस्वीकार बेहोरेका हुन्छन् तर सफल नभइञ्जेल लागिपरेका

हुन्छन् । जे.के. रोलिङको पहिलो ह्यारी पोर्टर उपन्यासलाई ब्लुम्सबरीले स्वीकार गर्नुअघि १२ वटा प्रकाशकले अस्विकार गरेका थिए —ब्लुम्सबरीले नै पनि यो यति सफल होला  भन्ने अपेक्षा गरेको थिएन ।

**प्रोत्साहनः** तसर्थ उद्यमशील नाफा धेरैजसो वा कहिलेकाँही मात्र भाग्यको खेल हो भन्ने हुँदैन । यो त कल्पनाशीलता, प्रतिभा, समय, श्रम, सीप, जोखिमवहन तथा निरन्तरताको लगानी माग गर्ने सक्रिय अभियान हो । यस्ता धेरै अभियान असफल पनि हुन्छन्, तर जुन सफल हुन्छन्तिनले धेरैको जीवनमा सुधार ल्याउँछन र थप प्रगतिका लागि जग बसाउँछन् ।

यसका लागि उद्यमशीलता र लगानीलाई प्रोत्साहित गर्ने कानुनी, राजनीतिक तथा सामाजिक सङ्स्कृति आवश्यक हुन्छ र यी सबै निर्भर गर्ने व्यक्तिगत गुण महत्वपूर्ण हुन्छ । ती मध्ये प्रमुख कुरा शान्तिसुरक्षा तथा विधिको शासन हो, जसले उद्यमीमा आफ्नो काम वा सिर्जना कुनै विदेशी सेना, स्वदेशी अपराधी वा आफ्नै सरकारबाट क्षति वा चोरी नभई ढुक्कसँग लगानी गर्न सकिन्छ भन्ने सुनिश्चितता दिलाउँछ । उदाहरणका लागि, उच्च दरको कर र कडा नियमनले व्ययसायको जोखिम र लागत बढ्ने हुनाले उद्यमीहरू सजिलै निरूत्साहित हुन्छन् ।

## प्रतिस्पर्धाको प्रक्रिया

पुँजीवादलाई गतिशील बनाउने अर्को तत्व प्रतिस्पर्धा हो । प्रतिस्पर्धामा अगाडि हुन, आफ्ना उपभोक्तालाई अन्त जान नदिन उत्पादकले निरन्तर नवसिर्जना गरिरहनुपर्छ र उनीहरूले उपभोक्ता माझ लैजाने कुरा उत्पादन विधिमा सुधार गरिरहनुपर्छ ।

अर्थशास्त्रका पाठ्यपुस्तकले प्रतिस्पर्धाको यो आयामलाई विरलै व्याख्या गरेका हुन्छन् । ती पुस्तकहरूमा "पूर्ण प्रतिस्पर्धा"

को कुरा गरिएको हुन्छ । त्यो सैद्धान्तिक अवस्थामा सधैं धेरै सङ्ख्याका उस्तै क्रेता र बिक्रेताहरूले उस्तै वस्तु किनबेच गरिरहेका हुन्छन् । तर यथार्थमा बिक्रेता र क्रेता सबैजना फरक हुन्छन् । उस्तै वस्तु बिक्री गर्नुको साटो बिक्रेता आफ्नो वस्तुलाई कसरी भिन्दै बनाउने, खरिदकर्तालाई के कुरा फरक दिएर प्रतिस्पर्धीको भन्दा आफ्नोलाई बिक्रीयोग्य बनाउने भन्ने सोचमा हुन्छ ।

दुर्भाग्यवश, "पूर्ण प्रतिस्पर्धा" को यो अवधारणा यति व्यापक छ कि पुँजीवादका समर्थकहरू समेत प्रतिस्पर्धाले वास्तवमा कसरी काम गर्छ भन्ने कुरालाई बुझ्न चुकेका छन् । "पूर्ण" भन्ने पदले अल्मल्याएका कारण पुँजीवादका आलोचकहरूले (समर्थकहरूले पनि) सरकारले बजारलाई "पूर्ण" बनाउन हस्तक्षेप गर्नुपर्छ भन्छन् ।

तर वास्तविक बजार कहिल्यै पनि "पूर्ण" सन्तुलनमा हुँदैन । प्रतिस्पर्धा समायोजन, नवप्रवर्तन तथा सुधारको निरन्तर प्रक्रिया हो । यहि नै हामीलाई प्रतिस्पर्धाले दिने सबैभन्दा ठूलो लाभ हो । जब उद्यमी हाम्रो बदलिंदो आवश्यकतालाई पूर्ति गर्न तल्लिन हुन्छन् तब नयाँ उत्पादन र नयाँ विधिले पुराना कम प्रभावकारी वस्तु र विधिलाई विस्थापित गर्छ । उपभोक्ताहरूले यो प्रक्रियालाई गतिशील बनाउँछन्, न कि सरकारी अधिकारीले । कुनै अधिकारीले बजारलाई "पूर्ण" बनाउने प्रयास गरे भने यो कुनै एउटा अवस्थामा गएर अडिन्छ, तर वास्तविक प्रतिस्पर्धामा उपभोक्ताहरू निर्दयी तवरले उत्पादकबाट राम्रोभन्दा राम्रो वस्तुको माग गरिरहेका हुन्छन्, र उत्पादकहरू ती मागको पूर्ति गर्न राम्रोभन्दा राम्रो उपायहरू खोजिरहेका हुन्छन् ।

यो प्रक्रियामा केही व्यवसाय टिक्न सक्दैनन् । तर बजारको प्रतिस्पर्धा भनेको कुनै जैवीक प्रतिस्पर्धा होइन जहाँ स्रोतहरूको निश्चित आपूर्ति होओस् र त्यो स्रोत प्राप्त गर्नु कसैको जीवन मरणको सवाल होओस् । प्रतिस्पर्धाले नै स्रोत सिर्जना र त्यसको

कुल मूल्य विस्तार गर्छ । व्यवसायीहरूले बजारमा दिनानुदिन परीक्षण बेहोरिरहने हुनाले उनीहरूले निरन्तर रूपमा स्रोतहरूलाई कम मूल्य क्षेत्रबाट उच्च मूल्य क्षेत्रतर्फ लैजानुपर्छ । त्यसैले कोही पनि नासिँदैन, उनीहरूले केवल फरक ढंगले काम गर्नुपर्छ ।

## विशिष्टिकरण र बजार

विशिष्टिकरण र यसका फाइदाः पुँजीगत वस्तु अति विशिष्टीकृत हुन सक्छन् । धेरैजसो कुनै निश्चित वस्तु वा त्यसको पुर्जा मात्र उत्पादनका लागि प्रयोग गर्न सकिने खालका हुन्छन् । केही त्यस्ता वस्तु हुन्छन् जसले हजारौं गुणा छिटो र सस्तो वस्तु उत्पादन गर्न सक्छन् । उदाहरणका लागि तिनीहरूको सहयोगमा खानीबाट फलाम निकालिन्छ, पगालिन्छ, इन्जिनको ढाँचामा ल्याइन्छ र हजारौं मोटरकार बनाइन्छ । यो काम हातैले गर्नेभन्दा धेरै सस्तो र छिटो हुन्छ । यसैगरी सीपहरू पनि विशिष्ट हुन्छन्, सजावटको काम गर्ने, छाना बनाउने, सिसाका झ्यालढोकाको काम गर्ने, बिजुली तथा सिकर्मीको काम गर्नेहरूले हाम्रो घर बनाउँछन र त्यसलाई व्यवस्थित गर्ने सेवा प्रदान गर्छन । यो काम हामी आफैंले गर्नेभन्दा उनीहरूले बढी राम्ररी र सुरक्षित ढंगले गर्छन । विशेषज्ञ चिकित्सकले हाम्रा स्वास्थ्य समस्याका बारेमा तिनका गैर विशेषज्ञ सहकर्मीले भन्दा राम्ररी थाहा पाउन सक्छन् । सामान्य मानिसले सबै स्वास्थ्य समस्याका बारेमा सबै कुरा थाहा पाउन सक्दैनन् वा घर कसरी रंग्याउने वा वासिङ मेसिन मर्म्मत गर्ने भन्ने जान्दैनन् । फेरि सबैजनाले कार बनाउनका लागि आवश्यक पुँजीगत वस्तु पनि राख्न सक्दैनन् । यदि हामी सबैले यसो गर्न थाल्यौं भने त्यो खेर जान्छ । यसको सट्टा हामीले सीप तथा पुँजीगत वस्तुका हिसाबले एकअर्काको विशिष्टिकरणबाट लाभ उठाउन सक्छौं । हाम्रो कार, घडी, कपाल काट्ने लगायत हामीले

चाहने अरू धेरै कुराहरू अरू मानिसको विशिष्टीकरणका कारण सस्तो र राम्रो हुँदै गएका छन् ।

**बजार :** वास्तवमा विशिष्टिकरणले पुँजीवादलाई उत्पादनशील बनाएको छ र यसले उत्पादित वस्तु तथा सेवा वितरणका लागि सोही अनुरूपको दक्ष प्रणाली माग गर्दछ । यसैकारण पुँजीवाद सँगसँगै बजार पनि विकास भएको हो । हाम्रो उत्पादनबाट पैदा भएको ठूलो बचतलाई व्यापार गर्ने तथा अन्य मानिसकोउत्पादकत्वको फलबाट लाभ लिने सुविधा बजारले उपलब्ध गराउँछ।

भिन्न मानिसले एउटै वस्तु तथा सेवालाई फरक मूल्य लगाउने भएकाले बजार विनिमय सम्भव हुन्छ । आकार र तौलजस्तो वस्तुगत गुण मूल्यमा हुँदैन । बरू मूल्य त हेर्नेको सोचमा अवस्थित हुन्छ । हामीले मुद्रामार्फत वा प्रत्यक्ष रूपमा बढी मूल्यवान ठानेको वस्तु लिएर कम मूल्यवान ठानेको वस्तु दिंदा आफुले आफुलाई पहिलेभन्दा राम्रो अवस्थामा भएको पाउँछौं – हामीसँग कारोबार गर्ने अर्को मानिसले पनि त्यस्तै मानेको हुन्छ । यसरी हाम्रो कारोबारबाट कुनै नयाँ वस्तु सिर्जना गरेको नभएपनि कुल मूल्य बढेको हुन्छ ।

पुँजीवादको विशाल उत्पादकत्वका सन्दर्भमा यो अझै महत्वपूर्ण हुन्छ । उदाहरणका लागि जोत्न, बिऊ छर्न र बाली उतार्नका लागि ठूलो यन्त्र प्रयोग गर्ने एउटा गहुँ वा जौ उत्पादक किसानले आफ्नो उत्पादनको अत्यन्तै सानो अंश मात्र खपत गर्न सक्छ । र उसका लागि त्यो उत्पादनको मूल्य उसले बजारमा त्यसलाई केसँग विनिमय गर्न सक्छ भन्ने आधारमा तोक्दछ । ठीक यस्तै अवस्था दिनदिनै चक्र घुमाएर सयौं कप, बटुको आदि भाडा बनाउनेको पनि हुन्छ । यसैगरी मोटर बनाउने, जुत्ता बनाउने, सिद्धहस्त पानीरंग चित्रकार वा रेस्टुराँ सञ्चालकको हकमा पनि

यहि लागु हुन्छ । तर बजारले सबै किसिमका वस्तुका लागि ती वस्तुलाई धेरै मूल्यवान ठहऱ्याउने ग्राहक जुटाइदिन्छ ।

विनिमय प्राचीन कालदेखि चलिआएको भए पनि बजार विकसित तथा सङ्गठित हुदै जाँदा त्यहाँ विनिमय हुने वस्तुहरूको दरभाउ (मूल्य) बढी जानकारीमा आउने तथा अनुमानयोग्य हुन थाल्छ । यसले पनि सबैलाई लाभ पुऱ्याउँछ, किनभने यसले हाम्रो स्रोतहरूलाई कता लगानी गऱ्यो भने अधिकतम प्रतिफल पाउन सकिन्छ भन्ने हामीलाई सङ्केत गरेको हुन्छ । यसले उत्पादकहरूलाई पनि उनीहरूका उत्पादनले कहाँ बढी मूल्य पाउन सक्छ भन्ने कुरामा मद्दत पुऱ्याउँछ । उदाहरणका लागि इन्टरनेट चल्ने फोनका कारण सङ्सारको सुदुर भागमा रहेका साना किसानले पनि अन्तर्राष्ट्रिय खाद्य बजारमा के मूल्य चलिरहेको छ, थोक बिक्रेताले आफुलाई उचित मूल्य दिइरहेको छ कि छैन भन्ने थाहा पाउन सक्छन् । अझ भविष्यको बजार (डेरिभेटिभ्स) लाई हेरेर उनीहरूले के बाली लगाउने र कहिले लगाउने ताकि त्यसको अधिकतम प्रतिफल पाइयोस् भन्ने निर्णय गर्न सक्छन् ।

बजार नियम र विधानको अधिनमा रहने भएपनि यो प्रायसः उपभोक्ताको बदलिदो मागसँग समायोजन हुँदै जान्छ । बजारले "सेयरिङ इकोनोमी एप्स" जस्ता नयाँ उत्पादन र विधिहरूलाई बेहोर्नुपर्ने हुन्छ । सबै खालका नवप्रवर्तनहरूले बजार नियमकलाई चुनौती दिन्छन् । नयाँ उत्पादन सुरक्षित छ कि छैन, यसको कारोबार हुन दिने किन नदिने भन्ने जायज चासो एकातिर रहन्छ भने अर्कातिर प्रायः प्रतिस्पर्धासँग डराउने साबिकका व्यापारीले नयाँलाई आउन नदिन अभियान चलाएका हुन्छन् । खासगरी आपूर्तिकर्तालाई अनलाइनबाटै तत्कालै र सजिलै मूल्यांकन गर्न सकिने भएकाले बजारलाई खुला राख्दा नै फाइदा हुन्छ । नवप्रवर्तनलाई ठाउँ दिंदा मात्र प्रगति गर्न सकिन्छ ।

## पुँजीवाद र राज्य

पुँजीवादका समर्थकहरू राज्यले पुँजीगत वस्तु स्वामित्वमा लिने वा प्रयोगमा ल्याउने गर्नु हुँदैन भन्छन । उनीहरू राजनीतिकर्मी र सरकारी अधिकारीहरू उपभोक्ताको वृहत आवश्यकताभन्दा प्रायः आफ्ना सङ्कुचित चासोहरूबाट निर्देशित हुन्छन् भन्ने तर्क गर्छन् । धेरै गरे राज्यले व्यक्तिगत अधिकार, न्याय तथा गैरदोहनकारी सहकार्यजस्ता सिद्धान्तहरूको रक्षा गनुपर्छ जसले पुँजीवादलाई गतिशिल बनाउँछन् । यसो गर्नका लागि राज्यसँग प्रहरी, सेना, अदालत तथा कारागारजस्ता आफ्नै बाध्यकारी शक्ति हुनुपर्छ । तर सबै किसिमका शक्तिले भ्रष्ट बनाउँछ र निजी चासोको शिकार बन्छ, त्यसैले सरकारको शक्तिलाई सीमित बनाउनु पर्छ ।

पुँजीवादका समर्थकहरू के तर्क गर्दछन् भने, व्यक्तिले धेरैजसो कुराहरू आफै निर्णय गर्न सक्दछ तर सुरक्षा, नयाँ विमानस्थल, सडक जस्ता सामूहिक परियोजनाका सन्दर्भमा निर्णयका लागि प्रजातान्त्रिक बाटो उचित हुन्छ । उनीहरू प्रजातन्त्रलाई राज्यको दोहनकारी शक्ति हत्याउन खोज्नेलाई नियन्त्रण गर्ने र आवश्यक परेको बेला हटाउन सक्ने शान्तिपूर्ण मार्ग हो भन्ठान्छन् ।

तर प्रजातन्त्रलाई कार्यशील बनाउनका लागि यसको पनि सीमा निर्धारण गरिनुपर्छ । सबै कुराको निर्णय गर्नका लागि यो उचित प्रणाली होइन। हामीले अरू तरिकाले गर्न सक्ने निर्णयहरूमा पनि यसले राजनीतिलाई ल्याएर मिसाउने काम गर्छ । फेरि प्रजातन्त्रको अर्थ बहुमतको ५१ प्रतिशतले अल्पमतमा रहेको ४९ प्रतिशतका जीवनको हरेक पक्षमा निर्णय गर्न सक्छ र शोषण गर्न सक्छ भन्ने पनि होइन । प्रजातन्त्रका लागि सहिष्णुता र आत्म नियन्त्रणको सङ्स्कृति पनि आवश्यक हुन्छ । नागरिक र राजनीतिकर्मी दुवैले यी सीमाहरूलाई बुझेको हुनुपर्छ । तर प्रायसः

प्रजातन्त्रका बारेमा उनीहरू यति धेरै गौरवान्वित हुन्छन कि सबै कुरा प्रजातान्त्रिक तवरबाटै निर्णय हुनुपर्छ भन्छन् । दुर्भाग्यवश यसको अर्थ धेरै कुराहरू राजनीतिक तवरबाट निर्णय गर्नुपर्छ भन्ने हुन जान्छ । यसले तनाब तथा द्वन्द्व निम्त्याउँछ र हामी सबैलाई बहुमतबाट शोषित हुन बाध्य बनाउँछ ।

सङ्विधानले प्रजातन्त्रलाई राम्ररी काम गर्न र अल्पसङ्ख्यकको रक्षा गर्ने विषयमा केन्द्रीत हुन सहयोग पुऱ्याउन सक्छ । यस्तो प्राप्तिका लागि सङ्विधान सर्वमान्य र तुलनात्मक रूपमा स्थायी हुनुपर्छ र सङ्शोधनका लागि प्रचण्ड बहुमत आवश्यक हुनुपर्छ । तर कुनैपनि दस्तावेजले व्यक्तिगत अधिकार र पुँजीवादलाई कार्यशील बनाउने सङ्स्थाहरूको सुनिश्चितता गर्ने र त्यसको रक्षा गर्ने काम गर्दैन । केवल आत्मा, सोच, नैतिकता, सङ्स्कृति र सहिष्णुताले मात्र त्यसलाई प्राप्त गर्न सकिन्छ ।

# ७. पुँजीवादको नैतिक आयाम

## समाजवादी तथा पुँजीवादी नैतिक दृष्टि

सन २०१४ को पुस्तक ह्वाई नट क्यापिटलिज्म? मा अमेरिकी राजनीतिशास्त्री जेसन ब्रेनन (१९७९-) ले समाजवादी र पुँजीवादी नैतिकताको भेद प्रस्तुत गरेका छन् ।

उनी भन्छन्, असल समाजवादी समाजको अवधारणा सर्वविदित नै छ – कुनै परिवार पिकनिक जाँदा सबै जनाले सदाचारी व्यवहार देखाएझैं समाजवादमा मानिसहरू एक साझा उद्देश्यका लागि सामूहिक भावनाले काम गर्छन्, आफ्नो मात्रै नभएर अरूको पनि ध्यान राख्छन् । पुँजीवादले कहिल्यै पनि त्यस्तो सामञ्जस्यपूर्ण सहकार्य प्राप्त गर्न सक्दैन किनभने यो व्यक्तिगत स्वार्थ तथा लोभजस्ता दोषहरूबाट निर्मित भएको हुन्छ । हामी पुँजीवादलाई केवल यसकारण सहन्छौं कि समाजवादका लागि योग्य हुने गरी हामी असल भइसकेका छैनौं, तथा स्वार्थ त्याग गर्ने र सबैको कल्याणका लागि बाँच्ने नैतिक बलको अभाव हामीसँग छ ।

तर ब्रेनन भन्छन्, पुँजीवादका बारेमा पनि यत्तिकै बलियो तर्क पेश गर्न सकिन्छ । यो पारस्परिकताको सिद्धान्तका आधारमा

आपसी सहयोगबाट बनेको हुन्छ । यसले बलप्रयोग र शोषणलाई अस्विकार गर्छ । यसले अर्काको हित गर्नेलाई पुरस्कृत गर्छ जसकारण विश्वास र सहकार्यको विकास हुन्छ । यसले मानिसलाई स्वतन्त्रतापूर्वक र शान्तिपूर्वक आफ्ना उद्देश्य पूरा गर्न दिन्छ, न कि सत्तामा भएकाले छानेको एकल उद्देश्य।

यसैगरी, विवधताले मानिस–मानिसबीच सहिष्णुता प्रवर्द्धन गर्छ, उनीहरूका फरक महत्वाकांक्षा र जीवनशैलीको सम्मान गर्छ, अनीहरूलाई कुनै आर्थिक यन्त्रको पुर्जाका रूपमा भन्दा पनि एक व्यक्तिका रूपमा व्यवहार गर्छ । यस्ता मानवीय व्यवहार चर्च, परोपकारी सङ्स्था आदि नागरिक समाजका स्वयंसेवी सङ्स्थाहरू मार्फत व्यक्त हुन्छन् – पुँजीवादी समाजले सिर्जना गर्ने थप सम्पत्तिले यिनलाई थप बल दिएको हुन्छ ।

यस्तो पुँजीवादी दृष्टिकोण बढी यथार्थपरक पनि हुन्छ । पुँजीवादी सिद्धान्तले एउटा सानो समूहका लागि मात्र नभएर पूरै विश्वका लागि काम गर्न सक्छ । तर पारिवारिक पिकनिकरूपी समाजवादी ढाँचा भने बाहिरिया भित्रन थालेपछि भत्किन्छ । अनि हाम्रो नैतिक कमजोरीलाई दोष दिनुको तुक हुँदैन । पुँजीवादले हामीलाई परहितकारी सन्त बन्नु पर्छ भन्दैन, बरू हाम्रो नैसर्गिक निजी स्वार्थलाई सामाजिक लाभमा रूपान्तरण गर्छ । प्रतिभा, ध्यानदृष्टि, ऊर्जा तथा उत्पादनशील सङ्गठनलाई पुरस्कृत गरेर यसले हामीलाई स्वचालित रूपमा नवप्रवर्तन, आविष्कार र अर्काको सेवा गर्ने कार्यतर्फ डोऱ्याउँछ ।

## पुँजीवादले मूल्य सिर्जना गर्छ र सम्पत्ति फैलाउँछ

मूल्य तथा सम्पत्ति सिर्जना गर्ने, र त्यसलाई फैलाउन सक्ने पुँजीवादको एक अर्को नैतिक गुण हो । पुँजीवादले मानिसलाई अर्काको चाहना पत्ता लगाउन र त्यसको पूर्ति गर्न प्रोत्साहित

गर्छ । उच्च उत्पादनशील पुँजीगत वस्तुहरूको प्रयोग मार्फत यसले हामीलाई थोरै नभएर धेरै मानिसको आवश्यकता पूर्ति गर्न सक्षम बनाउँछ ।

त्यसैले त पुँजीवादको विकासले मानिसको आम्दानी र सम्पत्तिमा उल्लेख्य वृद्धि भएको कुरा आश्चर्यको विषय रहेन । मानव इतिहासको लामो समयसम्म औसत आम्दानी जीवन निर्वाहको तहमा थियो, आधुनिक हिसाबमा भन्दा दैनिक एक देखि तीन अमेरिकी डलरको बीचमा । तर सन् १८०० को वरिपरि अचानक तीब्र गतिमा आम्दानी उकालो लाग्न थाल्यो र यो आकासिने क्रम अहिले पनि जारी छ । यसबाट खासगरी गरिबहरू लाभान्वित भएका छन् – विश्व बैंकका अनुसार सन् १९९० मा ४० प्रतिशत जनसङ्ख्या प्रतिदिन १.९० डलरमा बाँच्दथ्यो भने अहिले त्यो अनुपात १० प्रतिशतमा झरेको छ । पछिल्ला ३५ सय वर्षमा भन्दा पछिल्ला ३५ वर्षमा गरिबीमा धेरै कटौती भएको छ ।

मानिसलाई आफ्ना आवश्यकता र चाहनाका धेरैभन्दा धेरै वस्तु ग्रहण गर्न सक्ने क्षमता दिनुका अलावा पुँजीवादले पहिलेभन्दा झन् राम्रा वस्तु राख्न सक्ने बनाएको छ । प्रतिस्पर्धाले उत्पादकलाई नवप्रवर्तन गर्न, मूल्य घटाउन र गुणस्तर बढाउन प्रेरित गर्छ । परिणामस्वरूप खाना, आवास, लत्ताकपडा तथा इन्धनजस्ता आधार भूत आवश्यकताका वस्तु पहिलेभन्दा हाल सस्तो र गुणस्तरीय भएका छन् । सन १८०० मा सङ्सारका केही मानिसले मात्र ताजा मासु किनेर खान सक्थे, अहिले पुँजीवादी मुलुकका सबैले खान सक्छन् । बेलायतका राजनीतिक तथा प्राकृतिक विज्ञानका ज्ञाता म्याट रिड्ली (१९५८-) को पुस्तक द रासनल अप्टिमिस्ट (२०११) मा उल्लेख भएअनुसार सन् १८०० मा एक घण्टाको मैनबत्तीको उज्यालोका लागि ६ घण्टाको श्रम लागत पर्थ्यो । सन् १८८० मा आइपुग्दा उत्तिकै समयको मटितेल बत्तीको प्रकाशलाई १५ मिनटको

श्रम लागत पर्थ्यो । अहिले, "एलइडी"का लागि आधा सेकन्ड पर्याप्त हुन्छ । यसरी प्रकाशका आधारमा हामी सन् १८०० भन्दा ४३,२०० गुणा बढी राम्रो अवस्थामा छौं ।

सम्पत्तिमा भएको यस्तो विशाल वृद्धिले मानिस पहिलेभन्दा बढी स्वस्थ, अग्ला, दीर्घजीवी भएका छन् । हामीले मान्दै आएको प्रविधिको लहरले मात्रै यसको पूर्ण व्याख्या गर्न सक्दैन । आखिर यी सबै प्राविधिक विकासलाई पुँजीवादको प्रोत्साहनले नभई के ले अगाडि बढाएको हो त ? यो "ग्रेट इनरिचमेन्ट" को कुरा अचानक किन आयो ? किन पश्चिम जर्मनहरू मर्सिडिज र बिएमडब्लुजस्ता विलासी कारहरू चढिरहेका बेला पूर्वी जर्मनहरू भरकाटा, अप्ठेरा र धेरै प्रदुषण गर्ने त्राबान्त र युगो खरिद गर्नका लागि सङ्घर्ष गरिरहेका हुन्थे ?

राम्रो प्रविधिले निश्चित रूपमा हाम्रो जीवनस्तरमा सुधार ल्याउँछ तर पुँजीवादले नै ती कुराहरूको विकास गर्न प्रोत्साहन गर्छ । त्यसका लागि सम्पत्ति अधिकार अपरिहार्य हुन्छ, यसले मानिसलाई भविष्यमा उपलब्ध हुने प्रतिफल भोग गर्न पाइन्छ भनेर अनुसन्धान गर्ने, आविष्कार तथा विकास गर्ने आत्मविश्वास र साधन उपलब्ध गराउँछ । ती नयाँ प्रविधि र उत्पादनहरू दक्ष पुँजीवादी उत्पादन तथा बजार वितरण प्रणालीमार्फत टाढाटाढा सम्म तीब्र गतिमा फैलिन्छन् ।

त्यसैले त खासगरी चीन, भारत, पूर्वी युरोप र अरू मुलुकहरू अन्तर्राष्ट्रिय व्यापार तथा पुँजीवादी सिद्धान्तमा खुलेपछि नै सन् १९८० दशकदेखि सङ्सारको गरिबीमा तीब्र गिरावट आएको थियो । दोस्रो विश्वयुद्धका बेला सिङ्गापुर, हङकङ, ताइवान, जापान र दक्षिण कोरिया सङ्सारकै गरिब मुलुकमध्येमा पर्थे तर केही दशकको व्यापार तथा पुँजीवादले ती मुलुकलाई सङ्सारकै धनी बनाइदियो । उनीहरूका छिमेकी उत्तर कोरिया, कम्बोडिया र

लाओस अथवा मलेसिया र चीनले नै पनि त्यसो गर्न सकेनन् यद्यपि मलेसिया र चीनले पछिल्लो समय पछ्याइरहेका छन् । व्यापार र पुँजीवादबाट सबैभन्दा बढी लाभ प्राप्त गर्ने गरिबहरू नै हुन भनेर यी उदाहरणहरूले भन्छन । अति गरिबका लागि त प्रतिदिन थप एक डलर भनेको पनि जीवन र मृत्युबीचको फरक जत्तिकै हो ।

## सम्पत्ति अधिकारको मानवीय लाभ

सम्पत्ति अधिकारले मानिसलाई स्रोत प्रयोग गर्ने अधिकार मात्रै दिँदैन । यसले तिनीहरूलाई स्रोतहरूको रक्षा गर्ने, विकास गर्ने र वृद्धि गर्ने प्रेरणा दिन्छ । निजी सम्पत्ति सामूहिक सम्पत्ति वा कसैको पनि स्वामित्वमा नभएको सम्पत्ति भन्दा राम्ररी हेरचाह हुन्छ, र बढी उत्पादनशील ढंगले प्रयोग हुन्छ । यसको ज्वलन्त उदाहरण सोभियत सङ्घ र माओकालिन चीनमा सामूहिक खेतीको दुखद असफलता हो जसले भोकमरी र अभावमात्र उत्पादन गरेको थियो । कसैको पनि स्वामित्वमा नहुने समुन्द्रमा अधिक मात्रामा माछा मारिने कुरा अर्को उदाहरण हो । आइसल्यान्ड र न्युजिल्यान्डले मात्र माछा मार्ने जहाजलाई प्रभावकारी रूपमा कोटा प्रदान गरेर माछाको राम्ररी सङ्रक्षण गरिरहेका छन् ।

सम्पत्ति अधिकारले मात्र मानिसलाई उनीहरूले चाहेजस्तै गरी विकसित हुन र अभिव्यक्त हुन दिन्छ । राज्य लगायत अरूबाट हुन सक्ने अतिक्रमणबाट जोगाउने गरी सम्पत्तिले आश्रय प्रदान गर्छ । एंग्लो–अस्ट्रियाई राजनीतिक तथा अर्थशास्त्री एफ. ए. हायक (१८९९–१९९२) ले उनको १९४४ को पुस्तक द रोड टु सर्फडममा औंल्याएका छन । यदि शत्रुवत व्यवहार गर्ने सरकारले सभा हल, कागजको आपूर्ति तथा मिडियालाई आफ्नो अधिनमा राख्यो भने मानिसले आफ्नो फरक राजनीतिक विचार राख्न वा छलफल गर्नका लागि समेत स्थान पाउँदैनन् ।

सम्पत्तिले हामी भित्रको प्राकृतिक स्वभावलाई पनि सन्तुष्ट पार्छ । हामीसँग भएका चिजबिजहरू हाम्रो स्वभावका गोचर रूप हुन् । ती हामी केटाकेटी हुँदा जम्मा पारेका चिज वा हामीलाई प्रिय मित्रहरूले दिएका उपहार वा हामी कतै गएका बेलाको वा कुनै घटनाका चिनोहरू हुन सक्छन् । ती चिज (मानौं कार वा वासिङ्ग मेसिन) ले हामीलाई केही लाभ, सुविधा र स्वतन्त्रता दिन्छन् । ती चिजलाई केवल राख्दा, जगेर्ना गर्दा, व्यवस्थापन गर्दा, सुरक्षा गर्दा वा विकसित गर्दा हामीलाई आनन्द आउने पनि हुन सक्छ । जस्तो कि कतिपय मानिसलाई यो घर मेरो हो, वा यो उद्यम मेरो हो भन्दा गर्व महसुस हुन्छ ।

केही पुँजीवादविरोधीहरू स्रोतहरूलाई कसैको स्वामित्वमा राख्नेभन्दा साझा गरिनुपर्छ भन्ने तर्क गर्छन् । तर मूल्यवान स्रोतहरू बाँडनका लागि तयारी अवस्थामा हुनेगरी स्वतः अस्तित्वमा आएका हुँदैनन् । बरू तिनलाई त अस्तित्वमा ल्याउनुपर्छ । एउटा मरूस्थलमा खेतीपाती गर्ने वा तेल खानी उत्खनन गर्ने सम्भावना पहिल्याएर कसैले खेती वा उत्खननन नगरेसम्म वा केही नबनाएसम्म त्यो त्यत्तिकै रहन्छ । कसैको ज्ञान र श्रम लगानी भएको स्रोतहरूलाई बलपूर्वक बाँड्न लगाउनु अन्याय मात्र होइन प्रत्युत्पादक पनि हुन्छ । आखिर कुनै लाभ हुँदैन भने कोही किन केही सिर्जना गरोस ? उनीहरू पनि निष्क्रिय बसेर अरूको मिहिनेतबाट भागबण्डा पाइने पर्खाइमा बसे भैगो नि ।

## समानता र समृद्धि

पुँजीवादी समाजमा सम्पत्ति र आयमा हुने कथित असमानता र त्यस्तो असमानताले पूनर्वितरणलाई किन उचित ठहऱ्याउँछ भन्ने बारेमा धेरै लेखिसकिएको छ । तर तथ्यहरूले ती तर्कलाई समर्थन गर्दैनन् । असमानताका आँकडाहरू गणना गर्दा प्रायः कर

अघिको आम्दानी र सामाजिक सुरक्षाको हिसाब गरिन्छ । तर उच्च आय हुनेको कर तिरेपछिको कुल आय र न्युन आय हुनेको बेरोजगारी भत्ता, बिरामी खर्च, अवकाश खर्च आदि पाएपछिको आय तुलना गर्ने हो भने आय वितरण समाजवादी र पुँजीवादी समाजमा खासै भिन्न देखिदैन । राज्यले गरिबतम जनसङ्ख्यालाई सित्तैमा उपलब्ध गराउने स्वास्थ्य तथा शिक्षा लगायतका सार्वजनिक सेवालाई पनि समावेश गर्ने हो भने भिन्नता अझ कम हुन्छ । यसबाहेक आँकडाहरूले सम्भावित गतिशील असरहरूलाई बेवास्ता गर्छन् । एक वार्षिक सर्वेक्षणको तर्क के छ भने सङ्सारकै सबैभन्दा गरिब मानिस युवा अमेरिकीहरू हुन् जो "आइभी लिग" समूहका कलेजबाट दिक्षित छन् किनकि ठूलो शैक्षिक ऋणले उनीहरूको "धन ऋणात्मक" हुन्छ । तर प्रतिष्ठित योग्यता भएका तिनै विद्यार्थीहरूभोलि गएर सङ्सारकै सबैभन्दा धनीमध्येमा पर्ने छन् ।

असमानता विनिमयको स्वाभाविक परिणाम हो । जब हजारौं मानिसले साँगितिक कार्यक्रमका लागि केही डलर तिर्छन् भने कार्यक्रम पश्चात ती लोकप्रिय गायकको हातमा धेरै डलर हुन्छ, स्रोताहरूको हातमा कम । यहाँ असमानता रोक्ने एउटै मात्र उपाय भनेको प्रत्येक कार्यक्रम पश्चात गायकको हातमा भएको पैसा खोसेर पुनर्वितरण गर्ने हो । आर्थिक समानताका लागि निरन्तर पुनर्वितरण आवश्यक हुन्छ अनि त्यो गायक जस्ताले प्रस्तुती जारी राख्ने प्रेरणा कहाँबाट पाउनु ?

यसको अर्थ सबैलाई कारोबारबाट प्राप्त हुने गैरआर्थिक लाभबाट वञ्चित बनाइन्छ भन्ने हो । दुवै पक्षले लाभ देखेनन् भने कुनै पनि कारोबार हुँदैन । सांगितिक कार्यक्रममा जानेहरू साँझमा थोरै डलरले गरिब होलान् तर बदलामा उनीहरूले मन पराएको गायकलाई सुनेर हर्ष र आनन्द पाएका हुन्छन् । यो

गैरआर्थिक मूल्यलाई उनीहरूबाट लिएर अरू कसैलाई पुनर्वितरण गर्न सकिदैन । मूल्यवान चिजहरूलाई समान बनाउने नाममा वित्तीय स्रोतहरूको पुनर्वितरणले अधकल्चो काम गर्छ ।

## समानताको परिभाषामा समस्या

पुँजीवादमा आर्थिक असमानता भनेको हामीले कसैलाई कति राम्ररी सेवा दिन सकेका छौं कि छैनौं भन्ने कुराको प्रतिबिम्ब हो । आर्थिक पुरस्कार अर्कालाई सेवा गरेपछि मात्रै प्राप्त हुन्छ, र यसले हाम्रो सेवाको मूल्य तिर्न मानिसहरू तत्पर छन् कि छैनन् भन्ने देखाउँछ । हामीले अरूलाई दिने सेवाको मूल्यांकन गर्न, वा पुरस्कारको आकार निर्धारण गर्न कुनै बोर्ड वा समिति चाहिँदैन । सेवाग्राही स्वयंले त्यो काम गर्छन् ।

वास्तवमा राज्यको कुनै पनि समितिले त्यस्तो पुरस्कारका बारेमा विवेकसम्मत निर्णय गर्दैन । के आधारमा उनीहरूले एउटा गायक, खेलाडी, गोताखोर, शिक्षक वा नर्सले समाजलाई प्रदान गरेको मूल्यको हिसाब गर्छन ? तिनीहरूले प्रदान गरेको मूल्यको बदलामा कति भुक्तानी गर्नुपर्छ भन्ने निर्णय समितिले कसरी गर्ला ? उनीहरूले सबैलाई समान रूपमा भुक्तानी गर्ने भन्ने सजिलो निर्णय गरे भने पनि त्यसबाट न्याय र समानता प्राप्त हुँदैन । किनकी कुनै काम बढी जोखिमयुक्त हुन्छ, कुनै सुरक्षित । कुनै काम रमाइलो र विविधतायुक्त हुन्छ, कुनै झर्कोलाग्दो र उराठलाग्दो । कुनै काम सजिलो हुन्छ, कुनै असाध्यै ध्यान दिनुपर्ने किसिमको । कुनै कार्यस्थल रमाइलो र सुविधायुक्त हुन्छ, कुनै असुविधाजनक । समान ज्यालाले यो मनोवैज्ञानिक आम्दानीमा रहेको भिन्नतालाई समान बनाउन सक्दैन । तर पुँजीवादमा श्रम बजारको प्रतिस्पर्धाले स्वतः यस्तो काम गर्छ । उदाहरणका लागि जोखिमपूर्ण काम,

उराठलाग्दो वा उच्च सीप चाहिने कामका लागि मानिसले बढी भुक्तानी माग्छन् ।

यस हिसाबले पुँजीवादका समर्थकहरूका लागि आर्थिक पुनर्वितरण विवेकसम्मत कुरा होइन किनभने मूल्य र पारितोषिक निर्धारण गर्ने वस्तुगत आधार हुँदैन । यो आग्रही हुन्छ किनभने यसमा गैरआर्थिक तत्वहरूलाई विचार गरिँदैन । यो अनावश्यक पनि हुन्छ किनभने यो काम बजारले राम्ररी र स्वतःस्फुर्त ढंगले गर्छ । उनीहरू पुनर्वितरणलाई अनैतिक पनि हो भन्छन् । आफ्नो प्रतिभा र कडा मिहिनेतले प्राप्त गरेको पारितोषिकमाथि मानिस आफ्नै पूर्ण अधिकार हुनुपर्छ भन्छन् । समानताका नाममा हामीले धनी मानिएकाहरू बाट पैसा चोर्ने छुट कसैलाई दिदैनौं । सरकारलाई यस्तो छुट किन दिने, खासगरी कुनै तार्किक आधार बिना सरकारी अधिकारीको लहडमा यस्ता निर्णयहरू आउन सक्ने अवस्थामा !

हामी वास्तवमै गरिबहरूलाई मद्दत गर्न चाहन्छौं भने पुँजीवाद सबैभन्दा उपयुक्त विधि हो । वर्तमान विश्व व्यापारमा सङ्लग्न अर्थतन्त्रमा धनी होइन गरिबहरू छिटो धनी भइरहेका छन्, र यसले गरिबलाई ठूलो फरक पारेको छ । यसबाहेक पुँजीले सबैलाई धनी बनाउँछ, जसले धारण गर्न पुगेको छ उसलाई मात्र होइन । उत्पादकत्व बढाएर यसले हामी सबैलाई आवश्यक र चाहनाका वस्तु उपलब्ध गराउँछ । यसले हामीलाई थोरै काम गरेर धेरै सिर्जना गर्न सक्ने बनाउँछ, त्यो पनि सजिलो वातावरणमा । पुँजीवादी समाजका नागरिक धनी हुने भएकाले उनीहरू  परोपकारी कार्यमा लाग्ने सम्भावना बढी हुन्छ, उनीहरू परोपकारी कार्यमा बढी पैसा पठाउन सक्छन् । परोपकारी सहयोगबिना पनि धनी पुँजीवादी मुलुकका गरिबहरूको अवस्था गरिब समाजवादी मुलुकका गरिबको भन्दा धेरै (आयका आधारमा दस गुणा बढी) राम्रो हुन्छ ।

## पुँजीवादले मानवीय सम्बन्धमा सुधार ल्याउँछ

अमेरिकी राजनीतिक चिन्तक आएन रान्ड (१९०५–८२) ले पुँजीवादलाई कायम गर्न कुनै बलको प्रयोग गर्नु नपर्ने भएकोले यो एक मात्रै नैतिक सामाजिक प्रणाली हो भन्ने तर्क गरेकी थिइन । यसले स्वेच्छिक विनिमयमार्फत मात्र काम गर्छ । कसैलाई कसैसँग कारोबार गर्न वाध्य पारिँदैन । मानिसलाई कारोबारमा आउनका लागि प्रोत्साहित गर्न एकअर्काप्रतिको सम्मान र विश्वास आवश्यक हुन्छ – यसको गरिबहरू माझ खास महत्व हुन्छ ।

पुँजीवादले विभेदलाई पनि हटाउँछ । यसका लागि कुनै नियमकानुन चाहिँदैन । कुनै निश्चित जाती, लिंग, सङ्स्कृति, धर्मका कर्मचारी लिन नमान्ने वा ती समूहका मानिसलाई सामान बिक्री नगर्ने, वा कुनै चिज भाडामा दिन नमान्ने व्यवसायीहरूलाई त्यस्तो विभेद नगर्ने प्रतिस्पर्धीले पछाडि पार्छन् । नियमनहरू प्रायः अल्पसङ्ख्यकको पक्षमा हुँदैनन् । उदाहरणका लागि न्यूनतम ज्यालाको नियमका कारण रोजगारदातालाई कामदार भर्ना गर्न महँगो पर्न जान्छ । फलस्वरूप रोजगारदाताले सीप नभएका नयाँ युवा वा स्थानीय भाषा तथा सङ्स्कृतिका बारेमा राम्रो जानकारी नभएका आप्रवासीलाई काममा राख्ने वा उनीहरूलाई तालिम दिने कुरामा अनिच्छुक हुन्छन् । यसरी नियमले जसलाई सहयोग गर्न खोजेको हो उसकै हानि भइरहेको हुन्छ ।

चाखलाग्दो कुरा, पुँजीवादको सम्बन्ध महिलाको उच्च साक्षरता दरसँग जोडिएको छ, जुन पारिवारिक स्वास्थ्य, शिक्षा तथा समृद्धिको महत्वपूर्ण निर्धारक हो । पुनर्जागरण कालदेखि व्यापारमा भएको वृद्धिसँगै महिला साक्षरता बढ्न थालेको हो । धेरैजसो व्यापारी पुरूष हुन्थे, श्रीमानहरू वस्तु बिक्री गर्न समुन्द्री यात्रामा निस्किएका बेला घरमा व्यापार सम्हाल्ने उनीहरूका श्रीमती हुन्थे, त्यसैले महिला शिक्षा, हिसाबकिताब महत्वपूर्ण हुन्थ्यो । पुँजीवादी समाजमा त्यो अद्यापि छँदैछ ।

## तुलना समानसँग

दोहोऱ्याएर भन्नुपर्दा, आदर्श समाजवादलाई व्यवहारको पुँजीवादसँग तुलना गर्न सकिँदैन । न कसैले समाजवादलाई कथित असल उद्धेश्य (विश्वास र सहकार्य) ले र पुँजीवादलाई खराब (लोभ) उद्देश्यले प्रेरित हो भनेर परिभाषित नै गर्न सक्छ । धेरैले यसो गर्ने प्रयास गर्छन तर तथ्यले अस्विकार गर्छ । पुँजीवाद निर्मम प्रतिस्पर्धा होइन बरू सहकार्य हो । वास्तवमा यो उल्लेख्य रूपमा सहकार्ययुक्त सामाजिक व्यवस्था हो, जुन विश्वासमा चल्छ र असमाजिक उद्देश्यलाई प्रणालीगत ढंगले दण्डित गर्छ ।

पुँजीवाद यथार्थपरक सामाजिक प्रणाली पनि हो । यसले सर्वव्यापी रूपमा गुणवान र परहितकारी नागरिक, तथा पूर्ण समाज जस्ता अप्राप्य कुराको परिकल्पना भन्दा पनि जुन काम व्यवहारिक छ त्यसैमा ध्यान केन्द्रित गर्छ । मानवीय स्वभावका बारेमा यसलाई कुनै भ्रम छैन । त्याग वा बल केहीले मानिसलाई देवदूत बनाउन सकिन्छ भन्ने धारणा यसले राख्दैन । यसको सट्टा हाम्रा स्वाभाविक निजी स्वार्थहरूलाई निकास दिएर लाभदायी सामाजिक नतिजा निकाल्ने काम गर्छ । नैतिक रूपमा पनि यो सङ्गतिपूर्ण छ । राज्यले गरेको भन्दैमा यसले चोरी, एकाधिकार, कृपावाद वा बलको प्रयोगलाई पुँजीवादले सही मान्दैन ।

पुँजीवादी अवधारणालाई सानो समूहभन्दा बाहिर परसम्म विस्तार गर्न सकिन्छ । अधिकांश विश्व अहिल्यै पुँजीवादी भइसकेको छ वा पुँजीवादी मुलुकसँग कारोबार गर्छ । सम्पत्ति अधिकार, इमान्दारी, करार सम्झौताको पालना लगायतका सामान्य नियमहरूलाई पछ्याउने भएकाले पुँजीवादमा प्रवेश गर्न चाहनेलाई सङ्ख्याको कुनै सीमा हुँदैन । तर जब समाजलाई कुनै निश्चित साझा उद्देश्यतर्फ निर्देशित गरिन्छ तब ठूलो आकारले ठूलै समस्या

निम्त्याउँछ । जसले योजना बनाउँछन् र व्यवस्थापन गर्छन्, उनीहरूले के उत्पादन गर्ने, प्रत्येक व्यक्तिले खेलेको भूमिकाका लागि कति भुक्तानी गर्ने जस्ता ठूलै परिमाणमा सूचना सङ्कलन र प्रशोधन गर्नुपर्छ । समाजको उद्देश्य के हुनुपर्छ र त्यसलाई प्राप्त गर्न के गर्नुपर्छ भन्ने सम्बन्धमा विमतिका लागि ठूलो स्थान हुन्छ । यसले त्यस्ता विमति पजनीको निर्णय गर्न सक्ने पर्याप्त निर्दयी नेताहरूलाई सर्वेसर्वा बनाउँछ ।

# ८. छोटो कथा पुँजीवादको

## सिद्धान्त मिलाउन बंग्याइएको पुँजीवाद

कार्ल मार्क्सले ऐतिहासिक विकास क्रममा आउने एउटा चरण रूपमा मात्रै पुँजीवादलाई हेरेका थिए । उनले सोचेका थिए, अन्ततः पुँजीवाद आफ्नै आन्तरिक अन्तर्विरोधका कारण नाश हुन्छ र साम्यवाद आउँछ । यो ऐतिहासिक विश्लेषण अझै पनि समाजवादी तथा सामाजिक सिद्धान्तकारहरू माझ प्रभावशाली छ । परिणामस्वरूप पुँजीवाद सम्बन्धी धेरैजसो प्राज्ञिक तथा बौद्धिक छलफलमा यसलाई त्यही ऐतिहासिक विकासक्रमको एउटा हिस्साको रूपमा लिइन्छ भने वर्तमान पुँजीवादले आफुलाई तिनै समस्याहरूमा केन्द्रीत गरेको छ जसले यसलाई कमजोर बनाउँछ भन्ने ठानिएको छ ।

त्यसैले पुँजीवादका बारेका यी पूर्वाग्रहले पहिल्यै भ्रामक दृष्टिकोणतर्फ डोऱ्याउँछन् । यसले आलोचकहरूको उद्देश्य मात्र पूर्ति गर्छ । अझै खराब त के गरिन्छ भने, तथ्यलाई बंग्याएर आफ्नो सिद्धान्तलाई सही बनाउन खोजिन्छ । कतिपय यस्ता आर्थिक व्यवस्थालाई पुँजीवाद भनेर इतिहास लेखिन्छ जसको पुँजीवादको साँचो अवधारणसँग सँग कुनै साइनो हुँदैन । यसैगरी पुँजीवादले हल

गर्छु भनेर कहिल्यै वाचा नगरेका सामाजिक समस्याहरूका लागि पुँजीवादलाई दोष दिइन्छ । व्यवसायका भन्दा राजनीतिकर्मीका कार्यहरूबाट सिर्जित समस्याहरूका लागि पनि दोष पुँजीवादमै थोपरिएको पाइन्छ ।

शुद्ध स्वरूपमा कहिल्यै अस्तित्वमा नआएको कुनै चिजको वर्णन गर्नु वा इतिहास नै लेख्नु कठिन हुन्छ । समाजवादको शुद्ध अवधारणालाई यसको वास्तविक कार्यान्वयनसँग तुलना गरी आलोचना हुँदा प्रायः यो कुराको उठान गरिन्छ, किनकी समाजवादको इतिहासमा तानाशाही, सफाया, आमसङ्हार, पर्यावरणीय विनाश, भोकमरी, अत्यन्तै न्यून आर्थिक वृद्धि तथा अभावका दागहरू छन् । पुँजीवादका समर्थक भने यसको व्यावहारिक प्रकटबाट कमै मात्र लज्जित छन् । उनीहरू यसका समस्यालाई स्वीकार गर्छन्, तर उच्च वृद्धि र व्यापक रूपमा फैलिएको सम्पत्ति, प्रजातन्त्र, व्यक्तिगत स्वतन्त्रता तथा शान्तिसँग जोडिएको यसको इतिहासतर्फ पनि औंल्याउँछन् । तसर्थ शुद्ध पुँजीवाद कहिल्यै अस्तित्वमा नआएको भए पनि कम्तिमा यसका सिद्धान्तका केही सङ्स्करण प्रयोगमा ल्याएका समाजको इतिहास अन्वेशषण शिक्षाप्रद हुन्छ ।

## राज्य-निर्देशित व्यापार

सोह्रौं देखि उन्नाइसौं शताब्दीको समय आर्थिक राष्ट्रवादको रह्यो, जब राजा र मन्त्रीहरूले मुलुकलाई आर्थिक रूपमा बलियो राज्य बनाउन खोजे । यसका लागि उनीहरूलाई आफ्नो मुलुकले अरूलाई सकेसम्म बढी सामान बेच्नु पर्छ र अरूबाट सकेसम्म कम किन्नुपर्छ, जसको आडमा मुलुकको आम्दानी सकेसम्म बढाउनुपर्छ र सम्भव भएसम्म सुन तथा चाँदीमा सम्पत्ति थुपार्नु पर्छ भन्ने उनीहरूको धारणा थियो । बिक्रीबाट बिक्रेता मात्र लाभान्वित हुन्छ भन्ने उनीहरूको विश्वास थियो, किनभने कारोबारपछि बिक्रेताको

हातमा पैसा हुन्थ्यो । राष्ट्रिय ढुकुटीमा जम्मा भएको सुन तथा चाँदी नै समृद्धि र शक्तिको स्रोत तथा सूचक हुन्थ्यो ।

त्यसैले आन्तरिक तथा वाह्य व्यापार नीति असाध्यै सङ्रक्षणकारी थियो । निर्यात गर्नका लागि कसैले उत्पादन गर्थ्यो भने उसलाई धेरै अनुदान दिइन्थ्यो, आयातमा उच्च भन्सार र अन्य वाधाहरू खडा गरिन्थ्यो । बेलायतजस्ता मुलुकले आफ्ना उपनिवेशहरू लाई अरूसँग व्यापार गर्न रोक लगाएका थिए, ताकि उसको सम्पति फ्रान्स, स्पेन वा नेदरल्यान्डजस्ता प्रतिद्वन्द्वी मुलुकमा नजाओस् । युद्धलाई अरू मुलुकको सम्पत्ति खोसेर आफ्नो राष्ट्रिय सम्पत्ति बढाउने वैधानिक बाटो मानिन्थ्यो । आन्तरिक रूपमै पनि अन्य सहरका उत्पादक तथा कारीगरहरू लाई निरूत्साहन गर्ने विभिन्न वाधाहरू खडा गरिन्थे भने व्यापारिक सङ्घ (गिल्ड) हरूले नयाँ प्रतिस्पर्धीलाई छिर्न नदिन आफ्नो पेशाको कडा नियमन गर्दथे । गिल्डहरूले राजालाई आफ्ना सदस्यको जीवन निर्वाहमा जोखिम ल्याउने किसिमका श्रम वचत गर्ने साधनलाई गैरकानुनी घोषणा गर्न, आफ्ना आसेपासे व्यवसायीलाई माड, नुनजस्ता अति आवश्यक वस्तुको व्यापारमा एकाधिकार प्रदान गर्न समेत ज्ञापनपत्र बुझाउँथे ।

त्यो वाणिज्यवाद थियो – एउटा यस्तो प्रणाली जसमा उपभोक्ताको भन्दा उत्पादकको लाभलाई ध्यानमा राखी निर्माण गरिन्छ । यसलाई प्रायः पुँजीवादको प्रारम्भिक अवस्था भनी प्रस्तुत गर्ने गरिएको छ, किनकी यसमा व्यवसाय सिर्जना भएको थियो, पुँजी, उत्पादन, बजार तथा व्यापार बढिरहेको थियो । तर अरू सबै पक्षमा त्यो पुँजीवादी अवधारणाभन्दा नितान्त भिन्न थियो । त्यो शक्तिमा भएकाहरूले राष्ट्रको आर्थिक गतिविधिलाई जतातिर डोऱ्याउन खोज्छन त्यतै जाने गरी नियन्त्रण तथा शुल्कमा आधारित व्यवस्था थियो । प्रकारान्तरले ती नियन्त्रण निश्चित उद्देश्यका लागि

प्रयोग हुने राज्यको दोहनकारी शक्ति प्रयोगमा निर्भर रहन्थे । यसले आसेपासेवाद, चोरी र बल प्रयोगलाई वैधानिकता दिएको थियो । यदि पुँजीवाद कतै अस्तित्वमा थियो भने त्यो कथित लिबर्टीज मा थियो, नगरदेखि बाहिर, जहाँ गिल्डहरूको र सार्वजनिक प्रशासनको नियम लाग्दैन्थ्यो र त्यहाँ स्वतन्त्र व्यापार, आविष्कार तथा नयाँ सोच विकसित हुन सक्थ्यो ।

एडम स्मिथले द वेल्थ अफ नेसन्समा वाणिज्यवादी प्रणालीको चिरफार गरेका छन् । उनले स्वेच्छिक व्यापारबाट बिक्रेता र खरिदकर्ता दुवै फाइदामा हुन्छन् अन्यथा त्यसमा सङ्लग्न हुदैनन् भन्ने औंल्याए । बिक्रेताले सुन र चाँदी पाउलान् तर क्रेता आफुले पाउने वस्तु वा सेवा उनीहरूले तिरेको पैसाभन्दा बढी मूल्यवान हुन्छ । व्यापारलाई हामीले निषेध गर्न हुँदैन, जति धेरै व्यापार हुन्छ त्यति धेरै मूल्य सिर्जना हुन्छ, र सबै देशका नागरिकमा सम्पत्ति फैलिन्छ । खुला प्रतिस्पर्धाले नवप्रवर्तन र पैसाको मूल्यलाई प्रोत्साहित गर्छ । पुँजी तथा बजारले सम्भव बनाउने विशिष्टिकरणले उत्पादकत्वमा व्यापक वृद्धि ल्याउँछ, यसबाट सबैजना लाभान्वित हुन्छन, खासगरी गरिबहरू । तथापि यो राज्य शक्तिद्वारा भत्किन सक्छ, स्मिथले सचेत गराएका थिए, खासगरी आसेपासेहरू बाट बनेको राज्य शक्तिले साबिकका उत्पादकहरूको हितलाई रक्षा गर्न खोज्यो भने ।

त्यसकारण नियन्त्रण, अनुदान, कर, युद्ध तथा व्यापार र मूल्यको पुरातन विचारयुक्त वाणिज्यवाद निश्चय नै "प्राकृतिक स्वतन्त्रताको प्रणाली" थिएन जसलाई आज हामी पुँजीवाद भन्छौं । तर एडम स्मिथको तर्कले जित्यो । सन १८६० मा आइसक्दा वाणिज्यवादी नियन्त्रणलाई न्यून कर र नियमनले प्रतिस्थापित गरियो । यसको परिणाम उक्त समय स्वतन्त्र व्यापारका लागि उल्लेख्य रह्यो र बेलायतले कहिल्यै नपाएको तीव्र आर्थिक वृद्धि हासिल गर्‍यो ।

## औद्योगिक क्रान्ति

धेरैजसो मानिसले पुँजीवादका बारेमा सोच्दा अठारौं शताब्दीको उत्तरार्द्ध र उन्नाइसौं शताब्दीको पूर्वार्द्ध तिरको मिल र कारखानायुक्त बेलायती नगरहरूको औद्योगिक क्रान्ति तथा तीनका बारेमा चार्ल्स डिकेन्स (१८१२-७०) र अझ मार्क्सले गरेका दारूण चित्रण उनीहरूको मस्तिष्कमा आउँछन ।

निश्चित रूपमा त्यति बेलाको अर्थतन्त्र वाणिज्यवादीभन्दा पुँजीवादी अवधारणासँग नजिक थियो । तुलनात्मक रूपमा स्वतन्त्र र न्यून कर अर्थतन्त्र थियो, जहाँ धेरै किसिमका आविष्कारले कृषि तथा उत्पादनमा रूपान्तरण ल्याएको थियो, जल तथा वाष्फ ऊर्जा प्रविधिले कपडा बुन्ने मेसिनहरू सञ्चालन भएका थिए, यसले बेलायतको ऊन र अमेरिकाको कच्चा कपासलाई झन सस्तो र गुणस्तरको बनाएको थियो, जुन सङ्सारभर निर्यात हुन्थ्यो ।

तापनि मार्क्स-डिकेन्स को वर्णनले त्यो अचम्भित पार्ने विकासको वास्तविक प्रकृति र प्रभावलाई ओझेलमा पारेको थियो । ती आलोचकहरूले औद्योगिक क्रान्तिको उत्पत्तिको विन्दु अठारौं शताब्दी उत्तरार्द्धको "एनक्लोजर एक्ट" लाई मान्छन् जसले जमिन्दारहरूलाई खेतबारीमा तारबार गर्ने अधिकार दिएको थियो । उनीहरूका अनुसार यसले ग्रामीण भेगका किसानलाई कहर काट्न सहरतर्फ लखेटेको थियो, जहाँ कारखाना मालिकहरू उनीहरूमाथि सस्तो श्रमिकका रूपमा शोषण गर्थे ।

तथापि त्यो एउटा चित्रण मात्र थियो । खेतबारीमा तारबार गर्न भनिएको जस्तो छिटो सजिलो हुँदैनथ्यो । त्यसो गर्नका लागि प्रत्येक चोटी सङ्सदको अनुमति चाहिन्थ्यो र दाबी विरोध भएमा त्यसमाथि पुनर्विचार गर्नै पर्थ्यो । बरू ग्रामीण भेगबाट सहरतर्फ हुने बसाइ सराइको बलियो कारण कारखानाहरूले दिने उच्च ज्याला

थियो, जुन कृषिको तुलनामा अधिक छिटो बढिरहेको थियो । औद्योगिक नवप्रवर्तन, जल तथा वाष्प ऊर्जा, विशिष्टीकरण तथा अन्तर्राष्ट्रिय व्यापारले मानिसको उत्पादकत्वमा व्यापक वृद्धि भएको थियो र सँगसँगै आम्दानी पनि ।

त्यो कुनै मानिसलाई सहरी गरिबीमा धकेल्ने कथा थिएन । सन १८२० मा आइपुग्दा बेलायतको सबै आय समूहको औसत आम्दानी तीब्र दरमा बढेको थियो, अत्यन्त गरिबहरूको पनि । अनिश्चित खेतीपातीयुक्त कृषि कर्ममा मौसमी रूपमा आशा गर्न सकिने ज्यालाको सट्टा कारखानाहरूले नियमित रूपमा बढी भरपर्न सकिने गरी तलब दिइरहेका थिए । हाम्रो अहिलेको मापदण्डको तुलनामा त्यतिबेला कारखाना मजदुरले लामो समय काम गर्नुपर्थ्यो, तापनि त्यो बाली उमार्न लाग्ने समयभन्दा कम नै थियो । कारखानाको काम तुलनात्मक रूपमा कम परिश्रम पर्ने खालको हुन्थ्यो भने कठोर मौसमबाट आश्रय पनि दिन्थ्यो । सहरमा पसल र अरू सुविधा पनि हुन्थे, सामाजिक, सांस्कृतिक तथा शैक्षिक जीवनका लागि बढी अवसरहरू उपलब्ध हुन्थे । खासगरी बढी केटाकेटी बाँच्न थालेकाले परिवारको आकार ठूलो हुँदै जाँदा आवास साँघुरो हुन्थ्यो, तर पनि सहरी घरहरू ग्रामिण भेगका कामदारका झुप्राका तुलनामा बढी ओभाना, न्याना, सरसफाई र उचित हावा खेल्ने किसिमका हुन्थे । पुगिसरी आएका सहरीया बुद्धीजीवीलाई भने सहरका गरिबको जीवनावस्था देखेर ठूलै आघात पर्दथ्यो । तर उनीहरूमध्ये कमैले मात्र ती गरिबले कस्तो ग्रामीण गरिबी आफूखुसी त्यागेर आएका थिए भन्ने बुझेका थिए ।

सहरले सिर्जना गरेको सम्पत्ति स्वयंले काम गर्ने वातावरण र कामदारको जीवन अवस्थामा थप सुधार ल्याएको थियो, बाल श्रम नियन्त्रण, ज्याला, काम गर्ने समयावधि, आवासको मापदण्ड

सहितको नयाँ कानुन आएको थियो जुन कुरा निर्वाहमुखी कृषिमा सम्भव थिएन । ज्याला धेरै माथि गएको थियो भने मूल्य धेरै तल झरेको थियो, सहरी मजदुर आफैले उत्पादन गर्ने लुगाफाटा तथा अन्य धेरै उत्पादनको गुणस्तरमा सुधार भएको थियो ।

## राज्य-व्यवस्थित अर्थतन्त्र

सहरी उत्पादनलाई विस्तार गर्न मद्दत गरेको तुलनात्मक रूपमा स्वतन्त्र आर्थिक वातावरणमाथि सन १८८० तिरबाट भने वुद्धीजीवीहरूबाट व्यापक दबाब सुरू भयो । भौतिक विज्ञानमा प्राप्त सफलताले सामाजिक तथा आर्थिक जीवनलाई पनि विवेकशील तथा वैज्ञानिक ढंगले नियन्त्रण गर्न सकिन्छ भन्ने विश्वास बढ्दै गयो । सहरी समुदायमा कामदारलाई ज्याला तथा काम गर्ने वातावरणका सम्बन्धमा अझ कडा नियमनको माग गर्दै राजनीतिक रूपमा सङ्गठित हुने स्वतन्त्रता दिइयो । युरोपभर बढेको राजनीतिक तनाबले सङ्रक्षणकारी, वाणिज्यवादीहरूको जस्तै नीतिलाई पुनः जागृत गऱ्यो । व्यापार व्यवसाय क्रमिक रूपमा बढी नियमनको दायरामा आए, बिसौं शताब्दीको पूर्वार्द्धमा आउँदासम्म रेलवेलगायतका अत्यावश्यक सेवाहरू सरकारले सञ्चालन गर्नुपर्छ, यसभन्दा अझै बढी सबै उद्योग सरकारले चलाउनुपर्छ भन्ने माग आउन थाल्यो ।

सन १९३० दशकको महामन्दीपछि धेरैजसो मुलुकहरूले राष्ट्रियकरणको यस्तो विकल्पलाई रोजे । अर्थशास्त्रीहरूको एउटा नयाँ पक्तिंले मन्दीबाट पार पाउन सरकारहरूलाई खर्च बढाउन र कर, कर्जा तथा मौद्रिक नीतिमार्फत अर्थतन्त्रलाई सच्च्याउन आग्रह गऱ्यो । सन १९६० सम्म आइपुग्दा सङ्सारभरका पुँजीवादीजस्ता देखिने मुलुकहरू मुलत मिश्रित अर्थतन्त्रमा रूपान्तरण भए, निजी तथा सरकारी उद्यम सँगसँगै देखा पर्न थाले, कम्पनीहरूको

नियमन, रोजगार तथा बजार, सरकारका तर्फबाट "सांकेतिक योजना"हरू, सङ्रक्षणकारी व्यापार अवरोध र सरकारबाट अर्थतन्त्रको व्यवस्थापन हुन थाल्यो, जुन पुँजीवादको सिद्धान्तसँग कत्ति पनि मेल खादैन्थ्यो ।

यो मिश्रणले आफ्नै खालका समस्या निम्त्यायो । सरकारी नीतिको वृहत असरलाई राम्ररी बुझिएन । अर्थतन्त्रलाई बढावा दिने भनिएको सरकारी खर्चले अचाक्ली महँगी ल्यायो र अर्थतन्त्रलाई झन धराशायी बनायो । राज्य सञ्चालित उद्योगहरू सधैं करदाताको पैसामा टिक्ने हुँदा दक्षता र उपभोक्तालाई सेवा प्रदान गर्ने सन्दर्भमा अत्यन्तै निकम्मा भए । जटिल अर्थतन्त्र सञ्चालनका लागि आवश्यक सबै सूचना सङ्कलन तथा प्रशोधन गर्न योजनाकारले सकेनन् । तर्कसङ्गत हुनुपर्ने आर्थिक नीति राजनीतिक भयो र यसमाथि स्वार्थी समूहले लडाई गर्न थाले । श्रम विवाद चर्कियो । आसेपासेवादले सबै किसिमका उत्पादनलाई विकृत बनायो ।

## कर्पोरेट कहर

वर्तमानमा चलेको आर्थिक व्यवस्था सम्भवत आसेपासेवाद हो । धेरैले यसलाई आसेपासे पुँजीवाद भन्छन्, तर यसलाई आसेपासे समाजवाद भनिनु उपयुक्त हुन्छ । उपभोक्ताको मागबाट परिचालित उद्यम, सिर्जना, उत्पादकत्व, खुला बजार र प्रतिस्पर्धा आदिको कुरा गर्ने हो भने यो पुँजीवादभन्दा धेरै टाढाको सङ्सार हो । एकाधिकारको आकांक्षा राखेर राजनीतिक प्रभावको प्रयोग गर्ने फर्महरू उल्लिखित सबै कुरालाइ लत्याउँछन, व्यवसायी र सरकारको गठबन्धन उपभोक्ताको पक्षमा भएको नाटक (वा त्यस्तो विश्वास) गर्छन तर कहिल्यै त्यसको पक्षमा हुँदैनन् ।

पछिल्लो शताब्दीमा भएको सरकारको विस्तारले र आर्थिक जीवनको हरेक पक्षमा हुन थालेको हस्तक्षेपले तिनीहरूबाट पर्याप्त

व्यावसायिक लाभ प्राप्त गर्न सकिने अवस्था बनेको छ । सरकारले अनुदान र कर छुट दिन सक्छ, भन्सार र व्यापारका अन्य अवरोध बढाउन वा घटाउन सक्छ, नियमन गर्न सक्छ वा स्थापित उद्योग बाहेक अरूले तिर्न नसक्ने गरी न्यूनतम तलब निर्धारण गर्न सक्छ । सरकारले प्रतिस्पर्धी फर्महरूको गुटबन्दीलाई नजरअन्दाज गर्न सक्छ, उल्टो तिनीहरूलाई मूल्य र उत्पादन तय गर्ने गरी योजना बनाउने मञ्च उपलब्ध गराउन सक्छ, जुन् एक किसिमको राज्य प्रयोजित कार्टेलिङ (व्यावसायिक गुटबन्दी) हो । सङ्कट रोकथाम गर्ने नाममा, रोजगारी बचाउने नाममा सरकारले खराब ढंगले व्यवस्थापन गरिएका त्यस्ता सङ्स्थाहरू लाई सजिलै उद्धार गर्न सक्छ, जसले विदेशी प्रतिस्पर्धीहरूसँग मूल्य र गुणस्तरमा प्रतिस्पर्धा गर्न सक्दैनन् वा जसका उत्पादन उपभोक्ताले माग गर्न छोडिसकेका हुन्छन् ।

यसरी ती बैंक, विमान कम्पनी, निर्माणकर्ता, उत्पादक, ऊर्जा आपूर्तिकर्ता, फोन कम्पनी, मिडिया, औषधी कम्पनी, मोटरगाडी उत्पादक, विशाल बजार, जमिनदार, वायु ऊर्जा इञ्जिनियर, बस वा रेल कम्पनी, अयातकर्ता लगायत अरू धेरै नाममात्रका निजी कम्पनीहरू अनुदान, कर छुट, लाइसेन्स, प्रतिस्पर्धा बिगार्ने नियमनजस्ता सरकारी कृपाको भर पर्छन ।

आर्थिक स्थिरता ल्याउने, रोजगारीको सुरक्षा गर्ने, सेवा सुधार गर्ने, पर्यावरण सुरक्षा गर्ने लगायतका असली उद्देश्य राखेरै गरिएको भएपनि सरकारी कृपाको प्रभाव बडो अहितकारी हुन्छ । यसले व्यवसायलाई राजनीतिमा ल्याउँछ । यसले अर्थशास्त्रीहरूले भन्ने गरेको "कुत खोरी" लाई प्रोत्साहित गर्छ, सरकारी ढुकुटीबाट वा प्रतिस्पर्धा कम गर्ने नियमनबाट कसरी हुन्छ बसीबसी सजिलै नाफा कमाउन सकिने विशेषाधिकारको खोजी गर्ने प्रवृत्तिलाई प्रोत्साहित

गर्छ । सरकार जति ठूलो बन्छ, कृपा खोज्नेहरूको सम्भावित लाभको आकार त्यति नै ठूलो बन्दै जान्छ र यसको माध्यम उही भ्रष्टाचार र आसेपासेवाद हुन्छ । विद्यमान उत्पादकको स्वार्थलाई जति पूरा गरिन्छ, त्यति नै बढी उनीहरूको बढोत्तरी हुँदै जान्छ । सरकार पनि भविष्यका लागि नियम कानुन बनाउनमा ती उत्पादककै भर पर्छ, र फलतः सम्भावित प्रतिस्पर्धी र नयाँ प्रविधिलाई निचोरेर मिल्क्याइन्छ । उत्पादकसँग एकल उपभोक्ताका भन्दा बढी एकाग्र स्वार्थ हुने, र आफ्ना पक्षमा प्रभावकारी रूपमा पैरवी गर्ने पैसा र सीपको श्रोत ठूलो हुने हुनाले राजनीतिक बहसलाई एकाधिकारी बनाएर उपभोक्ताका विविध रूचिलाई नै लत्याइन्छ ।

तैपनि, आसेपासेवाद सबैतिर प्रचिलत छ, खासगरी दक्षिण पूर्व एसियामा, जहाँ "आसेपासे पुँजीवाद" शब्दावलीलाई सुरूमा चलनमा ल्याइएको थियो । त्यहाँ सरकारले प्रायः हरेक क्षेत्रका अग्रणी कम्पनीलाई नियमन र भन्सारको अग्लो पर्खालले सुरक्षा दिएर तिनीहरूको पक्षपोषण गर्छन् । उनीहरूका लागि अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने थोरै तर ठूला कम्पनी हुँदाको लाभ स्पष्टै छ । तर उनीहरूले ठूला कम्पनीका पुँजी, श्रमिक तथा अरू स्रोतहरूको प्रयोग अरू बढी उत्पादनशील क्षेत्रमा लगाउन सकिने अवसर लागतलाई बिर्सन्छन् । वास्तवमा सरकारले असङ्ख्य व्यक्तिहरूले पहिल्याउन सक्ने सबै अवसरलाई पहिचान गर्न सक्दैन, त्यसैले त्यस्ता स्रोतहरूको उच्चतम प्रयोग हुन नसक्ने निश्चित हुन्छ ।

यस किसिमको व्यावसायिक विशेषाधिकार सरकारले दोहनकारी शक्ति प्रयोग गर्न तत्पर भएको अवस्थामा मात्र सम्भव हुन्छ । यो स्वतन्त्र समाजमा सम्भव हुँदैन जहाँ बलको प्रयोग जनताको अधिकार रक्षाका लागि मात्र हुन्छ । तर आसेपासेवाद यति व्याप्त हुनूले सङ्सारका कति धेरै मुलुक नामका मात्र स्वतन्त्र छन् भन्नेतर्फ सङ्केत गर्छ ।

## भविष्यका लागि पुँजीवादको रचना

यी कुनै पनि आर्थिक व्यवस्थालाई साँचो अर्थमा पुँजीवाद मान्न सकिँदैन, यद्यपि धेरै मानिसले त्यसो भन्ने प्रयास गरेका छन् । त्यो केवल शब्दाडम्बर मात्र हो, साँचो पुँजीवादी अवधारणालाई व्यवहारिक गल्तीको दोष थोपर्ने कुरा मात्रै हो । ती कुराहरू न पुँजीवाद विशिष्ट हुन् न त पुँजीवादका लागि अपरिहार्य नै । पुँजीवादका समर्थकहरूका लागि चुनौती भनेको मूल अवधारणालाई त्यस्ता शब्दाडम्बर, गलत बुझाईबाट अलग्याउने हो र आर्थिक, सामाजिक तथा नैतिक लाभ सहितको पुँजीवाद दृष्टि निकटको आर्थिक व्यवस्थालाई व्यवहारमा उतार्न प्रयत्नरत रहने हो ।

यसको अर्थ राज्य नियन्त्रित उद्योग विघटन गर्ने हो, प्रतिस्पर्धालाई निकम्मा बनाउने, आसेपासेवाद र कर्पोरेटहरूको मनलागीलाई बढावा दिने कर तथा अनुदान, भन्सार र नियमन घटाउने हो । यसको अर्थ राज्यलाई नागरिकका अधिकार, आर्थिक स्वतन्त्रतालाई सुरक्षा गर्ने कार्यमा मात्र सीमित गर्ने भन्ने हो, त्यसलाई उल्लंघन गर्ने होइन । यसको अर्थ राज्य र आर्थिक जीवनको अलगाव हो ।

असीमित प्रजातन्त्रमा हासिल गर्नका लागि यो सजिलो एजेन्डा होइन, जहाँ बढीभन्दा बढी निर्णयहरू राजनीतिक प्रक्रियाबाट हुन्छन्, जहाँ बहुमतलाई अल्पमतमाथि सबै खाले आर्थिक नीति लाद्ने अधिकार दिइएको हुन्छ । यो प्रजातन्त्र होइन, बरू लोकप्रियतावाद हो, जसलाई राज्यको दमनकारी शक्तिले पृष्ठपोषण गरेको हुन्छ । यसैकारण सङ्युक्त राज्य अमेरिकामा सङ्स्थापक नेताहरूले सरकारको सीमा तोकेका थिए, र राज्यको अधिकारलाई विभिन्न सङ्स्थाहरूमा बाँडफाँड गरेका थिए । अझै पनि त्यहाँ शक्ति केन्द्रीकृत भएको छ, साँघुरिएको छ ।

यो भनेको आसेपासेवादका लागि पूर्ण अनुकुल र पुँजीवादका लागि धेरै अप्ठेरो अवस्था हो, यदि सही अर्थमा पुँजीवादलाई बुझ्ने हो भने । आसेपासेवादलाई यसको सम्पूर्ण विकृतिसहित पुँजीवादले यसका सबै लाभहरूसहित प्रतिस्थापन गर्नका लागि राजनीतिक प्रक्रिया र यसका सीमालाई नियन्त्रण गर्ने विषयमा पद्धतिबद्ध पुनर्विचार गर्नु आवश्यक हुन्छ ।

# ९. महान पुँजीवादी चिन्तक

*सलामान्का चिन्तन परम्परा (द स्कोलास्टिक्स)*
*सम्पत्ति, आपूर्ति र माग, ब्याज*

पन्ध्रदेखि सत्रौं शताब्दीको बीचमा स्पेनी पादरीहरूले अर्थशास्त्रलाई बुझ्ने सन्दर्भमा केही नयाँ कुराको थालनी गरे, जसबाट क्रिस्चियन ग्रन्थहरूमा प्रायः हुने गरेका पुँजीवाद विरोधी आलोचना समाधान गर्न यसलाई सक्षम बनाए । उदाहरणका लागि स्कोलास्टिक भनिने यिनीहरू मध्येका पहिला फ्रान्सिस्को डे भिटोरिया (१४८३–१५४६) सङ्ग व्यापारीहरूले आफ्ना व्यापारका बारेमा ईश्वर र चर्चले के सोच्लान् भन्ने चिन्ताका बारेमा छलफल गरेका थिए । भिटोरियाले उनीहरूका कुरा गमेपछि मानिसको आवतजावत, वस्तु तथा विचारको खुला आदानप्रदान प्रकृतिकै अङ्ग भएको र प्रकृति इश्वरकै रचना भएको निष्कर्ष निकालेका थिए । यसरी व्यापारीहरूको कारोबार पाप नभएर बरू आम पुण्यको काम रहेको ठहर भयो ।

बाइबल लगायतका ग्रन्थले सुदको, अर्थात कर्जामा ब्याज लगाउने कुराको पनि आलोचना गर्थे । तर स्कोलास्टिक काल र पुनर्जागरण (रेनसन्स)ले धेरै व्यावसायिक गतिविधिका लागि

अवसर सिर्जना गऱ्यो र व्यापार तथा वाणिज्यका लागि कर्जा लगानीको महत्व बढ्दै गयो । भाग्यवश, स्कोलास्टिकहरूले कर्जामा लगाइने ब्याजलाई उचित ठहऱ्याउने धेरै उपाय पत्ता लगाए ।

उनीहरूले यसरी बुझे – कर्जा लिनेले पनि फाइदा गर्छ, जुन राम्रो कुरा हो; ब्याज भनेको कर्जा खराब पल्टिन सक्ने जोखिम उठाए बापत पाएको पुरस्कार हो; ऋण दिंदा दाताले अवसर लागत (उही पैसालाई अरू वैकल्पिक क्षेत्रमा लगाउँदा प्राप्त हुने प्रतिफल) गुमाएको हुन्छ, किनकि उसले त्यो पैसा अन्य क्षेत्रमा पनि लगाउन सक्थ्यो; पैसा आफैमा वस्तु पनि भएकाले अरू वस्तु प्रयोग गर्दा भाडा तिरेजस्तै पैसा सापटी लिँदा ब्याज भुक्तानी गर्नै पर्छ ।

स्कोलास्टिकहरूले निजी सम्पत्तिको पनि वकालत गरे । यसले आर्थिक गतिविधि तथा समृद्धिलाई प्रोत्साहित गरेर लाभ पुऱ्याउने तर्क उनीहरूले गरे । मानिसहरूले अरूसँग बाँडफाँड गरिने साझा सम्पत्तिको भन्दा आफ्नो स्वामित्वमा रहेको सम्पत्तिको बढी ख्याल गर्छन्, जसको अर्थ ईश्वरको रचनाको राम्रो रेखदेख हुन्छ भन्ने हो । अरूहरूलाई आवश्यक परेका बेला बाँडफाँड गर्नुपर्ने आपतकालिन अवस्थाको दायित्व बाहेक व्यक्तिहरूसँग सम्पत्ति राख्ने र त्यसबाट लाभान्वित हुने अधिकार हुन्छ भन्ने निष्कर्ष उनीहरूले निकाले ।

स्कोलास्टिकहरूले आपूर्ति तथा मागको महत्वको पनि पहिचान गरेका थिए । उनीहरूले जुन मुलुकमा बहुमूल्य धातु दुर्लभ हुन्छ त्यहाँ त्यसको भाउ बढी हुने गरेको देखेका थिए । कुनै वस्तुको "न्यायोचित मूल्य" त्यसको उत्पादन तथा ढुवानी लागत मात्र होइन भन्थे, भूमि मार्ग हुँदै ढुवानी गरिएको उही लिननको गट्ठाको मूल्य बढी हुने र समुन्द्री मार्गबाट ढुवानी गर्दा सस्तो पर्न जाने कसरी हुन्छ ? माग र आपूर्तिको अन्तर्क्रियाबाट नै मूल्य निर्धारित हुन्छ – यसका लागि बजारलाई स्वतन्त्र र खुला राख्नुपर्छ ।

## एडम स्मिथ (१७२३–९०)

## विशिष्टिकरण, वाणिज्य तथा स्वतन्त्र व्यापारको लाभ

दर्शनशास्त्रीबाट अर्थशास्त्री बनेका स्कटल्यान्डका एड्म स्मिथ उनको द वेल्थ अफ नेसन्स (१७७६) भन्ने पुस्तक बाट बढी परिचित छन् । उक्त पुस्तकमा उनले आफ्ना र अरू लेखकका अवधारणालाई नयाँ ढंगले व्यवस्थित र आधुनिक अर्थशास्त्रीय शैली भन्न सकिने गरी बुनेका छन् । पुस्तकमा उनले त्यतिबेला चलेको वाणिज्यवादी व्यवस्थाको आलोचना गरेका छन्, जसमा कुनै मुलुकमा भएको सुन र चाँदीको मौज्दातलाई सम्पत्ति मानिन्थ्यो, निर्यात व्यापार बढाउन अनुदानको प्रयोग गरिन्थ्यो भने आयात रोक्न भन्सारको प्रयोग हुन्थ्यो । व्यापारबाट दुवै पक्ष लाभान्वित हुने स्मिथले औंल्याएका छन् । वास्तवमा व्यापारबाट लाभ नहुने हो भने कुनै पनि पक्षले त्यसमा चासो राख्दैनन् । कारोबारमा बिक्रेताले नगद पाउने साँचो हो, तर क्रेताले पनि आफुले तिरेको नगदभन्दा मूल्यवान ठानेको वस्तु पाएको हुन्छ ।

स्मिथको निष्कर्ष छ – कुनै मुलुक कति धनी हो भन्ने कुरा उसँग भएको नगदले नभएर उत्पादन, व्यापार तथा वाणिज्यको गतिले गर्छ, जसलाई आजकल हामी कुल राष्ट्रिय उत्पादन भन्छौं ।

उनी थप्छन् – विशिष्टिकरणका माध्यमबाट हामीले उत्पादनमा व्यापक वृद्धि गर्न सक्छौं, जसले हामीलाई बढी दक्ष र उत्पादनशील बनाउँछ । अझ औजार र उपकरणजस्ता विशिष्ट पुँजीगत वस्तुमा लगानी गर्‍यौं भने उत्पादन झन बढ्छ । हाम्रा विशिष्ट उत्पादनलाई मुलुकभित्रै र बाहिर अरूसँग विनिमय गर्दा हामी सबै लाभान्वित हुन्छौं, जसले उत्पादकत्वमा वृद्धि ल्याएको हुन्छ र त्यसलाई विशिष्टिकरण र पुँजीगत लगानीले प्रोत्साहन गरेको हुन्छ ।

जहाँ खुला व्यापार र प्रतिस्पर्धा हुन्छ, त्यहाँ बजारले श्रम र स्रोतहरूलाई सबैभन्दा उत्पादनशील प्रयोगकर्ता तर्फ डोऱ्याउँछ र उत्पादित वस्तुलाई सबैभन्दा बलियो मागकर्ता तर्फ डोऱ्याउँछ । यो अत्यन्तै समन्वयकारी पद्धति हो, तर यसले गतिविधिमा स्वतन्त्रता, खुला बजार र प्रतिस्पर्धा भएको ठाउँमा मात्र काम गर्छ । स्मिथ उत्पादकले राजनीतिकर्मीलाई एकाधिकार र विशेष कृपा गर्न दबाब दिने आसेपासे पुँजीवादका आलोचक थिए ।

सङ्रचना कार्यशील हुनका लागि आवश्यक सम्भार कार्य गर्ने बाहेक सरकारले आर्थिक जीवनमा हस्तक्षेप गर्न हुँदैन भन्ने उनको निष्कर्ष थियो ।

## डेभिड रिकार्डो (१७७२–१८२३)
## तुलनात्मक लाभ र उत्पादनमा दक्षता

लन्डनका सफल सेयर दलाल तथा सट्टेबाज (उनले वाटरलुमा बेलायतको जीतको पक्षमा दाउ राख्दा दस लाख पाउण्ड कमाएको बताइन्छ) डेभिड रिकार्डोले एड्म स्मिथको द वेल्थ अफ नेसन्स पढेर अर्थशास्त्रको अध्ययन थालेका थिए । उनले कुत, ज्याला, नाफा, कर र मूल्यका सिद्धान्तमा महत्वपूर्ण योगदान गरेका थिए ।

व्यापार नीति सम्बन्धमा उनले गहुँको आयातलाई रोक्ने "कर्न ल" जस्ता सङ्रक्षणकारी उपायहरूको विरोध गरेका थिए र "तुलनात्मक लागत सिद्धान्त" (आजकल "तुलनात्मक लाभको सिद्धान्त") प्रतिपादन गरेका थिए । यिनै कुराबाट उनी बढी चिनिन्छन् । उनले भनेका थिए – कुनै मुलुकले अरू मुलुकका तुलनामा जे सस्तोमा उत्पादन गर्न सक्छ, त्यसैमा विशिष्टिकरण गरेर उन्नति गर्न सक्छ । सबै वस्तु अरूले भन्दा सस्तोमा उत्पादन गर्न सक्ने अवस्थामा पनि उसले तुलनात्मक रूपमा (निरपेक्ष रूपमा

हुनु आवश्यक छैन) बढी लाभ प्राप्त गर्ने वस्तुमा विशिष्टिकरण गर्दा अझ राम्रो हुन्छ ।

यसको आधुनिक उदाहरण यस्तो हुन सक्छ – एकजना चर्चित फिल्म अभिनेता सङ्योगले फिल्म स्टुडियोको भान्से भन्दा राम्रो भान्से हुन सक्छ । तर निरपेक्ष ढंगले हेर्दा उक्त अभिनेता राम्रो भान्से हो भन्ने थाहा हुँदाहुँदै पनि उसलाई भान्सामा पठाउनभन्दा फिल्ममा खेलाएर उसको प्रतिभाबाट तुलनात्मक रूपमा बढी लाभ उठाउन सकिन्छ । यो सिद्धान्त खुला व्यापारको पक्षमा तर्कका लागि महत्वपूर्ण आधारशिला रहँदै आएको छ ।

## लडविग भन मिसेस (१८८१–१९७३)
## पुँजीको प्रकृति समाजवादको आलोचना; स्वतन्त्र कारोबारको लाभ

मिसेस जटिल आर्थिक गतिविधि तथा मूल्य र करोडौं मानिसको व्यवहारले समग्र नतिजामा कसरी गम्भीर असर गर्छ भन्ने विषयमा जोड दिने अर्थशास्त्रीहरूको "अस्ट्रियाई चिन्तन परम्परा" को महत्वपूर्ण व्यक्तित्व हुन । उदाहरणका लागि, पुँजीको महत्व के मा छ ? यसको कुल मूल्यमा नभएर सङ्रचनामा छ, पुँजीगत वस्तुमा मानिसले गर्ने लगानी र ती पुँजीगत वस्तुहरूले गर्ने उत्पादनशील सहकार्यमा छ । यो सङ्रचना अत्यन्तै सङ्वेदनशील हुन्छ । उदाहरणका लागि अनुचित ब्याज दर नीतिले बजारलाई विकृत बनाउँछ, यसले मानिसलाई गलत चिजमा खर्च गर्न उक्साउँछ, र फलतः यस किसिमको गलत लगानीले असफलता हात लाग्छ ।

साम्यवादमा जस्तो बजारलाई पूर्ण रूपमा निस्तेज पारिएको खण्डमा विवेकशील लगानी असम्भव हुन्छ । मूल्य नहुने हो भने सम्भावित असङ्ख्य उत्पादन प्रक्रियामध्ये कुन सबैभन्दा लागत प्रभावी हो भन्ने हिसाब कसैले पनि गर्नै सक्दैन । यसरी स्रोतहरूलाई

गलत प्रक्रियामा लगानी गरिन्छ, अनावश्यक खर्च र अदक्षता हात लाग्छ । समय क्रममा यस्ता गल्तीहरू थुप्रिदै जान्छन् किनभने त्यसलाई हटाउनुपर्छ भन्ने बजार दबाब हुँदैन ।

मिसेसले हस्तक्षेपरहित स्वतन्त्र कारोबारको पक्षमा बलियो तर्क प्रस्तुत गरेका थिए । जब सरकारले नियन्त्रण र नियमनमार्फत बजार प्रणालीमा क्षति पुऱ्याउन थाल्छ, उसले विस्थापन (बचत तथा अभावको) को ज्वारभाटा सिर्जना गर्छ । तलाउमा लहर सिर्जना भएजस्तो यो एउटा बजारदेखि अर्को बजारसम्म फैलिन्छ र एउटा बजारदेखि अर्को बजारलाई बिगार्दै जान्छ । क्षति कम गर्न जब सरकारले थप प्रयास गर्छ, तब उसले थप हस्तक्षेप गर्नुपर्छ र स्थिति अझ बिग्रन्छ ।

## एफ. ए. हायक (१८९९–१९९२)

## स्वचालित व्यवस्था; योजनाको आलोचना; बजार समन्वय

भियनामा जन्मिएका हायक लडविग भन मिसेसका विद्यार्थी थिए । उनले मिसेससँग तेजी र मन्दीको व्यापार चक्र सम्बन्धी अध्ययनमा सहकार्य गरेका थिए र केन्द्रीय बैंकले ब्याज दर अत्यन्तै न्यून तहमा राख्दा अत्यधिक कर्जा र खर्चलाई प्रोत्साहन मिल्ने र सङ्कट आइलाग्ने निष्कर्ष निकालेका थिए । त्यति मात्र नभएर न्यून ब्याज दरले बचतलाई निरूत्साहन गर्ने, ऋणदाताको कोष रित्तिने, लगानीकर्तालाई कर्जाको अभाव झेल्नुपर्ने, उनीहरूको अति महत्वाकांक्षी लगानी योजनालाई त्याग्नुपर्ने र पुँजी तथा रोजगारीमा गिरावट आउने गर्दछ ।

स्वचालित व्यवस्था सम्बन्धी अवधारणा हायकको मुख्य परख हो । मानव तथा पशु समाजले स्पष्ट नियमितता देखाउँछन् । तापनि मौरीहरू कसरी बाँच्छन् वा मानिसको भाषाको प्रयोग कसरी गरिन्छ भन्ने योजना कसैले बनाएको हुँदैन । यी व्यवस्था प्राकृतिक

हुन् र निरन्तर छन्, किनभने तिनीहरू उपयोगी छन् । हामी प्रायः त्यस्ता  नियमहरू (व्याकरणका नियमहरू जस्तै) बनाउन सक्दैनौं जसको जगमा स्वचालित व्यवस्था खडा भएको हुन्छ । त्यस्तो स्वचालित व्यवस्थाले कसरी काम गर्छ भन्ने हामीलाई थाहा नहुने हुनाले हामीले त्यो भन्दा राम्रो गर्न सक्छौं भन्ने कल्पना गर्नु दम्भ मात्र हो । ज्याला र मूल्य नियन्त्रण लागु गरेर मूल्य सङ्यन्त्र बिना काम गर्न सक्छौं भन्नु, अथवा केन्द्रीय आर्थिक योजनामार्फत खुला बजारलाई सुधार गर्छु भन्नु यस्तो दम्भको उदाहरण हो ।

हायकका अनुसार आर्थिक योजनाकारहरूले त्यस्तो गर्नका लागि आवश्यक हुन सक्ने सूचना पनि पाउँदैनन्, किनभने त्यस्ता सूचनाहरू छरिएका, स्थानीय, आंशिक, तीब्र गतिमा परिवर्तनशील, विशिष्ट, व्यक्तिगत र प्रसारण गर्न कठिन हुने किसिमका हुन्छन् । तापनि बजारले प्रत्येक क्षण, छरिएर रहेका स्थानीय तहमा यी सबै सूचनासँग व्यवहार गर्छ । कुनै योजनाकारले कसरी स्रोतहरू प्रयोग गर्नुपर्छ भन्ने निर्णय गर्नै पर्दैन । स्रोतहरूलाई सबैभन्दा मूल्यवान प्रयोगतर्फ डोऱ्याउन मूल्यले सरल सङ्केतको रूपमा काम गरेको हुन्छ । त्यसैले बजार व्यवस्था बढी दक्ष हुन्छ र नियोजित प्रणालीभन्दा निकै फराकिलो रूप लिन सक्छ ।

## मिल्टन फ्रिडम्यान (१९१२–२००६)
## स्वस्थ मुद्राको भूमिका; नियमनको लागत

उदारवादी अवधारणाका बारेमा फ्रिडम्यान खास सक्षम र प्रेरणादायी वक्ता थिए । उनको पुस्तक क्यापिटलिज्म एन्ड फ्रिडम (१९६२) र टेलिभिजन शृंखला तथा पुस्तक फ्रि टु चुज (१९८०) मार्फत करोडौं मानिसले खुला बजार, स्वतन्त्र व्यापार, स्वतन्त्रता र पुँजीवादका सम्भाव्यताका बारेमा सिक्न पाएका थिए । यी दुवै पुस्तक उनले श्रीमती रोजसँग सहलेखन गरेका हुन् ।

सन १९४६ मा फ्रिडम्यानले घरभाडा नियन्त्रणको चर्को विरोध गरेका थिए । त्यस्ता नीतिले घरधनीलाई घर मर्म्मत सम्भार गर्न वा घर भाडामा दिनमा कम उत्साही बनाउने, र फलतः आवासको गुणस्तर तथा आपूर्ति घट्ने तर्क उनले गरेका थिए । उनले विभिन्न पेशा (चिकित्सक, वकिल, लेखापाल आदि)को नियमन तथा अनुमतिपत्र सम्बन्धी व्यवस्थाको पनि अध्ययन गरेका थिए । यस्तो व्यवस्थाले सर्वसाधारणको नभई ती पेशेवरहरूको हित गर्ने उनको निष्कर्ष थियो । अनुमतिपत्रको अनिवार्यताले प्रतिस्पधालाई नियन्त्रण गर्ने हुँदा उपभोक्ताले गुणस्तरहीन सेवालाई बढी तिर्नुपरेको उनले पत्ता लगाएका थिए ।

बिसौं शताब्दीको प्रमुख समस्या मध्ये मानिएको मुद्रास्फीतिमाथि मौद्रिक नीतिको प्रभाव बारेको अध्ययनका लागि फ्रिडम्यान बढी परिचित छन् । सरकारले कर तथा खर्चलाई तलमाथि गरेर मुद्रास्फीति नियन्त्रण गर्न सक्छ भन्ने मुलधारे दृष्टिकोणको उनले आलोचना गरेका थिए । बरू यसका लागि सरकारले चलनमा रहेको मुद्राको परिमाणलाई नियन्त्रण गर्नुपर्ने उनको तर्क थियो । तर उनका अनुसार मौद्रिक नीति यसका लागि भुत्ते हतियार हो । त्यसैले सरकारले केवल सामान्य रूपरेखा तयार मात्र गरिदिनुपर्छ र निरन्तर आर्थिक हस्तक्षेप गर्न छोड्नुपर्छ भन्ने उनको तर्क थियो ।

## जेम्स एम. बुकानन (१९१९–२०१३) र गोर्डन टलक (१९२२–२०१४)

## राजनीतिक निर्णय प्रक्रियाको आलोचना

बुकानन र टलकले अर्थशास्त्रमा "सार्वजनिक छनोट" विचारधाराको विकास गरे । यस विचारधाराले बजार असफल भएको खण्डमा सरकारी हस्तक्षेप न्यायोचित हुन्छ भन्ने विचारलाई चुनौती दियो । नीति निर्माण प्रक्रियामा निजी स्वार्थ र शोषण हाबी

हुने भएकाले सरकारको असफलताले प्रायः झन् ठूलो सङ्कट ल्याउने व्याख्या उनीहरूले गरेका थिए ।

खराबीको शृङ्खला चुनावबाटै सुरू हुने बुकानन र टलकले औंल्याए ।उनीहरूले चुनावलाई सार्वजनिक हितको भन्दा पनि प्रतिस्पर्धी स्वार्थको परीक्षा भएको बताए । पुँजीवाद अन्तर्गत मानिसले विभिन्न वस्तुहरू मध्येबाट आफुले चाहेको वस्तु रोज्न सक्छन् । चुनावमा बहुमतले सबैका लागि रोजिदिन्छ । त्यति मात्र नभएर राज्यशक्तिको दुरूपयोग गरेर अल्पमतको शोषण गर्न सक्छ । तर पुँजीवाद अन्तर्गत उत्पादकले त्यसो गर्न सक्दैनन् ।

चुनावमा प्रायः विशिष्ट स्वार्थ समूह हाबी हुन्छ, जसको नतिजामा स्पष्ट र बलियो स्वार्थ हुन्छ । सर्वसाधारणको स्वार्थ भने छरिएको र सामान्य हुन्छ, र चुनावमा उनीहरू हावी हुन सक्दैनन् । यो अवस्थामा जतिसुकै जनपक्षीय राजनीतिकर्मी भए पनि चुनाव जित्नका लागि त्यस्ता स्वार्थी समूहसँग सम्झौता गर्नै पर्छ । अनि नीति कुन कुरा विवेकसम्मत हो भन्नेमा नभएर कुन लाभकारी हो भन्नेमा केन्द्रित हुन्छ ।

आफ्ना उपायहरूलाई विधायिकीबाट अनुमोदन गराउनका लागि राजनीतिकर्मीले सामान्यतया आफ्ना सहकर्मी र अरू विधायकहरूको समर्थन जुटाउन थप सम्झौता गर्नुपर्ने हुन्छ । उनीहरूले "तपाइँ मेरो समर्थनमा भोट हाल्नुस, म तपाइँलाई भोट हाल्छु" भन्ने किसिमका सम्झौता गर्न सक्छनर, र प्रकारान्तरमा सबैले वास्तवमै चाहेको भन्दा बढी नियम कानुन बन्ने अवस्था आउँछ । अन्त्यमा, यस किसिमको विवेकहीन प्रक्रियाबाट बनेको नियम कार्यान्वयन गर्ने अधिकारीकहाँ आइपुग्दा पूर्ति गर्नुपर्ने उसको आफ्नै खास स्वार्थ हुन्छ । उदाहरणका लागि उसले आफ्नो व्यक्तिगत कर्मचारीय साम्राज्यलाई विस्तार गर्न नियमलाई अझ जटिल बनाउन सक्छ जसको व्यवस्थापन गर्न अझ धेरै कर्मचारी आवश्यक हुन सक्छ ।

बुकानन र टलकले पुँजीवाद पूर्ण नहुन सक्छ तर यसको विकल्पका बारेमा पनि भावनामा बहकिनु जरूरी छैन भन्ने निष्कर्ष निकालेका थिए ।

## गेरि बेकर (१९३०-२०१७)

## मानवीय पुँजी, सामाजिक समस्याका आर्थिक समाधान

मिल्टन फ्रिडम्यानका विद्यार्थी अमेरिकी अर्थशास्त्री गेरि बेकरले अपराधीहरूको उत्प्रेरणा, अल्पसङ्ख्यकमाथि विभेद, आप्रवासजस्ता विभिन्न सामाजिक मुद्दाहरूमा आर्थिक अवधारणाहरूको प्रयोग गरेर नयाँ थालनी गरेका थिए । मानवीय पुँजीमाथि गरेको खोजका कारण उनी बढी चिनिन्छन् – यद्यपि यो शब्दावली उनले रचना गरेका थिएनन् ।

गुण, ज्ञान तथा सीप आदि मानवीय पुँजी हुन्, जसले व्यक्तिलाई बढी उत्पादनशील बनाउँछन् । शिक्षा तथा तालिममा गरिने लगानी मात्र नभएर समयनिष्ठता तथा कर्मशीलता जस्ता मूल्यहरू र राम्रो स्वास्थ्य पनि यसमा समावेश हुन्छन् । बेकरले विशिष्ट र सामान्य गरी दुई किसिमका मानवीय पुँजी पहिल्याएका थिए । अधिकारयुक्त सफ्टवेयर कसरी चलाउने भन्ने ज्ञानजस्तो कुनै पेशाव्यवसायका लागि आवश्यक ज्ञान विशिष्ट मानवीय पुँजी हो । यस किसिमको ज्ञान प्राप्तिका लागि कम्पनीहरूले कर्मचारीमाथि पैसा खर्च गर्छन, किनकी कर्मचारीले त्यो कुरा थाहा पाउनुपर्छ, कर्मचारीले छोडे भने त्यो ज्ञान अर्को प्रतिस्पर्धीलाई उपयोगहिन हुन्छ । सामान्य मानवीय पुँजी भनेको जुनसुकै क्षेत्रमा प्रयोग गर्न सकिने पुँजी हो – जस्तै किबोर्ड चलाउन सक्ने सीप । यस्तो हस्तान्तरणीय ज्ञानका लागि कम्पनीहरूले पैसा तिर्न खोज्दैनन्, त्यसैले त्यस्तो ज्ञान आर्जन गर्न कर्मचारी आफैले खर्च गर्नुपर्छ ।

बेकरको अवधारणाबाट अरू पनि रोचक अन्तर्दृष्टि उद्घाटित भए । जस्तै, उनले औंल्याएका छन् – अघिल्लो पुस्ताको तुलनामा

अहिलेको पुस्ताले शिक्षामा बढी समय खर्चिने गरेको छ, किनकी उनीहरू पहिलेको तुलनामा लामो बाँच्न थालेका छन् । बढी बाँच्नाले अहिलेको पुस्ताले हस्तान्तरणीय ज्ञानबाट पाउने सम्भावित लाभको दायरा पनि फैलँदै गएको छ । प्राविधिक विकासले पनि उन्नत ज्ञान तथा उच्च प्राविधिक सीप हासिल गर्दा लाभकारी हुने बनाएको छ, किनभने यसले हामीलाई बढी उत्पादनशील तथा उच्च मूल्यवान बनाउँछ । मानवीय पुँजीको यो अवधारणाले किन पहिलेका तुलनामा महिलाहरू अहिले शिक्षामा सहभागी छन् भन्ने विषयको पनि व्याख्या गर्न मद्दत गर्छ । यो सामाजिक परिवर्तनको मात्र कुरा होइन । घरायसी कामहरू स्वचालित हुँदै गएकाले पनि धेरै महिलालाई आफ्नो वृत्तिविकास गर्ने स्वतन्त्रता प्राप्त हुँदै गएको छ ।

उनको अर्को अन्तिम तर महत्वपूर्ण निष्कर्ष पनि छ – प्रविधि छिटोभन्दा छिटो परिवर्तन हुने भएकाले जीवनपर्यन्त सिकिरहनु पर्ने भएको छ, जसले मानिसलाई नयाँ सीप विकास गर्न र मानवीय पुँजीलाई पुनर्ताजगी गर्दै लैजान सबल बनाएको छ ।

## इज्रायल कर्जनर (१९३०–)
## उद्यमशीलताको भूमिका, गतिशील प्रभावको महत्व

लन्डनमा जन्मेका कर्जनरले न्युयोर्कमा लडविग भन मिसेस अन्तर्गत रहेर अध्ययन गरेका थिए । मिसेस जस्तै उनले चल्तिको "स्थिर सन्तुलन" मोडेलले अर्थतन्त्रको गतिशील स्वभावलाई ओझेलमा पारेको तर्क गरेका छन् । आर्थिक गतिविधि कुनै पूर्ण सन्तुलनको विन्दुमा स्थिर भएर बस्दैन । बरू मानिसहरू निरन्तर आफ्नो योजनामा सङ्शोधन गरिरहेका हुन्छन्, र अरूको गतिविधिमा आउने बदलावलाई सम्बोधन गर्न आफ्नो गतिविधिलाई पनि समायोजन गरिरहेका हुन्छन् । यस किसिमको गतिशील प्रक्रियाले उनीहरूको गतिविधिलाई पूर्ण नभएपनि निरन्तर समन्वयमा राख्छ ।

कर्जनरले समन्वयलाई सञ्चालन गर्ने, कायम राख्ने र सुधार गर्ने सन्दर्भमा उद्यमशीलताले महत्वपूर्ण भूमिका खेल्ने बताएका थिए । उद्यमशीलता भनेको बजारमा रहेको अन्तर तथा अभाव पहिल्याउने र त्यसलाई पूर्ति गर्ने तथा सच्याउन क्रियाशील हुने व्यक्तिहरू (पेशेवर उद्यमी मात्र होइन सर्वसाधारण पनि) मा निहित एक प्रक्रिया हो । उदाहरणको लागि कुनै उत्पादनलाई झन हलुंगो र टिकाउ बनाउनका लागि नयाँ किसिमको कच्चा पदार्थ प्रयोग गर्न सकिने कसैले पत्ता लगाउन सक्छ; कसैले नयाँ बन्दै गरेको कार्यालयले वरपर कफि पसलको माग बढ्ने कुरा पहिल्याउन सक्छ; अर्कोले स्थानीय रूपमा परिचित पाउरोटी पसलको शाखा देशैभर खोल्न सकिने बारे सोच्न सक्छ । आफ्ना लागि उद्यमशील लाभ प्राप्त गर्न यस किसिमका सङ्केतहरूमा उनीहरू क्रियाशील हुन सक्छन्, तर त्यसो गर्दा उनीहरूले सर्वसाधारणको आवश्यकता तथा चाहनालाई पूर्ति गर्ने गरी उत्पादनको श्रेष्ठतम सङ्योजनद्वारा मानवीय आर्थिक गतिविधिको समन्वयलाई मद्दत गरेका हुन्छन् ।

यसले के देखाउँछ भने आर्थिक समायोजन तथा समन्वय भारी मात्रामा विभिन्न मानिससँग हुन सक्ने स्थानीय बजारको अवस्थामाथिको ज्ञानमा निर्भर रहन्छ । तर यो तथ्यलाई मूल प्रवाहको "पूर्ण सूचना" वाला अर्थशास्त्रले बिर्सिएको छ । यसले उद्यमशीलताको भावना जागृत हुनका लागि सही नीति, सङ्स्था र खुला बजार आवश्यक हुन्छ भन्ने पनि देखाउँछ ।

## डेइर्ड्रे म्याकक्लस्की (१९४२–)
## उदारवादी आदर्श तथा आर्थिक वृद्धि

पुरूषका रूपमा जन्मेका म्याकक्लस्की ५३ वर्षको उमेरमा महिलामा रूपान्तरण भएका थिए । पहिले डनल्ड म्याक्लस्कीका रूपमा मूल्य सिद्धान्त लगायतका विषयको कारण चर्चित रहेपनि पछि आएर बेलायतको आर्थिक इतिहास अध्ययन गरेबाट उनको

प्रभाव खास जमेको थियो । पछिल्लो दुई शताब्दीमा हासिल भएको व्यापक आर्थिक वृद्धिको व्याख्या पुँजी र सङ्स्थाले मात्रै गर्दैनन्, बरू उदारवादी सोच खासगरी "बुर्जुवा आदर्श" ले गर्छ भन्ने उनको निष्कर्ष हो ।

म्याकक्लस्कीले पछिल्लो तीब्र गतिको आर्थिक वृद्धिको रेखांकन गरेकी छन् । सन् १८०० मा एउटा औसत मानिसले दिनमा आजका हिसाबले केही डलर कमाउँथ्यो । अहिले त्यो कमाई दसौं गुणा बढी छ । सन १८०० यता विश्व जनसङ्ख्या सात गुणा बढेको अवस्थामा पनि आम्दानीमा भएको त्यस्तो वृद्धिलाई सम्पत्तिको व्यापक विस्तार मान्नुपर्छ । यो भौतिक समृद्धि मात्र थिएन, सम्पत्तिमा भएको वृद्धिसँगै आयु, साक्षरता, बौद्धिक तथा सांस्कृतिक समृद्धि पनि प्राप्त भएको छ ।

यो महासमृद्धि (ग्रेट एनरिचमेन्ट) – कृषि युगको उदययता समृद्धिको सबैभन्दा ठूलो छलाङ – १८६० तिर सुरू भएको थियो । यसको व्याख्या चौधौं शताब्दीको "ब्ल्याक डेथ" पछि बेलायतले प्राप्त गरेको निरन्तरको उच्च आर्थिक वृद्धिले मात्रै वा १८ औं शताब्दीको उत्तरार्द्धदेखि सुरू भएको औद्योगिक क्रान्तिले मात्रै वा बेलायतका सङ्स्था तथा विधिको शासनले मात्रै गर्दैनन् । म्याकक्लस्की भन्छिन्, केवल विचारले मात्र चिजहरूलाई यति छिटो परिवर्तन गराउन सक्छ । "बुर्जुवा उदारवाद" को विस्तारबाट ग्रेट एनरिचमेन्ट उम्रिएको थियो, जसले सर्वसाधारणलाई पहिलोपल्ट स्वतन्त्रता, सम्मान र समृद्धि भोग गर्ने अवसर दिएको थियो । शताब्दीयौंदेखि व्यापारलाई भ्रष्ट र तुच्छ कर्म मानिँदै आएको थियो – तर जोन लक र एडम स्मिथजस्ता लेखकले स्वतन्त्रता, व्यापार तथा पुँजी एवं सम्पत्ति सङ्कलनका गुणहरूको पक्षमा लेखे जसले सर्वसाधारणलाई मर्यादा तथा उच्च आत्मसम्मान प्रदान गर्दछन् । एकाएक स्वतन्त्र जनमानसको सिर्जनशील प्रतिभालाई रोक्ने कुनै कुरा बाँकी रहेन ।

# १०. आलोचक र आलोचना

बिडम्बना नै भन्नुपर्छ, अमेरिकी फिल्म निर्माता माइकल मुर (१९५४–), कोरियाली अर्थशास्त्री हा जुन चाङ (१९६२–), क्यानडाली अधिकारकर्मी नाओमी क्लेन (१९७०–) र फ्रान्सेली लेखक थोमस पिकेटी (१९७१–) ले पुँजीवादको विरोध गरेर आफुलाई धनी बनाएका छन् । यसले देखाउँछ कि पुँजीवादले कुनै पनि विचारको माग छ भने त्यसलाई पुरस्कृत गर्छ, चाहे ती आफ्नै आलोचकको नै किन नहोस् । त्यसको ठीक विपरीत, अरू व्यवस्थाहरूमा भने आलोचनालाई सामान्यतः गलहत्याइन्छ ।

कतिपय बुद्धीजीवी, शिक्षक, लेखक तथा कलाकार छन्, जो पुँजीवादले आफ्नो अवमूल्यन गरेको छ भन्ठान्छन् । अलि बढी न्यायपूर्ण समाजमा भएको भए आफ्नो अझ ठूलो सम्मान तथा अधिकार हुन्थ्यो भन्ने उनीहरू मान्दछन् । तर उनीहरूले के बिर्सन्छन् भने उनीहरूको कामको मूल्य लगाउने पुँजीवादले होइन, बरू अरू मानिसले हो । अनि मानिसले उनीहरूका बारेमा गरेको मूल्यांकनको सम्मान गर्नुहुँदैन भन्ने को होला र ?

स्रोत जुनसुकै होस, तर पुँजीवाद बारे केही जायज आलोचनाहरू छन्, जसलाई पुँजीवादका समर्थकहरूले सम्बोधन गर्ने पर्छ – जस्तै नैतिक आलोचना, ठूला कम्पनीहरूको शक्तिको आलोचना, पुँजीवादी अर्थतन्त्रको सङ्रचना माथिको सरोकार, तथा भूराजनीतिक सरोकार आदि ।

## नैतिक आलोचना

समानता कि समृद्धिः पुँजीवादी समाज उल्लेख्य रूपमा समान हुन्छन्, तर जब मानिसहरू वस्तु तथा सेवासँग पैसा साट्छन्, तब उनीहरूको वित्तीय स्वामित्वमा स्वतः परिवर्तन आउँछ (यद्यपि यसलाई उनीहरूले प्राप्त गरेको सन्तुष्टीले सन्तुलित गर्दछ) । वित्तीय समानता कायम गर्ने एउटै उपाय निरन्तर पुनर्वितरण हुन सक्छ ।

वित्तीय असमानताका धेरैजसो आँकडा भ्रुक्याउने खालका हुन्छन् । ती कर तिर्नु र कल्याणकारी अनुदान भुक्तानी गर्नुअघिको आम्दानीमा केन्द्रित हुन्छन् । कर र कल्याणकारी अनुदानलाई समावेश गर्ने हो भने समानताको आँकडा सङ्सारभर लगभग उस्तै आउँछ, तल्लो १० प्रतिशत उपार्जकले मध्यम आयको ४० प्रतिशत हिस्सा पाइरहेका हुन्छन् । आँकडाले उमेर तथा बसाईसराई लगायतको प्रभाव पनि गोलमटोल पार्छन, मानवीय तथा भौतिक पुँजी निर्माण गर्न बाँकी नै हुने भएकाले कम उमेरका मानिससँग धन कम हुन्छ, थोरै सीप भएका आप्रवासी आदि कम ज्यालामा काम गर्छन् । तर त्यही कामलाई आधार बनाएर अर्को राम्रो काममा फड्को मार्न प्रयासरत हुन्छन् । यो किसिमको प्रगति हरेक व्यवस्थामा स्वाभाविक हो ।

पूर्ण समानता असम्भव हुने देखेर केही आलोचकहरू पैतृक सम्पत्तिमा उच्च करको वकालत गर्छन्, जसबाट सम्पत्ति सजिलै अनुत्पादक व्यक्तिको हातमा नपुगोस् र सबैले लगभग समान धरातलबाट जीवन थालनी गर्नु परोस् । तर यो कुरामा धेरै किसिमका नैतिक र अन्य आपत्तिहरू छन् । उदाहरणका लागि, यो मानवीय प्रकृति विरूद्ध छ, किनभने मानिसहरूमा आफ्ना सन्तानको भरण पोषण गर्ने उत्कट चाहना हुन्छ, केही मानिस अरूभन्दा बढी समय बाँच्छन्, त्यसैले उनीहरूले जीवनकालमै आफ्ना सन्ततिलाई

बढी सम्पत्ति हस्तान्तरण गर्ने मौका पाउँछन् । मृत्युपछि कर लगाएर खोसिने भएपछि कतिपयले पहिल्यै खर्च गरेर उडाउन सक्छन् । यसले न्यून लगानीको अवस्था निम्त्याउँछ र भविष्यको समृद्धिलाई न्यून बनाउँछ । पारिवारिक स्वामित्वका व्यवसाय हराउँछन् । आखिर पुस्तैनी सम्पत्ति स्थायी हुँदैन भन्ने त हामीले देखेकै छौं ।

सबै जना सैद्धान्तिक रूपमा समान व्यवहार र अवसरमा समानताको समर्थन गर्छन, तर कोहीपनि वृहत समानताको लागि आफ्नो भागको समृद्धिबाट योगदान गर्न चाहँदैनन् । पैसाले खुसी किन्न सकिदैन भनिन्छ, तर सबै प्रमाणहरूले सकिन्छ भन्ने देखाउँछन् । हामीले समाधान गर्नुपर्ने समस्या आय असमानताको होइन, बरू पर्याप्त आम्दानीको हो । आम मानिससँग सम्मानपूर्वक जीवनयापन गर्न सक्ने आम्दानी छ कि छैन भन्ने मूल प्रश्न हो ।

पुँजीवाद र लोभ : पुँजीवाद लोभमा आधारित हुन्छ भन्ने आलोचना निजी स्वार्थ र लोभ बीचको भिन्नता नबुझ्दा पैदा भएको हो । उत्पादकहरू साँच्चिकै लोभी भए भने उपभोक्ताले तिनलाई परित्याग गरिहाल्छन् । अनि किन व्यवसायीलाई मात्रै लोभीको आरोप लगाउने ? व्यवसायी नाफाका भोका होलान, तर उपभोक्ता पनि बचतका उत्तिकै भोका हुन्छन् र कामदार उच्च ज्यालाका । तर पनि हामी कहिल्यै लोभी ग्राहक वा लोभी कामदार भनेको सुन्दैनौं ।

अपवादमा कहिलेकाहीँ आलोचकहरूले पुँजीवादले सबैलाई लोभी बन्न प्रेरित गर्छ, यसले सार्वजनिक सेवा उपलब्ध गराउनका लागि आवश्यक करको विरोध गर्न सर्वसाधारणलाई प्रेरित गर्छ भनेको सुनिन्छ ।

तर कर बारे प्रश्न गर्नु गलत होइन । धेरैजसो सार्वजनिक सेवा (शिक्षा तथा स्वास्थ्य जस्ता) निजी तवरले बजारबाट वा अरू किसिमका माध्यम (सांस्कृतिक तथा कल्याणकारी कार्यक्रम) मार्फत नागरिक समाजबाट पनि प्रवाह गर्न सकिन्छ । कर आवश्यक हुन

सक्छ, यो एउटा आवश्यक पिशाच हो । आखिर यो जनताबाट बलपूर्वक उठाइन्छ, यसलाई केही यस्ता कुरामा खर्च गरिन्छ (जस्तै कारागार, सेना वा गर्भपतन) जसको केही करदाताले चर्को विरोध गर्छन । यसले राज्यको एकाधिकारी व्यवस्थालाई प्रोत्साहन गर्छ जुन कम दक्ष हुन्छ र थोरै छनौटको अवसर दिन्छ, यसले अनुदान र कृपा हडप्न खोज्ने स्वार्थी समूह र आसेपासेलाई चनाखो बनाउँछ, यसले नकारात्मक प्रेरणाको वातावरण सिर्जना गर्छ । जस्तै, आय करले कामबाट प्राप्त हुने पारिश्रमिकलाई कम बनाउँछ, पैतृक सम्पत्तिमा करले लगानी र बचतलाई निरूत्साहन गर्छ ।

भौतिकतावाद र उपभोक्तावादः पुँजीवादले भौतिकतावादी बनाउँछ र "अधिक" उपभोगलाई बढावा दिन्छ भन्ने अर्को नैतिक आलोचना हो । यो आलोचनाको इतिहास अनौठो छ । पुँजीवादका पहिलेका आलोचकहरू यसले काम गर्दैन, बरू विवेकपूर्ण योजनाले जीवनस्तरमा छिटो परिवर्तन ल्याउँछ भन्थे, तर घटनाहरूले यसलाई गलत साबित गरिदिए । त्यसकारण अहिले आएर पुँजीवादले असाध्यै राम्रो गऱ्यो, मानिसहरूलाई आफ्नो चाहनाको "अधिक" पूर्ति गर्न सक्ने बनायो, देखावटी र फजुलखर्ची बनायो, र मानिसलाई सामाजिक उद्देश्यहरूबाटै अलग्यायो भन्ने आलोचना हुने गरेको छ । तर "अधिक" के लाई भन्ने सोचको कुरा हो, जुन सार्वजनिक नीति तर्जुमाको अत्यन्तै कमजोर आधार हो, खासगरी त्यस्ता उपभोगलाई रोक्न बल प्रयोग गरिने कुरा ।

यो तर्कमा अरू दुई कमजोरी छन् । पहिलो, मानिसले कुन कुरालाई महत्व दिएर उत्पादन र उपभोग गर्छन् त्यसलाई हामीले महत्व दिदैनौं भने पनि त्यसलाई रोक्ने नैतिक अधिकार हामीसँग हुँदैन । उनीहरूलाई हामीले महत्व दिएका र हामीले जतिसुकै पुण्यको काम ठानेको भए पनि ती काम गर्न वाध्य पार्न सक्दैनौं । त्यसले उनीहरूको छनौटको र आत्म निर्णयको अधिकार उल्लंघन गर्छ ।

दोस्रो, हामीले पुँजीवाद अवलम्बन गर्नुको मुख्य कारण भनेको यो आर्थिक वस्तु उत्पादनमा सबैभन्दा सक्षम छ भन्ने भएकाले हो । समानता र एकता जस्ता सामाजिक नतिजाका लागि हामीले यसलाई अवलम्बन गरेका होइनौं । त्यस्तो कार्यका लागि यो गलत औजार हो, र त्यसका लागि हामी यसलाई दोष दिन सक्दैनौं । तर यसले शान्ति र आम समृद्धि जस्ता केही सुखद सामाजिक नतिजाहरू भने हासिल गर्न सक्छ, तर यी केवल बोनस हुन ।

लागत न्यूनीकरण र गुणस्तरः धेरै आलोचक प्रतिस्पर्धाका कारण उत्पादकले लागतमा असाध्यै न्यूनीकरण गर्नुपर्छ, जसले गर्दा उपभोक्ताकोमा सस्तो र गुणस्तरहीन वस्तु आइपुग्छ भन्ने सोच्छन । उनीहरूले बनाएका वस्तु टिकाउ हुँदैनन् भन्ने गुनासो आलोचकहरूका हुन्छन्, जुन अविवेकी र झुटो अर्थतन्त्र हो ।

तर वास्तवमा प्रतिस्पर्धाले उपभोक्ता जोसुकै होउन तिनीहरूको माग पूर्ति गर्न उत्पादकलाई दबाब दिन्छ । मानिसले कुनै सन्दर्भमा गुणस्तर माग गर्न सक्छन भने कुनैमा सस्तो । उदाहरणका लागि, यदि "फेसन" छिटोछिटो परिवर्तन भइरहेको छ भने फेसनबाट चाँडै बाहिरिने महँगो कपडा उत्पादन गर्नुको अर्थ हुँदैन । यही कुरा व्यक्तिगत प्रयोगका विद्युतीय सामग्रीमा पनि लागु हुन्छ । नयाँ प्रविधिले तिनलाई छिट्टै काम नलाग्ने बनाइदिन सक्छ । अर्कोतिर फेसन परिवर्तनले खास महत्व नराख्ने र टिकाउ वस्तु (जस्तै घाँस काट्ने मेसिन, पियानो) को हक उपभोक्ताले सस्तोको सट्टा बलियो रोज्न सक्छन् ।

यी सबै सन्दर्भमा उपभोक्ता महत्वपूर्ण हुन्छन, प्रौढ र धनी उपभोक्ताले उच्च गुणस्तरको महँगो वस्तु मन पराउन सक्छन भने युवा र गरिब उपभोक्ताले न्यून गुणस्तरको सस्तो रोज्न सक्छन । कसले उनीहरूको रोजाईलाई अस्विकार गर्ने ?

मानिसको रोजाई गलत हुन्छ : मानिसहरूको रोजाई गलत हुन्छ भन्ने विषयमा केही आलोचकहरूको आपत्ति रहेको छ ।

मानिसहरूले आफुले नबुझेको बचत योजना रोज्ने वा आफ्नो आवश्यकतासँग मेल नखाने वस्तु खरिद गर्ने कुरालाई उनीहरूले उदाहरणका रूपमा अघि सार्दछन् । उनीहरू खासगरी वित्तीय सेवाजस्ता नयाँ उत्पादनहरूको कडा नियमन गर्नुपर्छ वा त्यस्ता उत्पादनको पूर्ण असर थाहा नहुञ्जेल तिनलाई रोक्नुपर्छ भन्ने तर्क गर्छन् ।

तर जनताले खरिद गरेर गल्ति गर्लान भन्दै नयाँ उत्पादनमाथि प्रतिबन्ध लगाउनु भनेको नवप्रवर्तन र समृद्धिलाई मार्नु हो । यो प्रगतिबाट लाभ उठाउन सक्ने अवसर भविष्यको पुस्ताले गुमाउने छन् । सरल तथा सामान्य सुरक्षाका लागि केही व्यवस्था गर्न सकिन्छ, जस्तो कि जटिल किसिमका बचत कार्यक्रमका लागि परीक्षण काल । बढी नियमन अर्थहिन हुन्छ । कसैले पनि कुनै व्यवसायको लाईसेन्स हेर्दैनन्, बरू उनीहरू किनमेलका लागि साथीभाई, छिमेकीहरूसँग सरसल्लाह गर्छन् ।

हामी कसैले पनि सबथोक अनुमान गर्न सक्दैनौं । नियामकले नै पनि सक्दैनन् । त्यसैले हामीले कुनै वस्तुका बारेमा पाउन सकिने जति जानकारी लिएर त्यसलाई खरिद गर्छौं । धेरै मानिस त्यस आधारमा आफ्नै छनोट गर्न सक्षम हुन्छन् । उनीहरूलाई आफ्ना आवश्यकताका बारेमा पनि राम्रो जानकारी हुन्छ, दूरको सरकारी अधिकारीलाई भन्दा । कुनै वस्तु किन्नका लागि कुनै व्यक्तिलाई के चिजले प्रोत्साहित गर्छ भन्ने जानकारी नियमकलाई हुदैन भने त्यसो गर्नबाट रोक्ने अधिकार वा कारण उसलाई कसरी प्राप्त हुन्छ ? जब मानिसले गल्ति गर्छन र हामी तिनीहरूलाई त्यसबाट उताछौं भने त्यसो गर्दा उनीहरूलाई हामीले लापरवाही गर्न प्रेरित गरिरहेका हुन्छौं; छनोट गर्ने अधिकार खोस्यौं भने हामीले उनीहरूलाई निकम्मा बनाएका हुन्छौं । मानिसले आफ्ना छनोटको परिणामलाई स्वीकार गर्नु बढी प्रभावकारी र बढी नैतिक हुन्छ ।

## सङ्रचनागत आलोचना

उत्पादनमा अराजकताः धेरै आलोचकले पुँजीवादी उत्पादन प्रणालीलाई अदक्ष, अविवेकी र अराजक भनेका छन् । उदाहरणका लागि धेरै कारखानाले उस्तै किसिमका वस्तु उत्पादन गरिरहेका हुन्छन् र त्यसको विज्ञापनमा पैसा गर्नुपर्छ । त्यसो गर्नुको सट्टा एउटा ठूलो कारखानाले उत्पादन गर्ने हो भने बढी दक्ष हुन्थ्यो र विज्ञापन गर्नै पर्दैनथ्यो । यसैगरी, पुँजीवादी शैलीको आकस्मिक उत्पादनको सट्टा योजनावद्ध ढंगले उत्पादन गर्ने हो भने स्रोतहरूको प्रयोग व्यवस्थित उत्पादन सङ्रचनामा हुन सक्थ्यो, बढी विवेकी र कम खर्चिलो ढंगले हुन्थ्यो ।

यस खालको आलोचना गर्नेहरूले प्रतिस्पर्धाकै कारण पुँजीवाद गतिशील हुन्छ भन्ने बिर्सेका हुन्छन् । सबै कारखानाले एक समानको वस्तु उत्पादन गरेका हुँदैनन्, बरू उपभोक्तालाई आकर्षण गर्न आफ्नो उत्पादनलाई सकेसम्म फरक बनाउने, त्यसलाई निरन्तर सुधार गर्ने र व्यर्थको खर्च कटौती गर्ने कोसिस गरेका हुन्छन् । अनुभवले के देखाएको छ भने एकल उत्पादकलाई आफ्नो उत्पादनमा सुधार वा दक्षता वृद्धि गर्ने प्रेरणा कम हुन्छ ।

यथार्थमा पुँजीवादमा प्रशस्त योजना बन्दछन् । व्यक्ति र फर्महरूले सधैंजसो योजना बनाइरहेकै हुन्छन् । उपभोक्ताहरू के खरिद गर्न चाहन्छन्, के चाहदैनन् भन्ने दैनिकको निर्णय मार्फत ती योजनालाई निरन्तर रूपमा पृष्ठपोषण प्राप्त भइरहेको हुन्छ र उत्पादकले त्यसै अनुरूप आफ्नो योजनालाई समायोजन गर्छन् । यदि उनीहरूले गल्ति गरे भने त्यसबाट उनीहरू मात्रै पीडित हुन्छन् । तर समग्र मुलुककै उत्पादनलाई योजनावद्ध गरियो भने कुरा बेग्लै हुन्छ । त्यस्ता विशाल योजना कार्यान्वयनमा ल्याउन वा परिवर्तन गर्न समय लाग्ने किसिमका हुन्छन् । उपभोक्तालाई छनोटको अवसर नहुने भएकाले पृष्ठपोषण पनि कम हुन्छ, त्यसैले

गतिशीलता र प्रगति पनि कम हुन्छ । अनि योजना असफल भयो भने पूरै मुलुकले दुःख भोग्नुपर्छ ।

अनुत्पादक सट्टेबाजीः सेयर वा मुद्राको मूल्य, फ्युचर मार्केट र अरू यस्तै क्षेत्रमा हुने पुँजीवाद अन्तर्गतको वित्तीय सट्टेबाजी प्रति पनि धेरै आलोचकहरूले आपत्ति जनाएका हुन्छन् । यसलाई उनीहरूले अनुत्पादक भनेका हुन्छन् । यसले समय, ऊर्जा र पुँजी मात्रै खपत गर्ने उनीहरू बताउँछन् ।

वास्तवमा सट्टेबाजी भनेको जीवन्त अर्थतन्त्र र पुँजी बजारको सङ्केत हो । सट्टेबाजले केही न केही मूल्य सिर्जना गरेकै हुन्छन् । उत्पादनमा विशिष्टिकरण हुने भएकाले सट्टेबाजहरूले आफ्ना प्रतिस्पर्धीहरूलाई पराजित गर्नुछ भने केही फर्म वा कुनै एक क्षेत्रका बारेमा पर्याप्त ज्ञान राख्नु आवश्यक हुन्छ । लगानी कहाँ गर्ने, कहाँबाट फिर्ता गर्ने भन्ने उनीहरूको सचेत निर्णय ती फर्महरू र क्षेत्रको स्वास्थ्य तथा सम्भावनाका मूल्यवान सङ्केतहरू हुन् । यसले अरू मानिसलाई पनि आफ्नो पैसा के मा लगाउने भन्ने निर्णय गर्न मद्दत गर्छ । यसले लगानीका जोखिम न्यूनीकरणमार्फत लगानी विस्तार, पुँजी सिर्जना तथा उत्पादन दक्षतालाई प्रोत्साहित गर्छ, यसले स्रोतहरूलाई सबैभन्दा बढी उत्पादनशील उपयोगतर्फ पुऱ्याउन मद्दत गर्छ ।

अलोकतान्त्रिक उत्पादन : पुँजीवाद अन्तर्गत उत्पादनलाई मालिकहरूको लाभ हुने गरी सङ्गठित गरिएको हुन्छ जबकी यसलाई सर्वसाधारण तथा अन्य सरोकारवालाको हित हुने गरी सङ्गठित गरिनुपर्थ्यो भन्ने एक अर्को आलोचना हो । त्यसैले उत्पादनलाई प्रजातान्त्रिक नियन्त्रणमा ल्याउनुपर्छ ताकि दीर्घकालमा यसलाई राष्ट्रको हित हुने गरी सञ्चालनमा ल्याउन सकियोस्, नकि मालिकहरूको अल्पकालिन लाभका लागि ।

तर अफसोस, लोकतान्त्रिक नियन्त्रण भनेको राजनीतिक नियन्त्रण हो । यो दबाब समूहको शक्ति, मतदाता, राजनीतिकर्मी,

कर्मचारीहरूको निजी स्वार्थ लगायतको सम्पूर्ण राजनीतिक समस्याहरू सहितको नियन्त्रण हो । सरोकारवालाहरूको हितमा राजनीतिक रूपले चलाइएको अर्थतन्त्र भन्नुको अर्थ वर्तमानका सरोकारको हितमा अर्थतन्त्रलाई सञ्चालन गरिएको छ भन्ने हो । ती सरोकारवालाको  स्पष्ट चासो साबिकको अभ्यासलाई जारी राख्दा आफ्नो फाइदा हुन्छ भन्ने हो । उनीहरू यसलाई नवप्रवर्तनले विस्थापित गरोस भन्ने चाहँदैनन् । अनि राजनीतिकर्मी जस्तो छोटो समयको लाभ मात्र हेर्ने त अरू को नै होला र ? यस बिपरीत निजी व्यवसायीले उनीहरूको व्यवसायको दीर्घकालिन बलमा जोड दियो भने त्यसबाट थप लगानी भित्र्याउने वा व्यवसाय थप मूल्यवान बन्ने जस्ता लाभ लिन सक्छ ।

## कर्पोरेट शक्ति

ठूला कर्पोरेसनहरू : पुँजीवादका धेरैजसो आलोचनाहरू ठूला कम्पनीहरूको शक्तिमा केन्द्रीत हुन्छन् । तिनीहरूलाई राजनीतिकर्मीहरू, सार्वजनिक विषयका विचार निर्माण, उपभोक्ताको छनोटलाई प्रभावित पार्न सक्ने, राज्यबाट नियमन तथा कर छुट हत्याउन सक्ने र एकाधिकार निर्माण गर्नसक्ने शक्तिशाली निकायका रूपमा लिइएको हुन्छ ।

तर एकाधिकार र ठूला कम्पनी पुँजीवादका अभिन्न अङ्ग होइनन् । पुँजीवादी प्रतिस्पर्धा अन्तर्गत कम्पनीहरू ठूलो हुने एउटै मात्र उपाय निरन्तर उपभोक्ताको सेवा हो । सबैभन्दा ठूलो कम्पनीलाई पनि अर्को प्रतिस्पर्धी वा उसको व्यवसायका ससना टुक्रा खोसेर साना कम्पनीहरूले समेत चुनौती दिन सक्छन् । उनीहरूले एकाधिकार कायम गर्न सक्ने एउटै आधार भनेको राज्यबाट कर वा अनुदान सहुलियत प्राप्त गरेर हो । यो पुँजीवाद होइन, आसेपासेवाद हो ।

यो आरोप राज्यका हकमा सजिलै स्थापित हुन्छ । राज्यसँग कर लगाउने, नियम कानुन बनाउने शक्ति हुन्छ । यसले मानिसलाइ जेल हाल्न सक्छ वा युद्धमा पठाउन सक्छ । तर व्यवसायीले त्यसो गर्न सक्दैन् । धेरै मानिसहरू ठूला कम्पनीको शक्तिलाई लिएर गुनासो गर्ने भए पनि खास शक्ति त राज्यसत्तामा निहित हुन्छ । प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने राजनीतिकर्मी हामीलाई चाहिएको छ, न कि ठूला र स्थापित उत्पादकहरूलाई लाभ पुर्‍याउने ।

व्यवस्थापन तथा स्वामित्व : व्यवस्थापन र स्वामित्व छुट्टिने भएकाले ठूला पब्लिक कम्पनी निकम्मा हुन्छन भन्ने तर्क केही आलोचकहरू गर्छन । व्यवस्थापकहरू नियन्त्रण बाहिर छन, शक्तिशाली छन् र अधिक पारिश्रमकि लिन्छन् भन्ने उनीहरूको तर्क हो ।

तर व्यवस्थापन र स्वामित्वको अलगाव भनेको केवल श्रम विभाजनको एक अर्को उदाहरण हो । निश्चित रूपमा मालिकहरू (सेयरधनीहरू) ले व्यवस्थापकलाई नियन्त्रण गर्नुपर्छ तर गलत कम्पनी कानुनका कारण धेरै मुलुकमा सेयरधनीले त्यस्तो शक्ति गुमाएका छन् । यो पनि राजनीतिक हस्तक्षेपले पुँजीवादलाई राम्रोसँग काम गर्न नदिएको एक अर्को उदाहरण हो ।

अर्कातिर जति ठूलो व्यवसाय भयो त्यसलाई सञ्चालन गर्न त्यति नै सीपयुक्त व्यवस्थापक चाहिन्छ । विश्व स्तरको अन्तर र्‍ाष्ट्रिय कम्पनी व्यवस्थापन गर्न सक्ने मानिसहरू थोरै छन्, त्यसैले तिनीहरूलाई बढी भुक्तानी दिइन्छ । त्यसलाई अत्याधिक भुक्तानी नै भनिहाल्न मिल्दैन, किनकि जब कुनै प्रमुख कार्यकारी अधिकृतले कम्पनी छोड्छ, त्यसको मूल्यमा केही गिरावट आउन सक्छ । अब सेयरधनीहरूले निर्णय गर्नुपर्छ कि त्यो व्यवस्थापकलाई त्यति पैसा दिएर राख्नुको अर्थ छ कि छैन भनेर, न कि राजनीतिकर्मीले जसका अरू नै राजनीतिक उद्देश्य हुन्छन् ।

## विश्व सम्बन्ध

बहुराष्ट्रिय कम्पनी : बहुराष्ट्रियका तुलनामा अरू कम्पनीहरू आलोचनाको तारो कम बन्छन् । आलोचकहरूले तिनीहरूलाई विशेष सङ्रक्षणको माग गर्ने, मुलुकहरूमा लागत भार सारेर कर बचाउन खोज्ने, तिनीहरूका सबैभन्दा प्रदुषक कारखाना गरिब मुलुकहरूमा सार्ने निकाय भएको आरोप लगाउँछन् । विश्व बजारमाथि कुनै मुलुक जत्तिकै ठूला पुँजीहरू र बहुराष्ट्रिय निगमहरू हाबी भएको तर्क उनीहरू गर्छन् । केही त्यस्ता निगममाथि बजारको खेलाडी भन्दा पनि साम्राज्यवादीको जस्तो भूमिका खेलेको आरोप पनि लगाइन्छ ।

तर कम्पनीलाई यति ठूलो आकारमा वृद्धि हुनका लागि सरकार र आसेपासेवादले नै  मद्दत गरेको हुन्छ । आर्थिक वृद्धिलाई सघाउने व्यवसाय र पुँजी आकर्षित गर्न मुलुकहरूमा भिन्न खालको कर व्यवस्था हुन्छ । बहुराष्ट्रिय कम्पनीहरूले गरिब मुलुकहरूमा ठूलो लगानी गरेका हुन्छन्, उद्योगलाई अझ बढी उत्पादनशील बनाउन पुँजी भित्र्याएका हुन्छन्, रोजगारी अवसर बढाएका हुन्छन् र ज्याला दर बढाइदिन्छन् । यीमध्यै केही काम असाध्यै कठिन हुन्छन, धनी मुलुकका मानिसले नरूचाउने खालका केही धमिला प्रक्रिया हुन्छन् । तर यसको विकल्पमा ती मुलुकहरूको विकास सुस्त हुन्छ, सुलभ र स्वस्थ उत्पादन उपभोग गर्ने उनीहरका आकांक्षा स्थगित हुन सक्छन र तीनीहरूका जनता लामो समयसम्म गरिबीमै फस्न सक्छन् ।

साम्राज्यवादकै कुरा गर्दा, बहुराष्ट्रिय कम्पनी र विश्व बजारले वास्तवमा विश्व शान्ति प्रवर्द्धन गरेका छन् । तिनीहरूको लगानीले उदीयमान मुलुकमा अर्बौ मानिसलाई गरिबीबाट उतारेको छ र जीवन्त मध्यम वर्गको रचना गरेको छ । यो वर्गले शान्ति प्रवर्द्धन

गरेरै सबै लाभ हासिल गर्न सक्छ र व्यापारले त्यस्तो शान्तिलाई सम्भव बनाउँछ ।

म्याकडनल्डीकरण : केही आलोचकहरू धनी मुलुकहरूका लगानीसँगै सांस्कृतिक साम्राज्यवाद पनि प्रवेश गर्छ, पश्चिमी ब्रान्ड, जीवनशैली र अभ्यासहरूले स्थानीयलाई बढारिदिन्छन् भन्छन् ।

तर सत्य के हो भने विश्वव्यापीकरणले बढी विविधतायुक्त वस्तु तथा सेवाको फैलावटलाई प्रोत्साहन गरेको छ । पूर्वी युरोप र दक्षिण पूर्वी एसियाका ठूला हिस्सा अहिले पश्चिमा बजारसँग खुलेका छन्, जसकारण सबै पक्षले दुवै तर्फका धेरै मुलुकहरूका उत्पादनबाट पहिलेभन्दा बढी लाभ उठाउन सक्ने भएका छन् । व्यापारले प्रदान गरेको उदीयमान मुलुकहरूको बढ्दो सम्पत्तिले अझ बढी त्यस्तो सम्पत्ति भित्र्याउन मद्दत गरेको छ । धनी मुलुकतर्फ जाने विद्यार्थी तथा पर्यटकले आफुसँगै लैजाने मूल्य मान्यता तथा सङ्स्कृतिले त्यसो गरेको छ । नतिजा सांस्कृतिक साम्राज्यवाद नभएर विविधता र छनोट हुन्छ ।

रोजगारी सङ्रक्षण : उदीयमान अर्थतन्त्रलाई विशेष सुरक्षाको खाँचो हुन्छ किनकी यसबाट त्यहाँका शिशु उद्योगले हुर्किने मौका पाउँछन र आर्थिक रूपमा सबल हुन्छन् भनिन्छ । यसको अर्थ नियन्त्रण, आयातमा महशुल, निर्यातमा अनुदान आदि हो, जसले उनीहरूलाई धनी मुलुकहरूबाट परास्त हुन सक्ने प्रतिस्पर्धाबाट जोगाउँछ ।

तर गरिब मुलुकहरूको सबैभन्दा ठूलो समस्या पुँजीको अभाव हो । विदेशी लगानीलाई खुला गर्नु पुँजी प्राप्तीको सबैभन्दा छिटो उपाय हो । नयाँ पुँजीले तिनीहरूलाई बढी उत्पादनशील बनाउँछ सङ्सारको जहासुकैका उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने वस्तु तथा सेवा उत्पादन गर्न सक्ने बनाउँछ र स्थानीय उत्पादकलाई उनीहरूको महत्वाकांक्षा पूर्ति गर्न सहयोग पुऱ्याउँछ ।

सङ्रक्षणवाद गैरस्वतन्त्र मुलुकहरूमा मात्र सम्भव हुन्छ, जहाँ राज्यले उद्योगहरू लाई सहयोग गर्ने नाममा करदातालाई वाध्य बनाउन सक्छ वा आयात रोक्न परिमाणात्मक सीमा तोक्ने तथा भन्सार महशुल लगाउन सक्छ। तर अहिले बजारको विश्वव्यापीकरण भएको छ, यसको हिस्सा भएर मुलुकहरूले लाभ प्राप्त गर्न सक्छन्, सङ्रक्षणकारी पर्खाल खडा गरेर त्यसको आडमा विकसीत हुन र त्यसलाई कायम राखी राख्न सक्दैनन् ।

## आसेपासेवादमाथि जित

पुँजीवादका केही आलोचकहरू स्वतन्त्र व्यापार भन्ने चीज नै हुँदैन भन्ने तर्क गर्छन। त्यहाँ जहिलेसुकै स्वार्थको पैरवी र स्वार्थको मिलान भइरहेको हुन्छ, र पुँजीवादले सह्य हुने गरी राम्ररी काम गर्न कडा नियम र नियमन चाहिन्छ ।

तर पुँजीवादका समर्थकले मिलेमतो र आसेपासेवादको आरोप पनि खण्डन गर्छन्, र त्यसलाई पुँजीवादको विशिष्ट चरित्र मान्दैनन् । बरू यी कुराहरू समाजवादमा बढी प्रचलित हुन्छन् । न्याय र स्वतन्त्र रूपमा सम्पत्तिको कारोबार गर्न पाइने किसिमको बजारलाई स्वतन्त्र रूपमा परिचालित हुन दिने नियमहरू आलोचकहरूले प्रस्ताव गरेकोजस्तो विस्तृत र जटिल हुँदैनन् बरू सरल र साधारण प्रकृतिका हुन्छन् ।

व्यक्तिगत अधिकार तथा स्वतन्त्रता रक्षा जस्ता मुख्य भूमिकामा सरकार केन्द्रीत हुनुपर्छ, र अर्थतन्त्र सञ्चालनको प्रयास गर्नु हुँदैन। राज्य र अर्थतन्त्रबीच एक किसिमको विभाजन हुनैपर्छ। इतिहासको दुखद पाठ के हो भने सर्वसाधारणभन्दा सरकारी अधिकारी न चलाख हुन्छन् न इमान्दार । राज्यले त्यस्तो शक्ति प्रयोग गर्ने अख्तियारी पाएकाहरूको सबैभन्दा खराब चरित्र आफूतिर आकर्षण गर्छ, र यसले उनीहरूलाई ठुल्ठूला गल्ती गर्न मद्दत गर्छ ।

# ११. पुँजीवादको भविष्य

पुँजीवादका धेरै सबल पक्ष छन् । सङ्सारभर शान्ति र समृद्धि फैलाउने अवसर पनि यससँग छन् । तर यसका भेद्य पक्ष पनि छन् । यसको सङ्वेदनशील सङ्यन्त्रलाई भत्काउने, यसका प्रभावलाई विकृत बनाउने र सर्वसाधारणमा रहेको समर्थनको अवमूल्यन हुने गरी यसलाई थप दुर्बल बनाउने जोखिमहरू पनि छन् ।

## सबल पक्ष

समृद्धि : पुँजीवादका पक्षमा मुख्य तर्क के हो भने अहिलेको जस्तो कडा नियमन भएको अवस्थामा यसले समृद्धिलाई बल दिन्छ, खासगरी अति गरिबको समृद्धिलाई । पछिल्लो विश्वव्यापीकरणले अर्बौं मानिसलाई चरम गरिबीबाट उतारेको छ, आय तथा सम्पत्ति बढाएको छ, स्वास्थ्य सेवा र अपेक्षित आयुमा सुधार ल्याएको छ, शिशु मृत्युदर घटाएको छ, साक्षरता र गणित कौशल (खासगरी महिलामाझ) बढाएको छ र अरू धेरै मानवीय सुधार ल्याएको छ ।

यसबाहेक, विश्वभरको पुँजीमा पहुँचले उदीयमान अर्थतन्त्रहरूका व्यवसाय बढी उत्पादनशील भएका छन् । यसले मानिसलाई राम्रा, सस्ता र पर्याप्त स्थानीय उत्पादन खपत गर्न सक्ने बनाएको छ र उनीहरूको आम्दानीमा थप वृद्धि भएको

छ । बढी उत्पादनशीलताले नयाँ व्यवसायलाई सफल हुन सहज बनाउँछ र नयाँ उद्यम स्थापनामा हुने जोखिम घटाउँछ भने नवप्रवर्तन र प्रगतिलाई प्रोत्साहन गर्छ ।

सोचलाई स्वतन्त्रता : उत्पादन कार्यलाई बढी सहज र उत्पादनशील बनाएर, मानिसलाई कठिनाइबाट मुक्त बनाउने वस्तुको आपूर्ति गरेर, मानिसलाई दैनिक गुजाराको चिन्ताबाट मुक्त बनाउने सम्पत्तिको सिर्जना गरेर पुँजीवादले मानिसलाई उसको सोचलाई उसले बढी मूल्यवान ठान्ने चिज तर्फ लगाउन र उसको बुद्धीलाई अरू समस्या समाधानमा प्रयोग गर्ने मौका दिन्छ । यसरी धेरैको दिमागलाई आफू कसरी बाँच्ने भन्ने उल्झनबाट स्वतन्त्रता प्राप्त हुँदा त्यसले पक्कै पनि प्रगतिलाई प्रोत्साहन गर्छ । थरीथरी मानिसका थरीथरी योजनाहरू वस्तुको बजारमा परीक्षण गर्न सकिन्छ,  विचारमा पनि यही लागु हुन्छ । त्यसपछि हामी कुनले काम गर्छ त्यसलाई समाएर काम नगर्नेलाई छोडेर अगाडि बढ्न सक्छौं, एकल राष्ट्रिय योजनामा प्रतिवद्ध भएर भन्दा छिटो गतिमा ।

सबैका आ–आफ्नै आदर्शलोकयुक्त पुँजीवाद बहुलवादी हुन्छ । अमेरिकी दर्शनशास्त्री जेसन ब्रेननका अनुसार पुँजीवादले एउटा नभएर धेरै आदर्शलोकलाई प्रोत्साहन गर्छ । फरक मानिसले आफ्ना रोजाई अनुसार फरक किसिमका आकांक्षा र पेशा अँगाल्न सक्छन् । उनीहरूले कुनै साझा परियोजनाका लागि सरकारले तोकिदिएको भूमिका पर्खिरहनु पर्दैन । अरू कसैलाई उनीहरूको स्वर्ग बनाउने कार्यमा रोक नलगाइकन आफ्नै स्वर्ग बनाउन सक्छन । मात्र उनीहरू एकअर्कासँग मिलेर अघि बढ्नुपर्छ मार्क्सले भने जस्तो बुर्जुआ वर्गले जसरी अरूको शोषण गर्न पर्दैन । पुँजीवादले धेरै थरी फुल फुल्ने मौका दिन्छ ।

मानवीय स्वभावः पुँजीवादको जरो मानवीय स्वभावमा गडेको हुन्छ । आफ्नो सम्पत्तिसँग मानिसको बलियो लगाव हुन्छ । उनीहरूका

लागि आफ्नो आधिपत्यको ठूलो महत्व हुन्छ र यसले उनीहरूका लागि भौतिक मूल्यभन्दा वृहत अर्थ राख्छ । मानिसले आफुले गरेको वाचा पुरा गर्छन् भन्ने कुरा जस्तै न्याय सम्बन्धी हाम्रो धारणा पनि उत्तिकै गहिरो छ । मानिस स्वतन्त्रतापूर्वक बाँच्न चाहन्छन्, आफुले चाहेजसरी काम गर्न चाहन्छन् र अरू मानिसहरूसँग शान्तिपूर्वक बस्न चाहन्छन् । उनीहरू आफ्नो र परिवारको अवस्थामा सुधार ल्याउन चाहन्छन् । यी भनेका पुँजीवादका जग हुन । त्यसैले यो अनौठो कुरा होइन कि सबैभन्दा कठोर सामुहिकतावादी मुलुकमा पनि मानिसहरूले आफ्नै सम्पत्ति बनाउन र त्यसको रक्षा गन खोज्छन् र मौका मिल्ने बित्तिकै त्यहाँ बजार अस्तित्वमा आउँछ ।

## दुर्बल पक्ष

राज्यवाद र आसेपासेवाद : आजकल भन्ने गरिएको "पुँजीवाद"को पक्षपोषण गर्न गाह्रो छ । जसलाई आजकल विश्वका अधिकांश भागमा "पुँजीवाद" भनिएको छ त्यो वास्तवमा मिश्रित अर्थतन्त्र हो जसमा निजी क्षेत्रलाई चर्को कर लगाइन्छ र कडा नियमन गरिन्छ, आधाभन्दा बढी राष्ट्रिय आम्दानी सरकारको हातमा हुन्छ, स्वास्थ्य, शिक्षा, सार्वजनिक उपयोग, रेल यातायात, हुलाकजस्ता महत्वपूर्ण क्षेत्रमा सरकारी उद्यमलाई एकाधिकार वा सो सरहको अधिकार प्राप्त हुन्छ । प्रायः यी व्यवस्थाहरू आसेपासे अर्थतन्त्र हुन् जहाँ ठूला व्यवसायीले राजनीतिकर्मीको कृपाबाट (कतिपय अवस्थामा आर्थिक लाभ नै दिएर) आफ्नो आर्थिक शक्ति बढाएका हुन्छन् ।

सोभियत सङ्घ, माओकालिन चीन, उत्तर कोरिया वा क्युबामा चलेको "समाजवाद" को रक्षा गर्न पनि उत्तिकै गाह्रो हुन्छ जहाँ जवाफदेहिता र लोकतन्त्रको अभाव छ र तानाशाही, पार्टीका सम्भ्रान्त,आमसङ्हार र भोकमरीले करोडौंको ज्यान जो गएको छ ।

यिनीहरू बीचको भिन्नता के हो भने आसेपासेवाद पुँजीवादको अभिन्न पक्ष होइन तर माथि उल्लेख गरिएका विकृतिहरू समाजवादका अभिन्न पक्ष हुन । किनकि पुँजीवाद व्यक्तिगत स्वतन्त्रता र स्वेच्छिक विनिमयको सिद्धान्तमा आधारित हुन्छ । यस बिपरीत समाजवादका लागि राजनीतिक शक्तिको उपस्थिति आवश्यक हुन्छ जसले सम्पूर्ण आर्थिक गतिविधिलाई निर्देशन गर्छ । पुँजीवादमा सबैजना एउटा कुरामा सहमत हुनै पर्छ भन्ने छैन । मानिसहरू आफ्नो चासोको काम मात्रै गर्न सक्छन् र अरूको सहमतिबिनै आफ्नो रोजाइको उद्यम गर्न सक्छन, उपभोग गर्न सक्छन् । तर समाजवादले सामूहिक लक्ष्यको मान्यता राख्छ, यसको प्राप्तिका लागि सामूहिक माध्यम आवश्यक हुन्छ, सबैजनाको सहमति चाहिन्छ । असहमतहरू पनि जबर्जस्ती सामूहिक उद्यममा सहभागी हुनै पर्छ ।

पुँजीवाद विविधता र छनौटमा आधारित हुन्छ भने समाजवाद अनुपालन र शक्तिमा । अनुपालन प्रगतिको मित्र होइन, शक्तिले असाध्यै जनमुखी सोच भएको व्यक्तिलाई समेत भ्रष्ट बनाउँछ भने यसलाई सबैभन्दा निर्दयी ढंगले प्रयोग गर्न सक्नेलाई आकर्षण गर्छ । "शुद्ध" पुँजीवादमा व्यवसायीहरूले खुला प्रतिस्पर्धामा उपभोक्तालाई सेवा गरेर मात्र उन्नति गर्न सक्ने कल्पना गर्न सकिन्छ र तिनीहरूलाई राज्यबाट कुनै पनि कृपा प्राप्त हुँदैन । तर "शुद्ध" समाजवादमा राज्यशक्तिको कुनै बल प्रयोग नगरी सबैजना आफूखुसी सामूहिक व्यवसायमा सहभागी हुन्छन भन्ने कल्पना गर्न सकिँदैन ।

व्यावसायिक पाखण्ड : राजनीतिकर्मीले आफ्ना आसेपासेलाई कृपा गर्ने शक्तिले नै व्यवसायीहरू पुँजीवादका सबैभन्दा कमजोर रक्षक वा अझ सबैभन्दा ठूला दुश्मन हुन् भन्ने बताउँछ । व्यावसायिक सङ्स्थाहरूले आफ्नो क्षेत्रमा प्रतिस्पर्धालाई समर्थन

गर्ने कुरा दुर्लभ हुन्छ । यस बिपरीत उनीहरू प्रतिस्पर्धालाई रोक्न नियमनको माग गर्छन् त्यसो गर्दा उनीहरूले सर्वसाधारणलाई खतरनाक व्यवसायीबाट रक्षा गरेको दाबी गरेका हुन्छन् । उनीहरूले "पुँजीवाद"को समर्थनमावकालत गरे पनि राजनीतिकर्मीबाट अनुदान, सहयोग, राहत र अरू किसिमका सहुलियत उपहारका रूपमा प्राप्त गर्ने गरी तर्क गर्न सिपालु हुन्छन् ।

उद्यमशीलता तथा खुला बजारबाट सर्वसाधारणले प्राप्त गर्ने लाभलाई ब्याख्या गर्न नसक्ने व्यवसायीहरूको अक्षमता (अनिच्छा) नै पुँजीवादको सबैभन्दा ठूलो कमजोरी तथा खतरा हो । पुँजीवादलाई आसेपासेवादसँग मिसाएर ती कथित पक्षधरले पुँजीवादी मुद्दाको हित गर्दैनन् । यसैपनि पुँजीवादी अवधारणा बुझ्न यत्तिकै जटिल छ । सरकारी हस्तक्षेपको तात्कालिक लाभ तुरून्तै पहिल्याउन त सकिन्छ, तर बजार तथा प्रतिस्पर्धालाई काम गर्न दिँदाको दीर्घकालिन लाभ सजिलै बुझिँदैन । थोरै मानिसले मात्र बजार व्यवस्था कति सङ्वेदनशील छ र ससानो राजनीतिक हस्तक्षेपले मात्र पनि कसरी अव्यवस्थित बनाइदिन सक्छ भन्ने बुझेका हुन्छन ्।

झुठा व्याख्या : हालका अधिकांश विकसित अर्थतन्त्र यथार्थमा मिश्रित अर्थतन्त्र भएकाले कुन घटना पुँजीवादकै कारणले भएको हो र कुन राजनीतिक हस्तक्षेपले बिग्रिएको हो भन्ने छुट्याउन धेरैलाई कठिन हुन्छ । उदाहरणका लागि धेरैजसो राजनीतिकर्मी र सर्वसाधारणले २००७/०८ को आर्थिक सङ्कट पुँजीवाद र यसले बनाएका "लोभी बैंकरहरू" ले सिर्जना गरेका हुन् भन्ने विश्वास गर्छन् । तर पुँजीवादका समर्थकहरू दशकौंको न्यून ब्याज दर, खुकुलो मौद्रिक नीति, खराब कर्जाको जोखिम राम्ररी थाहा नपाएका गरिब परिवारलाई सहज ऋण प्रदान गर्ने गरी बैंकहरूका लागि अमेरिकी सरकारको (असल नियत राखेर बनाएको तर गलत) नियमनले उब्जाएको हो भनेर जवाफ दिन्छन् । यसले

कमसल धितोमा घरजग्गा कर्जा प्रवाह भएको र धेरै वित्तीय सङ्स्थालाई धराशायी बनाएको उनीहरूको तर्क हुन्छ । उनीहरूले यो सङ्कटलाई सम्बोधन गर्ने सरकारको तरिका गलत भएको औंल्याएका थिए । धराशयी बैंकहरूको पुनरूत्थान गर्दा, मौद्रिक आपूर्ति बढ्ने, कर्जाको लागत झन घट्ने र यसका कारण समस्या झन लम्बिदै जाने र आर्थिक गतिहिनता आइलाग्ने बताएका थिए । बैंकहरूलाई प्रतिस्पर्धा गर्न लगाउने, दिगो मौद्रिक तथा कर्जा नीति कार्यान्वयनमा ल्याउने र बजारलाई नै स्वस्थ अर्थतन्त्र निर्माण गर्न दिनुपर्ने उनीहरूले बताएका थिए ।

त्यसैले वित्तीय सङ्कट बारेमा प्रचलित व्याख्या गलत हो । तर २००७/०८ को घटना र त्यसको गलत उपचारले, त्यसपछिको लामो समयसम्म न्यून वृद्धिले पुँजीवाद र खुला बजार बारे व्यापक भ्रम सिर्जना गऱ्यो । झन् बढी नियन्त्रण, थप नियमन र सरकारी हस्तक्षेपको माग हुन थाल्यो । निसन्देह, यी सबै कुराले पुँजीवादलाई गम्भीर रूपमा कमजोर बनायो ।

## अवसर

पुँजीवादको विस्तारः यति हुँदाहुँदै पनि पुँजीवाद विस्तार भइरहेको छ । कुनैबेला दुनियाँलाई नै साम्यवादले ढाक्छ भन्ने लाग्थ्यो भने अहिले पुँजीवाद छिर्न नसकेको सङ्सारको थोरै मात्र भाग छ । सन १९९० को पूर्वार्द्धमा सोभियत सङ्घको पतनपछि एसिया, पूर्वी युरोप, र अफ्रिकाका धेरैजसो मुलुकले आफलाई विश्व व्यापार सञ्जालमा जोड्ने र जनताले स्वतन्त्र रूपमा आफ्नै उद्योग तथा व्यवसाय गर्न सक्ने गरी सुधारलाई सङ्स्थागत गरेका थिए । यसले एक नयाँ मध्यम वर्गको सिर्जना गरेको थियो, जसमा मानिसहरू पुँजीवादी प्रकृतिको व्यवसाय सञ्चालन गर्न वा तीनमा काम गर्न सक्ने भएका थिए र त्यस किसिमको थप स्वतन्त्रता र समृद्धिको चाहना राख्ने भएका थिए ।

बजार अझ बढी खुला भएका कारण र विश्व सञ्चार र यातायातमा भएको आधुनिकीकरणका कारण यो परिवर्तनले अझै गति लिने निश्चित छ । स्वतन्त्र व्यापारका कारण घरेलु रोजगारी अवसर गुम्ने चिन्ता राजनीतिकर्मीले गर्न सक्छन, तर अर्थशास्त्रीहरूले यसको लाभ देखेका हुन्छन । अहिले विश्वको अधिकांश जनसङ्ख्या उनीहरूले उपभोग गरिरहेको सस्तो र उच्च गुणस्तरीय वस्तुका लागि पुँजीवाद र व्यापारमा निर्भर छ ।

गरिबको सशक्तीकरणः यो विकासमा अत्यन्त गरिबले भाग लिन सक्छन् भन्ने सुनिश्चित गर्न अवसर र चुनौती दुवै हो । उदाहरणका लागि गरिब मुलुकमा जनताहरू बढी बचत गर्ने किसिमका हुन्छन्, खासगरी यस्तो बचत अनुत्पादक रूपमा नगदमा राख्ने चलन हुन्छ । पेरूका अर्थशास्त्री हर्नान्डो डे सोतो पोलार (१९४१–) ले औंल्याए झैं सङ्सारका अति गरिबले त्यस्ता ठाउँमा घर बनाउन सक्छन् जहाँ उनीहरूको वैधानिक अधिकार हुँदैन । उनीहरू त्यस्ता क्षेत्रमा व्यवसाय गर्छन् जहाँ राज्यले तोकेको विस्तृत अनुमति उनीहरूसँग हुँदैन । उनीहरूको घर तथा व्यवसायको वैधानिक आधार नहुँदा त्यसलाई धितो राखेर कर्जा लिने वा अरू करार गरी व्यवसाय विस्तार गर्ने र उनीहरूले वास्तविक वित्तीय सुरक्षा हासिल गर्न सक्दैनन् । यद्यपि राज्यले उनीहरूलाई जमिनमा स्वामित्व प्रदान गरेर, व्यवसायका नियमनलाई सरल र व्यवहारिक बनाएर उनीहरूको समृद्धिमा सहयोग गर्न सक्छ, उनीहरूको बचतलाई उत्पादनमूलक पुँजीमा रूपान्तरण गर्न, र आफ्नो मुलुकको अर्थतन्त्रमा वास्तविक हिस्सेदारी प्रदान गर्न सक्छ ।

भौगोलिक तथा नैतिक सीमाः पुँजीवाद तथा नयाँ बजार विस्तारका लागि कुनै प्राकृतिक सीमा छैन । आविष्कार माथि आविष्कार निरन्तर भइरहन सक्छ, जसले उद्यमीहरूलाई दूरदराजका, धेरै टाढाटाढाका मानिसका आवश्यकता तथा चाहनाहरूलाई अझ

राम्ररी, सस्तो र छिटो पूर्ति गर्ने नयाँ अवसर सिर्जना गर्छ । यस किसिमको स्वतन्त्रताले हामीलाई कहाँ पुऱ्याउँछ भन्ने हामी कसैलाई थाहा हुँदैन र यसले निराशावादी र योजनाकारहरूलाई चिन्तित बनाउन सक्छ । तर मानव जातीको ठूलो हिस्साका सर्वसाधारण र आशावादीहरूलाई यसले उत्साही बनाउँछ ।

अवसर भौतिक लाभमा मात्रै सीमित हुँदैन । स्वामित्वको, स्वतन्त्रताको खुलापनको, शान्ति र बलप्रयोग निषेधको मूल्य पुँजीवादी प्याकेजका अंश हुन यसलाई बजार तथा व्यापारको विस्तारले बलियो बनाएको हुन्छ । यसैलाई नैतिक उपलब्धि मानिनुपर्छ जसले मानवीय उत्साहलाई उन्नत बनाउँछ ।

## जोखिम

बुद्धीजीवी : पुँजीवादलाई सबैभन्दा धेरै जोखिम सम्भवत बुद्धीजीवी वर्गबाट छ । उनीहरूको उद्देश्य जनपक्षीय होस कि नहोस्, उनीहरूलाई आफू बजारबाट अवमूल्यन भएको ठान्छन् वा एउटा काल्पनिक आर्थिक व्यवस्थासँग आफुलाई आवद्ध गराउँछन् वा अरूले विवेकशील ढंगले छनोट गर्छन भन्ने कुरामा विश्वास गर्दैनन् । जेसुकै भए पनि सर्वसाधारण र राजनीतिकर्मीले बुद्धीजीवीलाई सुसूचित र ज्ञानी मानेका हुन्छन् अनि उनीहरूले गर्ने पुँजीवादको आलोचनालाई स्वीकार गर्छन् र पुँजीवादको राम्रै मर्म्मत हुनुपर्छ भन्ने ठान्छन् ।

तर बुद्धीजीवीहरूले पुँजीवादको स्वभाव र यसको जटिल कार्यप्रणालीलाई कमै बुझेका हुन्छन र उनीहरूमा यस सम्बन्धी व्यक्तिगत अनुभवको पनि कमी हुन्छ । त्यसैले प्रायः उनीहरू यसमा रहेका समस्याहरूको परिकल्पना गर्छन, कारणहरूको गलत निदान गर्छन र गलत उपचार सिफारिस गर्छन् ।

पाठ्यपुस्तकका गल्तीः उदाहरणका लागि धेरै बुद्धीजीवीहरू पाठ्यपुस्तकमा लेखिएको "पूर्ण प्रतिस्पर्धा" को मोडलमा मग्न हुन्छन् जसमा ठूलो सङ्ख्याका बिक्रेताहरूले एकनाशको वस्तु बिक्री गरिरहेका हुन्छन् । त्यसैले उनीहरू बजार मूल्य वा बजार हिस्सामा आउने परिवर्तनलाई गल्ती हो भन्ठान्छन् । उदाहरणका लागि कुनै सुपर मार्केटको तीब्र विस्तारलाई उनीहरूले "अपूर्ण" बजारको सङ्केतका रूपमा लिएका हुन्छन । यस्तोमा उक्त सुपर मार्केटले दिएको सेवा उपभोक्ताले मन पराइरहेका छन भन्ने सरल बुझाई उनीहरूलाई मान्य हुँदैन । त्यही सुपर मार्केटले मूल्य घटायो भने प्रतिस्पर्धीलाई पछार्ने रणनीतिका रूपमा बुझिन्छ, तीब्र रूपमा परिवर्तनशील बजारमा उपभोक्तालाई जित्ने प्रयासका रूपमा लिइँदैन । फलस्वरूप कुनै फर्मको विस्तार तथा मूल्यलाई नियन्त्रण गरी उनीहरूको कल्पनामा रहेको "पूर्ण प्रतिस्पर्धा" लाई पुनर्स्थापित गर्नुपर्छ भन्ने माग गर्छन ।  उनीहरूले बुझेका हुदैनन् भने आर्थिक जीवन अपूर्ण भएकैले प्रतिस्पर्धा चल्छ, जहाँ फर्मले त्यो अन्तर पूर्ति गर्ने प्रयास गर्छन, अरूको भन्दा फरक, राम्रो र सस्तो प्रस्ताव गर्छन, र अरूको जस्तै एक समान उत्पादन ल्याउदैनन् अनि प्रतिस्पर्धाले काम गर्छ ।

लोकप्रियतावाद : पुँजीवादलाई राज्य समाजवादले परास्त गर्छ भन्ने जोखिम सन १९९० दशकअघिको तुलनामा अहिले धेरै कम भएको छ । समाजवाद अहिले एउटा भव्य सङ्रचना भन्दा पनि पुँजीवाद सञ्चालन र यसले पैदा गरेका असमानताजस्ता नतिजाका बारेमा गुनासोको शृंखला भएको छ । तर पुँजीवादले कहिल्यै पनि सबै सामाजिक समस्या हल गर्ने वाचा गरेको थिएन न यसले त्यसो गर्न सक्छ नै । यसको मुल मान्यता आर्थिक वस्तुको उत्पादन तथा वितरण सबैभन्दा दक्ष तरिकाले गर्न सकिन्छ भन्ने हो । आलोचना गरिएका धेरैजसो नतिजाहरू वास्तवमा सरकारी

हस्तक्षेपले निम्त्याएका हुन, पुँजीवादले होइन । लोकप्रियतावादी राजनीतिले समस्याका बारेमा गर्ने अति सामान्य निदान र समाधानको उपायका कारण आर्थिक हस्तक्षेपहरूलाई बढाउँदै लगेको छ । हामी उत्पादनशील सम्पत्तिहरू राज्यको स्वामित्वमा हुने अवधारणाबाट राज्यको नियन्त्रणमा हुने यथार्थतर्फ अघि बढिरहेका छौं । यस किसिमको राजनीतिक हस्तक्षेपले सच्याउनै नसकिने नतिजा आइलाग्यो भने अचम्भित नभए हुन्छ ।

बढ्दो नियन्त्रण : तथापि नियमन बढिरहेकै हुन्छ । यसका धेरै कारण छनः उदाहरणका लागि तिनलाई लागु गर्न सरकारी निकाय आवश्यक हुन्छ, ती निकायहरूको आफ्नो भूमिका विस्तार गर्ने आफ्नै स्वाभाविक स्वार्थ हुन्छ, र यी आफै नयाँ र अझ जटिल नियमनका स्रोतहरू बन्छन् ।

जब सरकार अझै ठूलो र महत्वपूर्ण आर्थिक खेलाडी बन्छ तब कुतखोरीको, आसेपासेवादको तथा भ्रष्टाचारको अवसर मौलाउँछ र पैरवी गर्दाको सम्भावित लाभ बढ्छ । आफ्नो शक्ति, प्रतिष्ठा र अधिकार बढ्दै जाँदा राजनीतिकर्मीहरूले आर्थिक तथा सामाजिक जीवनमा आफ्नै मान्यता लाद्न मन पराउँछन् मतदातामाझ आफ्ना गुणहरूको प्रचार गर्छन् र यसैमा पुनः निर्वाचित हुने कुरा निर्भर रहन्छ ।

यो सब दुर्भाग्यपूर्ण कुरा हो र यो भन्दा खराब कुरा के हो भने नियमन सधैं प्रत्युत्पादक हुन्छ । खासगरी हस्तक्षेपको दीर्घकालिन असरलाई ठीकसँग बुझिएको हुँदैन र कहिलेकाही मात्र त्यसमा ध्यान दिइएको हुन्छ । उदाहरणका लागि न्यूनतम ज्यालाको कानुनलाई हेर्दा यो गरिबका पक्षमा बनेको जस्तो देखिन्छ तर यसको उल्टो असर हुन्छ । सम्भावित गरिबले यसको मूल्य चुकाउनुपर्छ र यसले अनुभवहीन युवा तथा अदक्ष कामदारलाई रोजगारीबाट हटाउँछ । यसैगरी नयाँ औषधी परीक्षणका लागि

लामो प्रक्रिया पूरा गर्नुपर्छ अर्कोतिर परक्षिण नगरिएकै औषधीले पनि धेरैको ज्यान जोगाउन सक्छ, अत्यन्तै सिकिस्त बिरामीलाई पनि नयाँ औषधी प्रयोग गर्न दिइन्न, दिने हो भने उनीहरू बाँच्न सक्छन् । भाडा नियन्त्रण गर्ने नीतिले सबैका लागि आवास सुलभ बनाउने देखिन्छ तर यसले सम्पत्तिबाट प्राप्त हुने प्रतिफललाई घटाइदिन्छ अनि घरधनीहरू आफ्नो घर वा कार्यालय भाडामा लगाउने कुरामा रूचि देखाउदैनन् वा तिनको राम्रो मर्मतसम्भार गर्दैनन् ।

यी नतिजाहरूका लागि राजनीतिकर्मीलाई नभएर बिचरो पुँजीवादलाई दोष लगाइन्छ । यसले व्यर्थैमा झन्झन् धेरै नियमनलाई निम्त्याउँछ । एक पटक नियम कार्यान्वयनमा आएपछि हटाउन गाह्रो हुन्छ, किनकी त्यसले ती कानुनमा निर्भर रहने स्वार्थ समूह सिर्जना गरेको हुन्छ । उदाहरणका लागि भाडा नियन्त्रणका कारण सस्तो भाडामा बस्न पाएकाहरू । कानुन कार्यान्वयन गर्ने अधिकारीको त कुरै नगरौं । यस किसिमको विस्तारित र फैलिएको नियमनले पुँजीवादको भविष्यलाई गम्भीर जोखिममा पार्छ ।

## पुँजीवादको दीगोपन

पुँजीवादको सबैभन्दा उल्लेख्य पक्ष यसको प्रतिरोधी र टिकाउपन नै हो । कुनै न कुनै रूपमा शताब्दीयौं देखि यो हामीसँगै छ । समूहवादी नभई व्यक्तिवादी सामाजिक व्यवस्था भएकाले यसले व्यक्तिलाई जिन्दगीले जुनसुकै सामाजिक राजनीतिक तथा प्राविधिक परिस्थितिमा पुर्‍याए पनि त्यसलाई आफै स्वतःस्फुर्त रूपमा व्यवहार गर्न सक्षम बनाउँछ । प्रत्येक व्यक्तिको सिर्जनशील प्रतिभालाई उपयोग गरेर यसले अत्यन्तै ध्वंसकारी राजनीतिक हस्तक्षेपमा पनि आफूलाई बचाउन सक्छ, व्यर्थका नियमन, गलत आर्थिक नीति अथवा सम्पूर्ण रूपमा राज्य योजना र नियन्त्रणमा पनि ।

निसन्देह अहिले राजनीतिकरण गरिएको पुँजीवादी सङ्स्करणलाई सुधारेर लैजान सकिन्छ, यसलाई राजनीति र राज्य हस्तक्षेपबाट अलग्याउन सकिन्छ र मुक्त गरेर कार्यशील बनाउन सकिन्छ, अनि यसको प्रणालीगत र सबैलाई समेट्ने शैलीलाई सबैको हितमा लगाउन सकिन्छ। तर असली पुँजीवाद बिना मानव जातीको समृद्ध तथा उदार भविष्य देख्न कठिन हुन्छ ।

# १२. थप सामग्री

## शत्रुवत परिचय

उल्लेख्य कुरा के छ भने पुँजीवादका सम्बन्धमा दिइएका धेरैजसो कथित परिचयहरू वास्तवमा कार्ल मार्क्सको ऐतिहासिक विश्लेषणमा आधारित आलोचनाहरू हुन् ।

उदाहरणका लागि जेम्स फुलचरको क्यापिटलिज्मः ए भेरी सर्ट इन्ट्रोडक्सन (२००४) हो जसमा नाफा, ज्याला प्रणाली, शोषण, सहरी गरिबी र ऐतिहासिक मूलप्रवृत्तिलाई हेर्ने मार्क्सको दृष्टिकोणको झल्को पाइन्छ र सोही विचार आशक्तिलाई वर्तमान वित्तीय अस्थिरता तथा विश्वव्यापीकरणमा लागु हुन्छ भन्न खोजिएको छ । तर यसले पुँजीवाद के हो, यसले वास्तवमा कसरी काम गर्छ भन्न सकेको छैन ।

विकिपिडयामा पुँजीवादको प्रविष्टि (https://en.wikipedia.org/wiki/Capitalism) खोज्ने हो भने त्यहाँ धेरै लेखकले लेखेको लथालिङ्ग लेखोट फेला पर्छ जसमा उनीहरूले पनि मूलतः मार्क्सवादी दृष्टिकोणलाई नै स्वीकार गरेको देखिन्छ । यसको उठान पुँजीवादको मार्क्सवादी परिभाषाबाट भएको छ, अनि उनीहरूको ऐतिहासिक दृष्टिकोण, पुँजीवादको किसिम तथा विशेषताहरू, बजार, सम्पत्ति तथा नाफा, वित्तीय पुँजी, एकाधिकार, पुँजीवाद

तथा युद्ध, फेरि पुँजीवादका प्रकार, सरकारको भूमिका तथा अझ बढी आलोचना गरिएको छ, थोरै मात्र प्रतिवादी कुराहरू राखिएको छ यसले पाठकलाई बडो अलमलमा पुऱ्याउँछ ।

हा-जुन चाङको ट्वेन्टी थ्रि थिङ्स दे डोन्ट टेल यु एबाउट क्यापिटलिज्म (२०११) एउटा निवन्धहरूको सङ्ग्रह हो, जसले पुँजीवाद खराबहरूमध्येको सबैभन्दा राम्रो व्यवस्था हो यसलाई नियन्त्रण र नियमन गर्नुपर्छ भन्ने किसिमले व्याख्या गरेको छ। यसले व्यवसायहरू अल्पकालीन हुन्छन्, विश्वव्यापीकरणका उपलब्धि कम छन्, धन धनीसँग मात्रै रहिरहन्छ, पुँजीवाद कम दक्ष बन्दै गएको छ र खुला बजार अस्तित्वमै छैन आदि तर्क गरेको छ । चाङको पुस्तकलाई टिम वोर्स्टलको ट्वेन्टी थ्री थिङ्स वी आर टेलिङ यु एबाउट क्यापिटलिज्म (२०१४, http://tinyurl.com/y8fxth82) सँगै पढ्नुपर्छ। यसले राजनीतिकर्मी झनै अल्पकालिन सोच राख्ने हुन्छन्, सङ्रक्षणवाद र शक्तिको आडमा भएका चिजहरू टिकाउ हुँदैनन, नियमनले आसेपासेवादलाई प्रोत्साहन गर्छ, ठूलो सरकार कुनै पनि हिसाबले प्रगतिशील र खुला बजार जत्ति लचिलो हुँदैन आदि तर्कहरूमार्फत प्रतिवाद गरेको छ ।

## मित्रवत परिचय

पुँजीवादका बारेमा धेरै बुझेका र यसलाई व्याख्या गर्न सक्ने सम्भावना बढी भएका समर्थकहरूले पनि उपयोगी परिचय लेखेका छन् । यस सम्बन्धी थालनीका लागि सबैभन्दा राम्रो सम्भवतः सबैभन्दा प्रभावशाली मिल्टन र रोज फ्रिडम्यानको फ्रि टु चुज नामको भिडियो शृंखला र पुस्तक (१९८०) हो । यसले सबल र आकर्षक ढंगले अहस्तक्षेपको खुला नीतिको रक्षा गरेको छ, स्वतन्त्रता र आर्थिक उन्नतिको सम्बन्ध देखाएको छ र उच्च दरको कर, सरकारी विद्यालय तथा अन्य सेवाहरूको खस्किदो स्तर,

मौद्रिक नीति तथा कल्याणकारी कार्यक्रम (जहाँ फ्रिडम्यानले नकारात्मक करको प्रस्ताव गरेका छन्) लगायतका धेरै नीतिगत सवालहरूको चर्चा गरेको छ ।

यी दुई लेखकले पहिले सङ्युक्त रूपमा क्यापिटलिज्म एन्ड फ्रिडम (१९६२) लेखेका थिए । यद्यपि यसमा उल्लेख केही नीतिगत सामग्रीहरू पुराना भएका छन् (त्यतिबेला असाध्यै महँगी भएकाले मौद्रिक नीतिको चर्चा बढी छ) तथापि एकाधिकार निर्माणमा सरकारको भूमिका, पुँजीवादले कसरी विभेद कम गर्छ, नियमनले सर्वसाधारणको भन्दा सेवा प्रदायकको हित कसरी गर्छ र आर्थिक स्वतन्त्रताको महत्व जस्ता उपयोगी विषय यसमा छन् ।

रोबर्ट हेसेनले अनलाइन लाइब्रेरी अफ इकोनोमिक्स एन्ड लिबर्टी (http://www.econlib.org/library/Enc/Capitalism.html) मा पुँजीवादको छोटो परिचय दिएका छन् । यसमा "पुँजीवाद" लाई एक शत्रुवत शब्दका रूपमा प्रयोगमा ल्याइएकाले सर्वसाधारणलाई पुँजीपतिले उन्नाइसौ शताब्दीको बेलायती कालो औद्योगिक नगरीतर्फ फर्काउन खोज्छन भन्ने बुझाई मानिसहरूमा बनेको उनले देखाएका छन् । यसको उपचार मानिएको कथित समाजवादी सहमति र सौहार्दपूर्ण आदर्शलोकले काम गरेन, त्यसैले मार्क्सले पुँजीवाद असफल हुने प्रक्षेपण गर्दै "वैज्ञानिक" समाजवाद बनाए । जब पुँजीवाद अघि बढिरह्यो, तब आलोचकहरू फरक्क फर्केर पुँजीवाद बढी भौतिकवादी भयो, शोषण गर्न थाल्यो भनेर गुनासो गर्न थाले । हेसन लेख्छन् – दुःखको कुरा, पश्चिमाहरूले आफ्नै प्रणाली के हो भन्ने बुझेनन् र यसको रक्षा गर्ने कुरामा कमजोर भए ।

अलि बढी दार्शनिक पक्षलाई जोड दिइएको जेसन ब्रेननको ह्वाइ नट क्यापिटालिज्म ? (२०१४) मा समाजवादी र पुँजीवादी नैतिकताको तुलना गरिएको छ, यसमा समाजवादी दृष्टिकोण

अन्तर्निहित रूपमै पुँजीवादभन्दा बढी गुणकारी नभएको तर्क गरिएको छ । बरू, यस बिपरीत पुँजीवाद स्वेच्छिक सहकार्य, आपसी सम्मान तथा अर्काको ख्याल गर्ने कुराहरूमा आधारित हुन्छ । समाजवादजस्तो यसका सिद्धान्तले सानो समाजमा काम गर्ने वृहत समाजमा काम नगर्ने भन्ने हुँदैन । यसले स्रोतहरूको रक्षा तथा वृद्धि पनि गर्छ । यसले मानिसहरूलाई उन्नत बनाउँछ, अभिव्यक्त गर्न सक्ने तुल्याउँछ र उनीहरूका आफ्नै युटोपियाको खोजीमा लाग्ने बाटो खोलिदिन्छ ।

आर्थर सेल्डनको क्यापिटलिज्म : अ कन्डेन्स्ड भर्सन (२००७) सन १९९० मा प्रकाशित पुस्तकको सङ्क्षिप्त सङ्स्करण भएकाले केही पुरानो पुस्तक हो । तर यसले आम मान्यता भन्दा फरक किसिमले औद्योगिक क्रान्तिबाट मानिसहरूले कसरी झुपडीको ठाउँमा घर पाए, थोत्रा जडौरीका सट्टा सस्ता कपडा पाए, छोटो काम गर्ने समय, सरसफाइमा सुधार लगायतका अरू थुप्रै लाभ पाए भन्ने विषयको चर्चा गरेको छ । तत्पश्चात यसले सम्पत्ति, मूल्य प्रणाली, उपभोक्ता अधिकारजस्ता पुँजीवादका आधारभुत पक्षको रूपरेखा दिएको छ भने कल्याणकारी कार्यक्रम, शिक्षा, स्वास्थ्य, आवास राज्यले व्यवस्थापन किन गर्नुपर्दैन भन्ने पनि देखाएको छ ।

क्यापिटलिज्म, डेमोक्रेसी, एन्ड राल्फ्स प्रिटी गुड ग्रोसरी (२००१) मा जोन मुलरले पुँजीवाद र प्रजातन्त्र न आदर्श हुन् न विनाशक, तर यिनीहरूले जे गर्छन् त्यो "ठीकठाकै" भन्ने उनको तर्क गरेका छन् । पुँजीवाद लोभमा आधारित हुन्छ भनिएको छ, तर वास्तवमा यसले इमान्दार, न्यायी, सभ्य, दयालु व्यवहारलाई पुरस्कृत गर्छ । लोकतन्त्र समतामूलक र सहभागीमूलक हुन्छ भनिएको छ तर यो अराजक, असमान र निर्दयी हुन्छ । यी दुवैले हामीलाई स्वतन्त्रता, सुरक्षा र समृद्धि दिन्छन् तर स्वर्ग दिंदैनन् ।

म्याट रिड्लीको प्रवचन, द केस फर फ्रि मार्केट एन्टि क्यापिटालिज्म (२०१७) मा स्वतन्त्र बजार र आसेपासे पुँजीवाद, निगमवाद र एकाधिकार भनेको एउटै होइन भन्ने औंल्याइएको छ । ठूला कम्पनीले "पुँजीवाद" भन्ने शब्दलाई प्रयोग गर्न अयोग्य बनाएका छन् किनभने उनीहरू आर्थिक स्वतन्त्रतामा नभएर सरकारको कृपामा, अनुदानमा, कर छुटमा र नियमनमा निर्भर रहन्छन् । तर आर्थिक स्वतन्त्रताले २० वर्षमा गरिबी आधा घटाएको छ, उत्पादकत्व र परोपकारलाई बढाएको छ, विभेद र असमानतालाई घटाएको छ ।

एमन बटलरको द बेस्ट बुक अन मार्केट (२००८) आर्थिक वैयक्तिकताले कसरी काम गर्छ भन्ने बारे एउटा सङ्क्षिप्त दिग्दर्शन हो । यसले बजारहरू कहिल्यै "पूर्ण" हुदैनन् र यीनको अपूर्णताले पनि सबैलाई कसरी जागृत गराउँछ भन्ने देखाएको छ । हो, बजार असफल हुन्छन, तर सरकारको असफलता अझ खराब हुन्छ । विनिमयले मूल्य अभिवृद्धि गर्छ, नियन्त्रणले यसलाई नाश गर्छ । स्रोतहरूलाई डोर्‍याउने मूल्य तथा प्रतिस्पर्धाको भूमिका, इमान्दारिता तथा सम्पत्तिको भूमिका र बजारको नैतिकतालाई पुस्तकमा समेटिएको छ ।

पिटर बर्जरको द क्यापिटलिस्ट रिभोलुसन (१९८६) ले सम्पत्ति, पुँजीगत वस्तु, खुला बजार, सम्पत्तिको स्वचालित विनियोजन, अनुमानयोग्य कानुनी व्यवस्था जस्ता पुँजीवादका विशेषताहरू कसरी दक्षता र प्रगतिलाई प्रवर्द्धन गर्ने सन्दर्भमा सङ्गतिपूर्ण छन् भन्ने देखाएको छ । बलपूर्वक कार्यान्वयनमा ल्याउनुपर्ने समाजवाद, समाजवादी सपना साकार पार्नका लागि चाहिने दमनकारी नियमभन्दा फरक यसले राजनीतिक शक्तिबाट बचाउने आश्रय दिन्छ । तर पुँजीवाद आफैलै बनाएको तर

त्यसको विरोध गर्ने बुद्धीजीवी, कानुनी विशेषाधिकार खोज्ने स्वार्थी समूहजस्ता भाइरसहरूबाट पीडित हुन्छ ।

द बेनेभोलन्ट नेचर अफ क्यापिटलिज्म (२०१२) मा जर्ज रेइजम्यानले आर्थिक तथा व्यक्तिगत स्वतन्त्रता किन शान्ति, प्रगति तथा सुरक्षाका लागि आवश्यक छन् भन्ने व्याख्या गरेका छन् । पुँजीवादले उपयोगी स्रोतहरूको आपूर्ति बढाउँछ, वातावरणमा सुधार ल्याउँछ र उत्पादकत्वमा व्यापक वृद्धि गर्छ । मूल्य र ब्याजदरले लगानीलाई उच्च मूल्य क्षेत्रतर्फ डोऱ्याउँछ, जसले पुँजीका स्वामी र गैर स्वामी दुवैलाई लाभ पुऱ्याउँछ । पुँजीवाद विवेकशील, गैर अराजक र प्रतिस्पर्धामा आधारित हुन्छ– एकाधिकारमा होइन ।

## पुँजीवाद र गरिबीबारे

पुँजीवादले गरिबी न्यूनीकरणमा कस्तो असर गऱ्यो भन्ने सन्दर्भमा थुप्रै सहानुभुतिपूर्ण पुस्तकहरू पाइन्छन् । जे.पी. फ्लोरूको हेभन्स अन अर्थ (२०१३) ले कसरी आर्थिक उदारीकरणले चिली, न्युजिल्यान्ड, चीन र हङकङको आर्थिक वृद्धि उच्च भयो, गरिबहरू माझ पनि सम्पत्तिको वृद्धि र फैलावटलाई मद्दत गऱ्यो भन्ने देखाएको छ । कर, नियमन तथा केन्द्रीय योजनाले केवल गरिबीलाई लम्ब्याउने उनको निष्कर्ष छ ।

स्विडेनका अर्थशास्त्री योहान नोर्बर्गको इन डिफेन्स अफ ग्लोबल क्यापिटालिज्म (२००१) समृद्धि, शिक्षा, स्वास्थ्य, आयु, जीवित शिशु लगायत धेरै विषयमा व्यापार र पुँजीवादको सकारात्मक प्रभाव देखाउने एउटा उत्कृष्ट कृति हो । तथ्य र तथ्यांकहरूले भरिएको यो पुस्तकले पुँजीवादी र समाजवादी छिमेकी मुलुक (ताइवान र चीन, पूर्व र पश्चिम जर्मनी, दक्षिण र उत्तर कोरिया लगायत) को प्रगतिलाई तुलना गर्दै विश्वव्यापीकरण र

प्रतिस्पर्धाको बृहत लाभलाई प्रस्ट्याएको छ । नोर्बर्गले आफ्नो तर्कलाई उनको प्रोग्रेसः टेन रिजन टु लुक फर्वार्ड टु द फ्युचर (२०१६) मा अद्यावधिक गरेका छन् । यसमा उनले उदारीकरणपछि खाद्यको गुणस्तर, सरसफाई, अपेक्षित आयु, वातावरण, शान्ति, शिक्षा, स्वतन्त्रता तथा समानताका क्षेत्रमा भएका सुधारको रूपरेखा उतारेका छन् ।

हर्नान्डो डे सोतो पोलारको द मिस्ट्रि अफ क्यापिटल (२००१) ले पुँजीवाद तथा सम्पत्ति अधिकारले मूल्यहिन ठानिएको चिजलाई कसरी उत्पादनशील, मूल्यवान पुँजी बनाउन सक्छ भन्ने देखाएको छ । उनले पुस्तकमा आफ्नो जन्मभूमि पेरूमा गरिबहरूले कसरी आफ्ना लागि घर बनाए र व्यवसाय थाले भन्ने उल्लेख गरेका छन् । जमिनमाथि वैधानिक अधिकार नहुँदा त्यो प्रयोगयोग्य "पुँजी" भएन र व्यापार गर्नका लागि आवश्यक अनुमति पनि उनीहरूलाई थिएन । वैधानिक अधिकार प्रदान गरेर यी मृत सम्पत्तिलाई पुँजीमा परिणत गर्न सकिन्छ, गरिब जनतालाई अर्थतन्त्रको हिस्सेदार बनाउन सकिन्छ र विकसित तथा समृद्ध बनाउन सकिन्छ भन्ने उनले तर्क गरेका छन् ।

## दर्शन तथा नैतिकता बारे

टम पाल्मरले सम्पादन गरेको द मोरालिटी अफ क्यापिटलिज्म (२०११) दुई नोबेल बिजेता (भेर्नोन स्मिथ र मारियो वार्गास लोसा) सहित विभिन्न दार्शनिक, लेखक, अर्थशास्त्री तथा थिंक ट्यांकवालाहरूका निबन्धको सङ्ग्रह हो । उनीहरूको तर्क छ – गरिबी निवारणका लागि विदेशी सहायताभन्दा व्यापार राम्रो उपाय हो, तथा पुँजीवाद उच्च नैतिक हो । यो विश्वासमा अडेको हुन्छ लोभमा होइन यसले नवप्रवर्तन र मूल्य सिर्जनालाई प्रोत्साहन

गर्छ, यसले आपसी सम्मान सिर्जना गर्छ र यसले सांस्कृतिक मूल्यलाई प्रोत्साहन तथा रक्षा गर्छ भन्ने तर्क पनि उनीहरूले गरेका छन् ।

माइकल नोभाकको द स्पिरिट अफ डेमोक्रेटिक क्यापिटलिज्म (१९८२) मा पुँजीवादलाई धर्म र मानवीय मर्मको दृष्टिले हेरिएको छ । यसमा लोकतान्त्रिक, बहुलवादी, पुँजीवादी समाजले क्लब, चर्चहरू, परोपकारी सङ्स्था तथा नागरिक समाजका अन्य सङ्स्थाहरू मार्फत हेरचाह गर्ने किसिमको समुदाय निर्माण गर्छ भन्ने तर्क गरिएको छ । तर जब आर्थिक तथा सामाजिक गतिविधिलाई राजनीतिकरण गरिन्छ र अधिकारीहरूले यसको जिम्मेवारी उठाउँछन् तब हाम्रो नैतिक जीवन तथा पूर्णताको अपरिहार्य पक्ष नष्ट हुन्छ ।

आयन रान्डको क्यापिटलिज्म : द अननोन आइडियल (१९६६) विविध विषयहरू समेटिएको निवन्धहरूको एउटा फराकिलो सङ्ग्रह हो जसले रान्डको क्रान्तिकारी पुँजीवादको बलियो समर्थन गर्छ । यसले पुँजीवादको जरो प्रकृति, मानवजातीको अधिकारको विकासक्रम सम्म भेट्छ, युद्ध पुँजीवादले नभएर राज्यवादले निम्त्याउँछ भन्ने तर्क गर्छ, ठूला कम्पनीको शोषणको आलोचना गर्छ, बजारका बारेमा बृहत चर्चा गर्छ, सम्पत्तिका रूपमा प्रतिलिपि तथा बौद्धिक सम्पत्तिको समीक्षा गर्छ र पुँजीवादका "कन्जरभेटिभ" (रूढिवादी) समर्थकहरू यसलाई बुझ्ने, समर्थन र रक्षा गर्ने सन्दर्भमा आत्मघाती रूपमा निकै टाढा रहेका छन् भन्ने तर्क गर्छ ।

**एमन बटलर** बेलायतस्थित एडम स्मिथ इन्स्टिच्युटका निर्देशक हुन् । उनले मिल्टन फ्रिडम्यान, एफ. ए. हायक, लडविग भन मिसस, एडम स्मिथ, अस्ट्रियाली आर्थिक विचारधारा, सार्वजनिक छनोट नीति, बजार अर्थतन्त्र लगायतका विषयमा पुस्तकहरू लेखेका छन् ।

त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर **मुराहरि पराजुलीले** सार्वजनिक नीति र अर्थराजनीतिक विषयमा टिप्पणी गर्ने गरेका छन् ।

फाइनप्रिन्ट बुक्स (गैरआख्यान) www.fineprint.com.np

FP

ISBN: 978-9937-856-38-6

300.00